# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक **'मणिपुरको चिट्ठी ' उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम, नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

वि.सं. २०१० साउन १० गते मेची अञ्चलअन्तर्गत पाँचथर जिल्लाको फलैँचामा जन्मेका गोविन्दराज भट्टराई नेपाली साहित्यका आख्यानकार, निबन्धकार, समालोचक र अनुवादक हुनाका साथै बहुमुखी प्रतिभा कहलिन्छन् । २०३१ साल साउन १५ को **गोरखापत्र**मा 'नदीका दुई किनारा' शीर्षकको कथाबाट नेपाली साहित्यमा कलम चलाएका भट्टराईका हालसम्ममा **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) गरी तीन वटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूमा उनले विदेशमा गएर नेपालीहरूले पाएका दुःखहरूका साथै नेपालमा युवावर्गले भोग्नुपरेका पीडा र व्यथालाई उतारेका छन् ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा आख्यानकार, अनुवादक, निबन्धकार र समालोचकका रूपमा स्थापित भएका भट्टराई नेपाली साहित्यलाई सङ्ख्यात्मक मात्र होइन, गुणात्मक दृष्टिले

पनि उत्कर्षता प्रदान गर्ने कार्यमा निरन्तर लागिरेहका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भइसके तापनि उनका उपन्यासहरूको छुट्टै अध्ययन भएको देखिँदैन । तसर्थ उनको **'मणिपुरको चिठ्ठी'** उपन्यासको विस्तृत अध्ययन गर्नु यस शोधकार्यको समस्या हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूसँग सम्बद्ध रहेको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा केकस्तो छ ?

(ख) गोविन्दराज भट्टराईको मणिपुरको चिठ्ठी उपन्यास केकस्तो छ ?

(ग) गोविन्दराज भट्टराईको उपन्यासधर्मिता केकस्तो छ ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या-विश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेकाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) गोविन्दराज भट्टराईको उपन्यास यात्राको अध्ययन गर्नु,

(ख) गोविन्दराज भट्टराईका 'मणिपुरको चिठ्ठी' उपन्यासको अध्ययन-विश्लेषण गर्नु,

(ग) गोविन्दराज भट्टराईको उपन्यासधर्मिताको निरूपण गर्नु

## १.६ पूर्वकार्यको समीक्षा

नेपालको पूर्वाञ्चलमा जन्मेर नेपाल एवम् भारतका विभिन्न स्थानमा शिक्षाग्रहण गरी विद्यावारिधिसम्मको शिक्षा हासिल गरेका भट्टराईले नेपाली साहित्यमा उच्चतम

मूल्य बोकेका उपन्यासहरू लेखेका छन् । उनका उपन्यासहरूका बारेमा छुट्टाछुट्टै रूपमा विस्तृत र सुव्यस्थित अनुसन्धान भने भएको पाइँदैन । यिनका उपन्यासहरूको विस्तृत विश्लेषण र मूल्याङ्कन पनि भएको देखिँदैन । यिनका उपन्यासका बारेमा जेजति अध्ययन-विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । यसै क्रममा भट्टराईका उपन्यासका बारेमा भएका चिनारी, भूमिका र कृतिविश्लेषणका केही पूर्वकार्यहरूको विवरण कालक्रमिक रूपमा तल चर्चा गरिएको छ :

पारिजातले **मुगलान** (२०३१) उपन्यासमा 'पारिजातको पत्र' लेखमार्फत गोविन्दराज भट्टराईप्रति आफ्नो धारणा व्यक्त गर्दै भनेकी छिन् : "विगत वर्षमा धेरैधेरै उपन्यासहरू चर्चित भए, कति त अकारण पनि । कति त बिनायुगीन सन्दर्भ पनि मान्छेको हातहातमा महान् कृति भए । त्यस्ता खोक्र्याँईलाई समयको आवश्यकताले कता पन्छाउला, त्यो म यहाँ भन्दिनँ । कारण तपाइँजस्तो राजनीति नबुझ्रैरै शोषण बुझ्ने लेखकलाई त्यो कुरा थाहा पाउन धेरै लाग्दैन । ...एउटा सतही राजनैतिक दृष्टिकोण आफूसँग पाल्दापाल्दै पनि तपाईँको कलम स्वेच्छाचारी भएर एउटा शोषणको छाला पिल्साउने कथा लेख्न पुगेछ । गोविन्दज्यू कतैकतै यस्तो पनि हुन्छ" ।

**गोरखापत्र** (साउन ३, २०३२) मा उनको **मुगलान** (२०३१) उपन्यास र भट्टराईप्रति यस्तो भनिएको छ : "पल्टनमा भर्ती हुने रहरले केही रुपैयाँ लिई घरबाट भागी मुगलान पुगेर ठगिने, दुःख पाउने र सारै हण्डर खाने नेपालका हाम्रा आँलाकाँचा तरुणाहरूको वास्तविक चित्र उतार्न भट्टराई यस उपन्यासमा सफल हुनुभएको छ" ।

**समीक्षा** (१६/३०, २०३२) मा भट्टराईलाई बधाई दिँदै उनको **मुगलान** उपन्यासका बारेमा यसरी टिप्पणी गरिएको छ : "यस उपन्यासका केही सबल पक्ष छन् । जसका निम्ति लेखक बधाइका पात्र छन् । ती पक्ष के-के हुन् भने यसले नेपालीको दुरुहतावादी र नारावादी दुवै परम्पराबाट पर बसेको छ । यो न मञ्जुल राल्फाको **छेकु डोल्मा**को अनुकरण हो न **रातो किताब**को उपदेश घोकेर लेखिएको हो । यो मध्यमवर्गीय गुलशन नन्दा प्रेमीहरूले रुचाउने खालको तरुनीको पसिना गह्नाउने

पुस्तक पनि होइन । यो त नेपाली तन्नेरीहरूको करुण कथा हो । यो केही काम र माम खोज्ने नेपालीहरूको यो मार्मिक कथा हो”

**युगभाषा** (पूर्णाङ्क ९, २०३२) मा ‘**मुगलान** उपन्यासको चिनारी’ लेखमा **मुगलान** उपन्यासबारे यसरी विश्लेषण गरिएको छ : “वर्तमान औपन्यासिक लाक्षणिक मान्यताहरूसँग निकट सम्बन्ध राख्दैन **मुगलान**ले । यसको कारण लेखकका भावी कृतिहरूले बताउने छ । लेखकले यसै पाराले विकास गरे भने हामीले उनको मौलिकतामा विश्वास गर्नेछौं, नत्र भने लेखकको सिकारुपन हो भनेर चित्त बुझाउनु पर्नेछ, जे होस् एउटा विवादकै विषय बन्नेछ **मुगलान** । समालोचकहरूले चासो राख्नुपर्ने उपन्यास छ” ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) मा आधुनिक नेपाली उपन्यासको तीस दशकदेखिका उपन्यास तथा उपन्यासकारहरूको उल्लेख गर्ने क्रममा तीसको दशकका सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा भट्टराईको नाम उल्लेख गरेको पाइन्छ ।

डा. चन्द्रशेखर दुबे इम्फालले **नेपाली साहित्य : एक सर्वेक्षण** (२०३८) मा गोविन्दराज भट्टराईलाई लेखनाथको **तरुणतपसी** र देवकोटाको **मुनामदन**सँग उनको **मुगलान** उपन्यासलाई तुलनागर्दै **मुगलान** उपन्यासबारे यसो भनेका छन् : “गोविन्दराज भट्टराईले अब केही गर्ने आवश्यकता छैन अथवा **मुगलान**मा त्रुटि छैन वा **मुगलान** अत्यन्त विशिष्ट, निष्कलङ्क र पूर्ण छ । लेखकको प्रथम प्रयासको मूल्याङ्कन भावपक्षको आधारमा हुनुपर्छ, कलापक्षको आधारमा हैन । **मुगलान**को भावपक्ष सरल, सरस र सबल छ र हृदयप्रधान जीवनको यथार्थ, काल्पनिक वा बुद्धिवादी यथार्थ होइन । भोगेको यथार्थमा आधारित छ । लेखकले यस्तो उपन्यास लेखेर गर्वको अनुभव गर्छ भने सर्वथा स्वभाविक हो” ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली कविता र आख्यान** (२०५५) मा सामाजिक यथार्थवादी उपन्यासकारहरूका रूपमा भट्टराईको पनि नाम उल्लेख गरेका छन् ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास,** चौ. सं. (२०५६) मा क्रान्तिउत्तर युगमा भट्टराईको उल्लेख गर्दै उनका दुईवटा उपन्यास कृति **मुगलान** र **मणिपुरको चिट्ठी**को नाम लिएका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) मा गोविन्दराज भट्टराईलाई नेपाली उपन्यासको आधुनिक कालअन्तर्गत सामाजिक यथार्थवादी उपन्यासकारहरूको नामोल्लेख गर्ने क्रममा भट्टराईको नाम पनि उल्लेख गरेको पाइन्छ ।

मोहनराज शर्माले **गरिमा** (२५/४/२०६३) मा 'नौलो औपन्यासिक पाइलो : **सुकरातका पाइला**' शीर्षकको लेखमा "गोविन्दराज भट्टराईको **सुकरातका पाइला** नामक कृतिले द्वन्द्व एवम् युद्धको महागाथात्मक वर्णन गरेर वर्तमान मानवीय दुःखकष्टको पहाड खोस्रिने काम गरेको छ । नेपाली उपन्यासका क्षेत्रमा यो एउटा नौलो प्राप्ति हो र नेपाली साहित्यजगत्मा यो एउटा नवीन उपलब्धि हो" भनेर **सुकरातका पाइला** कृतिका बारेमा चर्चा गरेका छन् ।

वीरेन्द्र नेपालले **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६४) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा भट्टराईका नेपाली विषयक सम्पूर्ण कृतिहरूको सङ्क्षिप्त परिचय दिने क्रममा **'मणिपुरको चिट्ठी'** उपन्यासको पनि चर्चा गरेका छन् । उनले यो उपन्यास सामाजिक यथार्थवादी चिन्तनमा लेखिएको छ भनी भनेका छन् ।

ईश्वर लुइटेलले **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** (२०६७) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा भट्टराईका नेपाली उपन्यासहरुको परिचय र

विश्लेषण दिने क्रममा **'मणिपुरको चिट्ठी '** उपन्यासको पनि चर्चा गरेका छन् । उनले यो उपन्यास सामाजिक यथार्थवादी चिन्तनमा लेखिएको कुरामा जोड दिएका छन् ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले भट्टराईका उपन्यासका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि उनको **'मणिपुरको चिट्ठी'** उपन्यासको विस्तृत विश्लेषण-मूल्याङ्कन भएको देखिन आउँदैन । त्यसैले यस शोधकार्यमा भट्टराईको **'मणिपुरको चिट्ठी'** औपन्यासिक कृतिको विस्तृत विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

भट्टराईको औपन्यासिक कृतिका अध्ययनमा केन्द्रित भई **'मणिपुरको चिट्ठी'** उपन्यासको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिने भएकाले आउने पिँढीलाई उनको यस उपन्यासका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनको **'मणिपुरको चिट्ठी'** औपन्यासिक कृतिका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको उपन्यासको इतिहासलेखनको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले भट्टराईलाई उपन्यासकारका रूपमा स्थापित गराउन सहयोग पुऱ्याउनेछ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

गोविन्दराज भट्टराईको नेपाली भाषामा प्रकाशित **'मणिपुरको चिट्ठी'** उपन्यासलाई मात्र यहाँ अध्ययन गरिएको छ भने उनका अन्य दुई उपन्यासहरू **मुगलान** र

**सुकरातका पाइला** बारेमा सङ्क्षिप्त परिचय र सामान्य रूपमा मात्र विश्लेषण गरिएको छ ।

## १.९ शोधविधि र सामग्री सङ्कलनविधि

शोधकार्यका लागि विशेष गरी सामग्रीसङ्लन पुस्तकालय, पत्रपत्रिकाको प्रयोगबाट गरिएको छ । यसरी नै उनका बारेमा भएका शोधग्रन्थहरूबाट पनि उचित सामग्री लिइएको छ । यसरी प्राप्त सामग्रीलाई उपन्यास सिद्धान्तका आधारमा विश्लेषण गरेर शोधपत्रका रूपमा प्रस्तुत गरिएको छ ।

### १.१० सम्भावित शोध शीर्षकहरु

क) 'मणिपुरको चिट्ठी' र 'सुकरातका पाइला' उपन्यासको तुलनात्मक अध्ययन

ख) 'मुगलान' उपन्यासको कृतिपरक अध्ययन

ग) 'मणिपुरको चिट्ठी' र 'मुगलान' उपन्यासको तुलनात्मक अध्ययन

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ । यसका साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | **शोधपरिचय** |
| दोस्रो परिच्छेद | : | **गोविन्दराज भट्टराईको सङ्क्षिप्त परिचय** |
| तेस्रो परिच्छेद | : | **उपन्यासका सैद्धान्तिक पक्ष एवम् तत्त्वहरू** |
| चौथो परिच्छेद | : | **गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा** |
| पाँचौं परिच्छेद | : | **गोविन्दराज भट्टराईको 'मणिपुरको चिट्ठी' कृतिको विश्लेषण** |
| छैटौँ परिच्छेद | : | **उपसंहार** |
| परिशिष्ट | : | **गोविन्दराज भट्टराईको छाँयाचित्र** |

**सन्दर्भग्रन्थसूची**

# दोस्रो परिच्छेद

# गोविन्दराज भट्टराईको सङ्क्षिप्त परिचय

## २.१ गोविन्दराज भट्टराईको जीवनी

### २.१.१ जन्म र जन्मस्थान र बाल्यकाल

गोविन्दराज भट्टराईको जन्म २०१० साउन १० मा मेची अञ्चलअन्तर्गत पाँचथर जिल्लाको फलैँचा गा. वि. स. मा भएको हो भनेर शोधनायक स्वयम्ले भनेको तर उनका प्रकाशित दुई निबन्धसङ्ग्रहहरू **सङ्गै बसौं यो रात** र **गोधूलिमा दस पाइला**को पछिल्लो आवरण पृष्ठमा दिइएको कृतिकारको विवरणमा जन्ममिति २०१० चैत्र ४ गते उल्लेख गरिएको छ। यसरी भट्टराईको जन्ममिति दुई फरकफरक समयको देखिएकाले कुन् सत्य जन्ममिति हो भनी विवादित रहेको पाइन्छ । यसैगरी उनको जन्मस्थानका बारेमा पनि स्पष्टता छैन । गोविन्दराज भट्टराईका नातेदारका अनुसार यिनको जन्म ताप्लेजुङको सिकैँचा ओसे गाउँमा भएको र २०१२ सालतिर मात्र उनका बुबा सिकैँचाबाट फलैँचातिर गएको हो भनी बताउँछन् र उनका काकाका छोरा जगन्नाथ भट्टराईले पनि सुवेदीकै भनाइलाई समर्थन गरेका छन् ।[1] पं. टेकनाथ भट्टराईको विवाह (१९९८) मा ताल्लेजुङको नाङ्खोल्याङ निवासी रूपनारायण निरौलाकी जेठी छोरी तिलरूपासँग भएको थियो । यिनले दुई छोरा क्रमशः तुलसीप्रसाद र कमलप्रसादलाई जन्म दिएपछि तिलरूपाको मृत्यु २०१० सालमा भयो । पं. टेकनाथले जेठी श्रीमती तिलरूपा पहिलेदेखि नै रोगी भएकाले २००४ सालमा ताप्लेजुङको हाङ्देवाका गौतमकी कान्छी छोरी मन्दोदरासँग दोस्रो विवाह गरे । यिनै मन्दोदराबाट पाँच छोरा गोविन्दराज, ईश्वरीराज, नारायणप्रसाद, खगेन्द्रप्रसाद र देवेन्द्रराज, एवम् पाँच छोरी पद्मादेवी, चन्द्रकला, गङ्गा, माधवा र कमलाको जन्म भयो । गोविन्दराज

[1] दाहाल, २०६७ : ५

भट्टराई स्वयम् आफ्ना दुईवटी आमा नभएको र एक मात्र आमा मन्दोदरा भएको बताउँछन् ।[२] उनकै दाजु **तुलसीप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक शोधपत्रमा उनका बाबुको टेकनाथ र आमाको नाम तिलरूपा भनी तुलसी भट्टराईबाटै प्राप्त जानकारी भनेर उल्लेख गरिएको छ ।[३] गोविन्दराज भट्टराईले पनि बाबुको नाम टेकनाथ र आमाको नाम मन्दोदरा बताएबाट दुईवटी आमा भएको स्पष्ट हुन्छ । यसैगरी उनका काकाका छोरा जगन्नाथ तथा नातेदार राजेन्द्र सुवेदीले पनि उनका आमाहरू दुईवटी नै भएको बताउँछन् ।[४] यसरी हेर्दा गोविन्दराज भट्टराईका दुईवटी आमा भएको कुरा स्पष्ट छ । तसर्थ टेकनाथकी कान्छी श्रीमतीतर्फका जेठा र दुवैतर्फ मिलाउँदा साहिँला पुत्रका रूपमा गोविन्दराज भट्टराईको जन्म भएको देखिन्छ ।

भट्टराईको बाल्यकाल जन्मस्थान पाँचथर जिल्लाको फलैँचा, च्याङ्थापु र ताप्लेजुङका विभिन्न स्थानहरूमा बितेको थियो । पौडी खेल्न, ऐँसेलु खान, उफ्री खेल्न मन पराउने भट्टराईको बाल्यकाल विभिन्न साथी र भाइहरूसँग खेल्दै सुखद् रूपमा बितेको थियो ।[५]

## २.१.२ शिक्षादीक्षा

आफ्नै घरमा अक्षर चिनेका भट्टराईको औपचारिक अध्ययन ८ वर्षको उमेरमा च्याङ्थापुमा हरिमिडिल स्कूल गढीबाट प्रारम्भ भएको थियो । भट्टराईले १२ वर्षको उमेरमा यस स्कुलबाट कक्षा ७ सम्मको अध्ययन पूरा गरेको थिए । त्यसपछि झापाको घैलाडुब्बास्थित श्री आदर्श मा. वि. बाट भट्टराईले २०२६ सालमा १६ वर्षको उमेरमा द्वितीय श्रेणीमा प्रवेशिका तह उत्तीर्ण गरेका थिए । व्यक्तिगत .रूपमा आई. ए. को

[२] दाहाल, २०६७ : ५

[३] दाहाल, २०६७ : ५

[४] दाहाल, २०६७ : ५

[५] नेपाल, २०६४ : ७

अध्ययन गर्न थालेका भट्टराईले २०२९ सालमा माध्यमिक शिक्षा परिषद् भारतको उत्तरप्रदेश इलाहवादबाट द्वितीय श्रेणीमा आई. ए. उत्तीर्ण गरेका थिए । त्रि. वि. कीर्तिपुरबाट २०३१ सालमा भट्टराईले द्वितीय श्रेणीमा बी. एड्. उत्तीर्ण गरे । भट्टराईले २०३४ सालमा व्यक्तिगत रूपमै त्रि. वि. बाट द्वितीय श्रेणीमा बी. ए. पनि उत्तीर्ण गरेका थिए । भट्टराईले २०३७ सालमा अङ्ग्रेजीमा एम्. एड्. र एम्. ए. द्वितीय श्रेणीमै सँगैसँगै उत्तीर्ण गरेका थिए ।[६]

त्रि. वि. को सहयोगमा विद्यावारिधि गर्ने अवसर पाएका भट्टराईले २०५१ सालदेखि २०५४ सालसम्म अनुवाद विज्ञानको सैद्धान्तिक र वैज्ञानिक अध्ययन गरी **नेपाली कविताको अङ्ग्रेजी अनुवाद** नामक शीर्षकमा विद्यावारिधिको उपाधि हासिल गरेका थिए ।[७]

## २.१.३ दाम्पत्य जीवन र पारिवारिक स्थिति

भट्टराईको शुभ विवाह २०३८ सालमा २८ वर्षको उमेरमा धनकुटा निवासी कृष्णप्रसाद वस्ती र सरस्वती वस्तीका तीन छोरीमध्ये जेठी छोरी अञ्जना वस्तीसँग सुसम्पन्न भएको थियो ।[८] अङ्ग्रेजीमा एम्. ए. तथा एम्. एड्. तहको शिक्षाध्ययन गरेकी अञ्जनाले पनि भारतको हैदरावाद विश्वविद्यालयबाटै **पेडागोजिक ग्रामर अफ् इङ्लिस एन्ड नेपाली भर्व फ्रेजेज** शीर्षकमा विद्यावारिधिको उपाधि हासिल गरेकी छिन् भने उनी वर्तमान समयमा त्रि. वि. को शिक्षाशास्त्र सङ्कायअन्तर्गत अङ्ग्रेजी शिक्षा विभागमा प्राध्यापनरत छिन् ।[९] गोविन्दराज र अञ्जनाका दुई छोरी सेवा र ऋचा छन् ।

---

[६] नेपाल, २०६४ : ८

[७] नेपाल, २०६४ : ८

[८] नेपाल, २०६४ : ९

[९] नेपाल, २०६४ : ९

विक्रम संवत् २०४२ सालमा सेवाको जन्म भएको हो भने २०४४ सालमा ऋचाको जन्म भएको हो ।[१०]

## २.१.४ जागिरका विभिन्न क्रम

गोविन्दराज भट्टराईको जीवनको अधिकांश समय अङ्ग्रेजी, नेपाली भाषासाहित्यको समृद्धिका लागि समर्पित भएको देखिन्छ । शैक्षणिक कार्यका दृष्टिले २०२६ सालमा प्रवेशिका तह उत्तीर्ण गरी विद्यालयमा अध्यापन गराउन सुरु गरेका भट्टराईले २०३१ सालको अन्तिमतिर राधिका मा. वि. उर्लावारीमा मा. वि. तहको स्थायी नियुक्ति पाएर अध्यापन गराउन थालेको देखिन्छ ।[११] २०३८ सालमा सहायक प्राध्यापक पदको लागि त्रि. वि. सेवा आयोग उत्तीर्ण गरेका भट्टराईलाई त्रि. वि. ले कार्यक्षेत्रका लागि धनकुटा क्याम्पसमा नियुक्ति दिएको पाइन्छ ।[१२] २०४७ सालदेखि कीर्तिपुरको शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागमा सरुवा भएका भट्टराईले क्रमिक उन्नति गर्दै उपप्राध्यापक एवम् सह-प्राध्यापक पद पार गरी हाल विभागको प्राध्यापक पदमा कार्यरत छन् । [१३]

गोविन्दराज भट्टराईले शिक्षण सेवाका अतिरिक्त प्रशासनिक कार्य पनि गर्दै आएका छन् ।[१४] उनले २०५५ सालमा शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागको प्रमुख, २०५७ सालमा शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख एवम् वर्तमान समयमा २०६० सालदेखि एक कार्यकाल शिक्षाशास्त्र सङ्कायअन्तर्गत सहायक डीनको उच्च पदमा रही कार्य गरेको देखिन्छ ।

[१०] नेपाल, २०६४ : १२

[११] नेपाल, २०६४ : १३

[१२] नेपाल, २०६४ : १३

[१३] नेपाल, २०६४ : १३

[१४] नेपाल, २०६४ : १४

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने भट्टराई कुनै राजनीतिप्रति संलग्न रहेको देखिँदैन ।[१५] उनी स्वतन्त्रता प्रेमी व्यक्ति हुन् । उनी भन्छन् 'मानवको कर्तव्य भनेको स्वतन्त्र भई मानवता नगुमाई बाँच्नु हो' ।[१६] यसरी स्वतन्त्रतावादी भएर जीवन जिउनु पर्दछ भन्ने भट्टराई कुनै राजनैतिक पार्टीप्रति संलग्न नरहेको देखिन्छ ।

गोविन्दराज भट्टराई अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने व्यक्तित्व भएकाले विभिन्न सङ्घसंस्थाहरूसँग सम्बद्ध देखिन्छन् । भट्टराईले नेपाली लेखक सङ्घको सदस्य, भाषाविज्ञान समाजको चार वर्ष सचिव, कोषाध्यक्ष, नेल्टाको अध्यक्षजस्ता पदमा कार्य गरिसकेका छन् ।

## २.१.५ भ्रमण, सम्मान तथा पुरस्कार

गोविन्दराज भट्टराईले नेपाल अधिराज्यका विभिन्न स्थानहरूका साथै भुटान, भारत, पाकिस्तान, अमेरिका आदिको भ्रमण गरेको देखिन्छ ।[१७] पछि त्रि. वि. शिक्षाशास्त्रकै कार्यक्रम योजनाअन्तर्गत २०६३ सालमा भट्टराईले ग्रीस र युरोपका केही भागको भ्रमण गरेका थिए ।[१८]

उनले प्राप्त गरेका मुख्य पुरस्कारहरू जेजिस युवा पुरस्कार (२०४४), महाकवि व्याख्यान पुरस्कार (२०६३) र अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कार (२०६४) उल्लेख्य छन् ।

## २.१.६ लेखनको थालनी र प्रकाशित कृतिहरू

लेखनको प्रेरणा आफ्नै पिता टेकनाथ भट्टराईबाट पाएका थिए । मा. वि. तहको अध्ययन गर्दा घैलाडुब्बा हाइस्कुलमा दाताराम सरको प्रेरणाले बनेको पुस्तकालयमा

[१५] नेपाल, २०६४ : १५
[१६] नेपाल, २०६४ : १५
[१७]नेपाल, २०६४ : १५
[१८]नेपाल, २०६४ : १५

गएर विभिन्न साहित्यकारहरूका कृति तथा पत्रपत्रिका पढ्ने अवसर पाएका भट्टराईले **भारती**का केही अङ्क, **भ्रमर** र **डाकबङ्गाला**जस्ता नामी उपन्यास पढ्न पाएका थिए।[१९] यी अवसरहरूलगायत उनी भुटान गएर बसेको समयमा उनले प्रवासमा गएर नेपाली जनताले भोग्नु परेको विवशता, बाध्यता, पीडा, दुःखको अनुभव गरेका थिए ।[२०] यिनै विभिन्न परिवेशलाई आत्मसात् गरी भट्टराई साहित्यजगत्मा प्रवेश गरेको देखिन्छ ।

गोविन्दराज भट्टराईको व्यक्तित्व नेपाली साहित्यका थुप्रै विधाका साथै विभिन्न क्षेत्रमा क्रियाशील रहेको देखिन्छ । कथालेखनबाट साहित्यमा प्रवेश गरेका भट्टराईले विविध विधामा कलम चलाइसकेका छन् । उनका विभिन्न विधाका पुस्तकाकार कृतिहरूको सूची कालक्रमिक रूपमा यस प्रकार रहेका छन् :

| क्र. सं. | शीर्षक | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| १ | **मुगलान** | उपन्यास | रत्न पुस्तक भण्डार, २०३१ | चौथो संस्करण २०६२ |
| २ | **मणिपुरको चिट्ठी** | उपन्यास | साझा प्रकाशन, २०३४ | दो. सं. २०६१ |
| ३ | **तीनधारा** | संयुक्त कथासङ्ग्रह | भट्टराई बन्धु प्रकाशन, २०३५ | संयुक्त लेखन, तुलसी भट्टराई, योगेन्द्र तिम्सिना र गोविन्दराज भट्टराईका तीनतीन वटा कथा । |
| ४ | **नेपाली ध्वनिशास्त्र** | भाषाविज्ञान | लेखक स्वयम्, २०३९ | टङ्क न्यौपानेसँग सहलेखन । |

[१९]नेपाल, २०६४ : १८

[२०] नेपाल, २०६४ : १८

| क्र. सं. | शीर्षक | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| ५ | **मेथड्स अफ टिचिङ इङ्लिस विथ रेफरेन्स टु नेपाल** | समालोचना | रत्न पुस्तक भण्डार, २०४४ | |
| ६ | **इन् इन्ट्रोडक्सन टु इङ्लिस लिटरेचर** | समालोचना | रत्न पुस्तक भण्डार, २०४६ | |
| ७ | **काव्यिक आन्दोलनको परिचय** | समालोचना | ने. रा. प्र. प्र., २०४९ | |
| ८ | **विदेशी बगैँचाका चार थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो. सं. २०५६ |
| ९ | **विदेशी बगैँचाका पाँच थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो. सं. २०५६ |
| १० | **विदेशी बगैँचाका छ थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो. सं. २०५६ |
| ११ | **रिट्स् अफ् फ्लावार्स** | सम्पादन | रत्न पुस्तक भण्डार, २०५५ | |
| १२ | **एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज्** | अनुवाद | रत्न पुस्तक भण्डार, २०५७ | |
| १३ | **एक्लै एक्लै एक्लै** | निबन्धसङ्ग्रह | रत्न पुस्तक भण्डार, २०६० | |
| १४ | **सेलेक्टेड नेपाली** | अनुवाद | जीवा लामिछाने, | |
| १५ | **हानि नगरौँ** | अनुवाद | मेरी बी. एन्डर्सन, २०६० | |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| १६ | **विश्वविद्यालयमा अग्निपूजा** | निबन्धसङ्ग्रह | रत्न पुस्तक भण्डार, २०६१ | |
| १७ | **पश्चिमी बलैंसीका बाछिटा** | समालोचना | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, | |
| १८ | **सलेक्टेड स्टोरिज फ्रम नेपाल** | अनुवाद | साझा प्रकाशन, २०६१ | |
| १९ | **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** | समालोचना | रत्न पुस्तक भण्डार, २०६१ | |
| २० | **डा. बल्लभमणि दाहालका भाषिक** | सम्पादन | रत्न पुस्तक भण्डार, २०६१ | डा.खगेन्दप्रसाद लुइटेलसँग |
| २१ | **नेप्लीज लिटरेचर** | सम्पादन | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६२ | |
| २२ | **डा. बल्लभमणि दाहालका रचनाहरू** | सम्पादन | डा. सुभद्रा सुब्बा दाहाल, २०६३ | डा.खगेन्द्रप्रसाद लुइटेलसँग |
| क्र. सं. | **शीर्षक** | विधा | प्रकाशनस्रोत | थप जानकारी |
| २३ | **द्वन्द्व र युद्धका कथा** | सम्पादन | नेल्टा, २०६३ | विष्णुविभु घिमिरेसँग सहसम्पादन |
| २४ | **उत्तरआधुनिक ऐना** | समालोचना | रत्न पुस्तक भण्डार, २०६२ | |
| २५ | **सुकरातका पाइला** | उपन्यास | मोडर्न बुक्स, २०६३ | |

| क्र. सं. | शीर्षक | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| २६ | **आरम्भअघिका शब्दहरू** | सम्पादक | रत्न पुस्तक भण्डार, २०६३ | |
| २७ | **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** | अतिथि सम्पादक | गुञ्जन, २०६३ | |
| २८ | **स्टोरिज अफ कन्फ्लिक्ट एन्ड वार** | अनुवाद | लेखक स्वयम्, २००७ | |
| २९ | **सङ्गै बसौँ यो रात** | निबन्धसङ्ग्रह | साझा प्रकाशन, २०६४ | |
| ३० | **उत्तर आधुनिक विमर्श** | समालोचना | मोडर्न बुक्स, २०६४ | |
| ३१ | **गोधूलिमा दस पाइला** | निबन्धसङ्ग्रह | ओरिन्टेयल पब्लिकेसन्स हाउस प्रा. लि., २०६६ | |

यसरी भट्टराईका हालसम्म नेपाली तथा अङ्ग्रेजी भाषाका सहलेखनसमेत गरी जम्मा ३१ वटा कृति रचना गरी प्रकाशित गरेका छन् ।

## २.२ गोविन्दराज भट्टराईको व्यक्तित्व

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण

भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तित्वका समस्त आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो ।[२१] यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ, बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।[२२]

गोविन्दराज भट्टराईको व्यक्तित्व उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

गोविन्दराज भट्टराईले नेपाली साहित्यको समुन्नतिका लागि अथक मिहिनेत गरेका छन् । नेपाली राष्ट्र र राष्ट्रियताका लागि विभिन्न क्षेत्रमा विशिष्ट काम गरेका भट्टराईले आफ्नो गाउँघरदेखि घैलाडुब्बा हुँदै भुटान, बनारस आदि क्षेत्रको भ्रमणका समयमा अनुभव गरेका विषय, त्यहाँको साहित्यिक वातावरण एवम् आफ्नो जीवनयात्राका सन्दर्भमा विभिन्न ठाउँका सामाजिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, विद्वान्, इष्टमित्र, हजुरबा, पिता आदिको प्रभाव र प्रेरणाग्रहण गरेका छन् । यी प्रभाव र प्रेरणाबाट निर्मित भट्टराईको व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार चर्चा गरिएको छ :


---

[२१] उपाध्याय, २०३९ : ३५

[२२] बोगटी, २०६० : ३१

## २.२.१ व्यक्तित्वका विभिन्न पाटाहरू

विविध क्षेत्रमा गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेको छ; ती क्षेत्रमा निर्वाह गरेका भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय देखिन्छ । गोविन्दराज भट्टराईको व्यक्तित्वलाई निम्नलिखित विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ । ती व्यक्तित्वका पाटाहरूलाई वृक्षारेखमा निम्नानुसार देखाइन्छ :




यसरी वृक्षारेखमा प्रस्तुत भएका भट्टराईका विभिन्न व्यक्तित्वका पाटाहरूलाई क्रमशः निम्नानुसार अध्ययन गरिएको छ :

### २.२.१.१ साहित्यिक व्यक्तित्व

२०३१ बाट साहित्यिक लेखन प्रारम्भ गरेका भट्टराईले साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

### १. उपन्यासकार व्यक्तित्व

भट्टराईले **मुगलान** (२०३१), **'मणिपुरको चिट्ठी'** (२०३४) र **सुकरातका पाइला** (२०६३) गरी तीनवटा उपन्यासहरू प्रकाशित गरेका छन् । उनका उपन्यासहरू खासगरी यथार्थवादी, विनिर्माणवादी र उत्तरआधुनिक चिन्तनमा केन्द्रित रहेका छन् ।

**मुगलान** (२०३१) मा भट्टराईले नेपालबाट केही पैसा कमाउने धोको लिएर प्रवासिएका नेपालीहरूको दर्दनाक पीडालाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । **मणिपुरको चिट्ठी**मा नेपाली समाजका नारीहरूले भोग्नु परेको पीडालाई भट्टराईले स्पष्ट पारेका छन् ।  यो पत्रात्मक शैलीमा लेखिएको उपन्यास हो । विनिर्माणवादी तथा उत्तरआधुनिक चिन्तनमा केन्द्रित **सुकरातका पाइला**मा दसबर्षे जनयुद्धले ल्याएका विकृति र विसङ्गतिलाई यथार्थ रूपमा भट्टराईले प्रस्ट पारेका छन् ।

### २. निबन्ध-प्रबन्धकार व्यक्तित्व

गोविन्दराज भट्टराईले २०३२ सालदेखि निबन्ध लेख्न थालेको पाइन्छ । अत्य विधामा भन्दा निबन्ध विधामा रुचि भएकाले भट्टराईले निकै निबन्धहरूको रचना गरेका छन् । उनको पत्रिकामा प्रकाशित पहिलो निबन्ध प्राप्त जानकारीअनुसार **हाय गरिबी**[२३] रहेको छ । भट्टराईले आफूले रचना गरेका विविध निबन्धहरूलाई सङ्कलन गरेर चारवटा कृतिहरू प्रकाशित गरेका छन् । ती कृतिहरूमध्ये बाह्रवटा निबन्धहरू सङ्गृहीत **एक्लै एक्लै एक्लै** (२०६०) र एक्काइसवटा निबन्धहरू सङ्गृहीत

[२३] उषा, ७/२/२०३२

**विश्वविद्यालयमा अग्निपूजा** (२०६१), **सङ्गै बसौँ यो रात** (२०६४) र **गोधूलिमा दस पाइला** (२०६६) रहेका छन् । त्यस्तै भट्टराई एक स्तम्भकार पनि हुन् । विशेष गरेर **कान्तिपुर** र अन्य विविध पत्रपत्रिकामा उनका प्रबन्धात्मक रचनाहरू प्रकाशित भएका छन् । उनका निबन्धहरूमा भ्रमणका समयमा गरेका अनुभूति, त्यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक भौगोलिक, राजनैतिक आदि विषय तथा क्षेत्रका विकृति तथा विसङ्गति, त्रिभुवन विश्वविद्यालयको स्थिति, विश्वविद्यालयमा प्राध्यापकहरूको गतिविधि एवम् विश्वविद्यालयमा देखिएका राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक, भौतिक आदि क्षेत्रमा देखिएको अराजकता, विकृति र विसङ्गति तथा पाश्चात्य संस्कृतिले नेपाली शिक्षा क्षेत्रमा पारेको प्रभाव पनि उनका निबन्धका विषयवस्तु बनेका छन् ।

## ३. कवि व्यक्तित्व

गोविन्दराज भट्टराईले साहित्यिक लेखनको अभ्यास बीसको दशकदेखि कविता विधाबाट प्रारम्भ गरेको देखिन्छ । उनका पाँचवटा मात्र प्रकाशित कविता 'मेरो एन् जी ओ र मेरो देश (**सञ्चार**, २०५५) र 'तिमीलाई पर्खिरहे' **श्रीपेच**, (१/१/२०३७), 'आधुनिक शिष्यको गुरुलाई अर्ति', **रकेट**, (७/४/२०४४), 'आऊ प्रिये तिमीहामी मुर्चल बनौँ', - - ९/५/२०४६) र 'एक प्रेमपत्र धरानलाई', - -, (९/६/२०४९) रहेका छन् । यी बाहेक अन्य कविता प्रकाशित नभएको र प्रकाशित कविता पनि खासै स्तरीय नभएकाले कविका रूपमा भट्टराई त्यति परिचित छैनन् ।

## ४. समालोचक व्यक्तित्व

गोविन्दराज भट्टराईले समालोचना विधामा पर्याप्त कलम चलाएका छन् । विभिन्न विषयवस्तुलाई लिएर वस्तुपरक र प्रभाववादी पद्धतिअनुसार समालोचना गर्ने भट्टराईले केही समालोचनात्मक कृतिहरू प्रकाशित गरिसकेका छन् भने उनका धेरैजसो समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा देखिन्छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरू **काव्यिक आन्दोलनको परिचय** (२०४९),

**आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१), **पश्चिमी बलैँसीका बाछिटा** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२), **उत्तरआधुनिक विमर्श** (२०६६) रहेका छन् । उनका समालोचनामा पाश्चात्य साहित्य तथा नेपाली साहित्यका विभिन्न विधाहरूको स्वरूप, विधाहरूमा देखिएको आधुनिकता, पाश्चात्य साहित्यमा विकसित भएका वाद, प्रणाली एवम् आन्दोलनका साथै नेपाली साहित्यमा भएका साहित्यिक आन्दोलनहरू, नेपाली साहित्यमा उत्तरआधुनिक सोचले पारेको प्रभाव, ती सिद्धान्तसँग सम्बन्धित साहित्यकारहरूको विवेचना आदि विषयलाई लिएका छन् ।[२४]

## ५. भूमिकालेखक व्यक्तित्व

भट्टराईले विभिन्न साहित्यकारका कृतिहरूको भूमिकालेखन गरेको देखिन्छ । उनले भूमिकाहरू कृतिको गहन अध्ययन गरेर लेखेको पाइन्छ । कृतिले दर्साउन खोजेको मूल चुरोलाई बुझेर उनले भूमिकामा त्यस कृतिको सार प्रस्तुत गर्ने जमर्को गरेको देखिन्छ । प्रसंशामूलक भूमिका लेखनमा उनी ज्यादै सिपालु रहेका छन् ।

## ६. अनुवादक व्यक्तित्व

गोविन्दराज भट्टराईले नेपाली साहित्यका कृतिहरूको अनुवाद पनि गरेका छन् । विश्वसाहित्य खासगरी पाश्चात्य साहित्यका विभिन्न कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेर नेपाली साहित्य पाश्चात्य साहित्यका विभिन्न सिद्धान्त, वाद, प्रणाली आदिको परिचय दिलाउन सफल भएका छन् । आजसम्म उनका अनुवादसम्बन्धी कृतिहरू **विदेशी बगैँचाका चार थुँगा फूल**(२०५१-५६), **विदेशी बगैँचाका पाँच थुँगा फूल** (२०५१-५६), **विदेशी बगैँचाका छ थुँगा फूल** (२०५१-५६), **एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज्** (२०५७), **सेलेक्टेड नेपाली एसेज** (२०६०), **सलेक्टेड स्टोरिज फ्रम नेपाल** (२०६१), **नेप्लीज लिटरेचर** (२०६२), **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज**

[२४] नेपाल, २०६४ : १८

**फ्रम नेपाल** (२०६३) प्रकाशित भएका छन् । पत्रिकामा प्रकाशित भएका अनुवादसम्बन्धी लेखहरू 'आस', **गरिमा** (२२/११/२६३ : २०६१) र 'माथिका खुट्टा तान्ने प्रवृत्ति', **देवकोटा स्मारक**, (२०६१) गरी दुईवटा मात्र रहेका छन् ।

### ७. सम्पादक व्यक्तित्व

गोविन्दराज भट्टराईले केही पत्रपत्रिका तथा पुस्तकहरू सम्पादन गरेका छन् । राधिका मा. वि. उर्लावारीबाट विद्यालयको वार्षिक मुखपत्रका रूपमा प्रकाशित **कोसेली,** हिमालय मा. वि. मा अध्यापन गराउँदा **हिमाल** (हिमाल २०३४/३५) नामक पत्रिका, २०३६ सालमा पञ्चायत पुस्तकालय, दमकको साहित्यिक प्रकाशन **नागबेली**, नगर पुस्तकालय धनकुटाको साहित्यिक प्रकाशन **निर्वाण** वार्षिक पत्रिका, धनकुटा क्याम्पसको **चिन्तनधारा**, **जर्नल अफ नेल्टा**को अङ्क ५ देखि १० सम्मको प्रधान सम्पादक, भाषा विज्ञान समाज नेपालको **नेप्लीज लिङ्गुइस्टिक** वार्षिक प्रकाशनको अङ्क १७ देखि २५ सम्मको सम्पादक मण्डलमा रहेर भट्टराईले कार्य गरेको देखिन्छ । वर्तमान समयमा उनी नेपाली लेखक सङ्घद्वारा प्रकाशित **लेखक** पत्रिकाको सम्पादक सदस्य रहेका छन् । कृतिहरूमा चाहिँ **डा.बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१) र **डा. बल्लभमणि दाहालका रचनाहरू** (२०६३) डा. खगेन्द्रप्रसाद लुइटेलसँगको सहसम्पादनमा सम्पादन गरेको देखिन्छ । त्यस्तै **द्वन्द्व र युद्धका कथा** (२०६३) विष्णुविभु घिमिरेको सहसम्पादनमा सम्पादन गरेको पाइन्छ । भट्टराईले **नेपलीज लिटरेचर** (सम्पादक), **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** (अतिथि सम्पादक), **स्टोरिज अफ् कन्फ्लिक्ट एन्ड बार** (सम्पादक), **आरम्भअघिका शब्दहरू** (सम्पादक), **सिमसारका राजदूत** (२०६५) कृतिहरूको सम्पादन गरेका छन् ।

## २.२.१.२ साहित्येतर व्यक्तित्व

गोविन्दराज भट्टराईको लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुचि, पेसा, विभिन्न क्षेत्रहरूमा सहभागिता, उनको प्रतिभाका कारणले निर्माण भएको

देखिन्छ । भट्टराईको साहित्येतर व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

## १. शिक्षक-प्राध्यापक व्यक्तित्व

शैक्षणिक कार्यक्षेत्रमा प्रवेश गर्ने क्रममा भट्टराईले २०२६ सालमा भुटानको देन्चुखा प्राइवेट स्कूलमा पढाउन थालेको देखिन्छ । यसरी नै २०२९ सालदेखि सरस्वती नि. मा. वि. बेलडाँगी, २०३१ सालको अन्तिमदेखि राधिका मा. वि. उर्लाबारी, दमकस्थित हिमालय मा. वि. काठमाडौँको धर्मस्थली मा. वि. जस्ता विद्यालयमा अध्यापन गरेको बुझिन्छ २०३८ सालमा त्रि. वि. को शिक्षाशास्त्र अङ्ग्रेजी विभागको सहायक प्राध्यापक पदमा नियुक्त भई धनकुटामा प्राध्यापन गर्न थालेका भट्टराईले काजमा दमक क्याम्पसमा पनि केही समय प्राध्यापन गरे । सहायक पदबाट २०४२ सालमा उपप्राध्यापक, २०४९ सालमा सह-प्राध्यापक तथा २०५९ सालमा प्राध्यापक पदमा बढुवा भएका भट्टराईले अङ्ग्रेजी भाषाशिक्षण, भाषा विज्ञान र अनुवादसँग सम्बद्ध विषयहरू प्राध्यापन गरेको देखिन्छ ।

## २. प्रशासनिक व्यक्तित्व

गोविन्दराज भट्टराईले प्राज्ञिक तथा शैक्षिक जिम्मेवारी समाल्ने क्रममा विभिन्न प्रशासनिक तहमा रहेर भूमिका पनि निर्वाह गरेका छन् । २०५५ सालमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत अङ्ग्रेजी विभागको प्रमुख, २०५७ सालमा शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख तथा २०६० सालदेखि एक कार्यकाल शिक्षाशास्त्र सङ्कायअन्तर्गत सहायक डीनको उच्च पदमा रही कार्य गरेको देखिन्छ ।

## ३. शोधनिर्देशक व्यक्तित्व

गोविन्दराज भट्टराई अङ्ग्रेजी भाषासाहित्यका एक वरिष्ठ अनुसन्धानकर्ता पनि हुन् । उनले अङ्ग्रेजी भाषा-साहित्यका थुप्रै शोधकर्तालाई शोधनिर्देशन गरिसकेका छन् ।

अहिले सम्ममा मास्टर्स तहका करिब पचास वटा शोधपत्र पूरा गराएको र विद्यावारिधि तहका करिब एकदर्जन शोधग्रन्थसँग संलग्न रहेको कुरा उनले बताएका छन् ।

## ४. संस्थागत व्यक्तित्व

नेपाली भाषासाहित्यको सेवामा सपर्पित भट्टराई समाजमा भाषासाहित्यको विकास र विस्तार गर्नका लागि विभिन्न भाषासाहित्य समाजसँग आबद्ध रहेका छन् । उनले भाषाविज्ञान समाजको चारवर्षसम्म सचिव/कोषाध्यक्ष भई कार्य गरिसकेका उनले अङ्ग्रेजी शिक्षकहरूको सङ्गठन नेल्टाको अध्यक्ष पदमा रही कार्य गरिसकेका छन् । [२५]

## २.२.२ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गर्दै आएका गोविन्दराज भट्टराईको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा भएको छ । उनको व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

भट्टराईले निम्नमध्यमस्तरीय आर्थिक अवस्थाका कारण शिक्षा प्राप्त गर्नका निम्ति केही सङ्घर्ष गर्नुपरेको देखिन्छ । यसरी नै स्वदेश तथा विदेशका भ्रमणका समयमा अनुभव गरेका तथा प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनको साहित्यिक लेखनमा परेको देखिन्छ । यिनको कृतिलेखन, समालोचना तथा अनुवादमा उनको शिक्षाले पनि प्रभाव देखिन्छ । शैक्षिक उद्देश्यले प्रेरित विभिन्न लेखहरू शिक्षामा बहुभाषाविज्ञ व्यक्तित्वका कारणले नै जन्माएका हुन् । मूल कार्यक्षेत्रका रूपमा शिक्षण-प्राध्यापन पेसा अँगालेका भट्टराईका सिर्जना प्रारम्भमा सहज खालका थिए । विस्तारै सहजबाट गहन क्षेत्रतिर उनको लेखनकार्य मोडिएको पाइन्छ । प्रारम्भमा केही कथा र

[२५] नेपाल, २०६४ : २३

उपन्यास लेखेका भट्टराईले एम्. ए. को अध्ययनपश्चात् पाश्चात्य साहित्यको गहन अध्ययन गरी समालोचना गर्न थालेको देखिन्छ । पूर्वीय तथा पाश्चात्य समालोचनाको अध्ययनबाट समालोचनालेखनका लागि प्रेरणा तथा प्रभाव लिएका उनका समालोचनाहरू नवीनतम मूल्य तथा मान्यताहरूलाई नेपाली साहित्यमा स्थापित गराउन सफल छन् ।

अनेक क्षेत्रसँग सम्बद्ध रहेकाले उनी प्रायः व्यस्तै रहेका देखिन्छन् । शैक्षिक, प्रशासनिक आवश्यकताअनुरूप परिमाणात्मक रूपमा उनका जे जति कृतिहरू प्रकाशित भएका छन् ती गहन देखिन्छन्; पठनयोग्य छन् । भट्टराईको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिमाणस्वरूप उनको साहित्यिक लेखन अगाडि बढेको देखिन्छ ।

भट्टराईको समग्र जीवनीका मूलभूत पक्षहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शिक्षा र शिक्षण-प्राध्यापन पेसाको परिणामस्वरूप उनले नेपाली भाषासाहित्यको क्षेत्रमा योगदान दिएको देखिन्छ ।

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## ३.१ उपन्यासको सङ्क्षिप्त परिचय

'उपन्यास' शब्दले सङ्केत गर्न सक्ने रचनाविशेषका स्वरूपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू अठारौँ शताब्दीभन्दा पहिलै नै देखापरेका छन् । पूर्वीय साहित्यको इतिहास हेर्दा संस्कृत, प्राकृत र अपभ्रंश कालपछि आधुनिक भाषाहरूमा साहित्यसिर्जना हुन थालेपछि मात्र उपन्यासको आधुनिकस्वरूपको विकास हुन थालेको पाइन्छ । त्यसैले आधुनिक मान्यताका आधारमा उन्नाइसौँ शताब्दीभन्दा पहिले पूर्वीय उपन्यास लेखन परम्परा शून्य जस्तै रहेको छ । पश्चिममा पनि उपन्यास लेखनको प्रारम्भ अठारौँ शताब्दीमा मात्र भएको पाइन्छ । यसरी हेर्दा अन्य विधाका तुलनामा उपन्यासलेखनपरम्पराको अवधि त्यति धेरै छैन तर पूर्वपश्चिम दुबैतिर उपन्यास लेखिनु पूर्वका आख्यानबहुल रचनाहरूमा भने उपन्यासका तत्त्वहरू विकीर्ण अवस्थामा रहेको पाइन्छ ।

उप+नि+अस्+घञ् (अ) बाट उपन्यास शब्दको व्युत्पादन हुन्छ । सामान्यतः उपन्यास शब्दको अर्थ 'नजिकमा राख्नु' भन्ने हुन्छ । पूर्वीय साहित्यमा 'उपपत्ति कृतो ह्यर्थ उपन्यास प्रकीर्तितः' भनेर कुशलपूर्ण अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने गरिएको पाइन्छ । पाश्चात्य साहित्यमा उपन्यासलाई बुझाउन प्रयोग हुने नोवेल (Novel) शब्दको अर्थ नोवेलस (Novallows वा नोभेल्ला (Novella) रहेको पाइन्छ । यसको सामान्य अर्थ समाचारलाई सङ्केत गर्ने अथवा घटनालाई समाचारका रूपमा सम्प्रेरित गर्नु भन्ने रहेको छ । जसको सामान्य अर्थ घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्ने[२६] भन्ने हुन्थ्यो तर आज आएर उपन्यासको अर्थगत

---

[२६] प्रधान, २०५३ : १५

उपयोगिता अर्कै भएको छ । घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुतिविशेषसमेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ । वर्तमान सन्दर्भमा गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुतिका रूपमा उपन्यासलाई बुझ्न सकिन्छ । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया हो ।[२७] अन्य विधाका तुलनामा उपन्यासको कलाकारिता कम दुर्गुणयुक्त मानिन्छ अर्थात् सानोतिनो खोटले गर्दा सम्पूर्ण औपन्यासिक कलाको अस्वीकार हुँदैन ।

## ३.२ उपन्यासको विकास

उपन्यासको विकासक्रमलाई हेर्दा पाश्चात्य उपन्यासलेखन-परम्पराबाट यसको थालनी गर्नु पर्ने देखिन्छ । पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको प्रारम्भ अठारौँ शताब्दीबाट भएको हो ।[२८] अतिरञ्जना र अतिकल्पनालाई त्याग्दै मानवीय जीवनका यथार्थ पक्षहरूलाई कलात्मक रूपमा प्रकाश गर्न थालिएपछि आधुनिक उपन्यासको प्रारम्भ भएको हो । पश्चिममा उपन्यासले आधुनिक रूप अठारौँ शताब्दीमा प्राप्त गऱ्यो । यसको पृष्ठभूमिमा ग्रिक सभ्यता र समग्र पाश्चात्य सभ्यताका धरोहर मानिने होमरका **इलियड** र **ओडिसी** महाकाव्यहरू रहेका छन् । त्यसबाहेक यहुदीहरूको आचारग्रन्थ **ओल्डटेस्टामेन्ट** र क्रिश्चियनहरूको धार्मिकग्रन्थ **न्यु टेस्टामेन्ट** (बाइबल) हरूको भूमिका पनि उपन्यासको विकासमा महत्त्वपूर्ण रहेको पाइन्छ । ईसाको प्रारम्भतिर आइपुग्दा रोम र ग्रिसमा चर्चित इसपनीतिकथाहरू पनि पाश्चात्य उपन्यासका विकासका निम्ति उदाहरणीय छन् । त्यसपछि देखिएका भर्जिलको **एनिड** र दाँतेको **डिभाइन कमेडी** पनि आख्यानात्मक रचना भएकाले उपन्यासको प्रारूप निर्माणमा यिनको सहयोग पुगेको छ ।[२९] पाश्चात्य साहित्यमा मध्यकालको पूर्वार्द्धमा

---

[२७] राय; ई. १९७३ : ४

[२८] वाटर र सटउड, ई. १९५६ : १४१९

[२९] सुवेदी, २०६४ : ९

खासै साहित्यिक उन्नति नभए पनि विविध स्रोतबाट सङ्कलित रचनाहरूमा आख्यान तत्त्व रहेको पाइन्छ ।[३०] पुनर्जागरण कालमा सङ्कलित इटालेली कथाहरूलाई नोबेला भन्ने गरिएको पाइन्छ ।[३१] यसको उदाहरणस्वरूप बोकासियोको **डेकामेरन**का कथाहरूलाई लिन सकिन्छ ।[३२] सयओटा कथाहरूको सङ्ग्रह रहेको **डेकामेरन**को योगदान पाश्चात्य आख्यान विकासमा उल्लेखनीय रहेको पाइन्छ । यसकै प्रभावमा आएर फ्रान्स, स्पेनलगायत युरोपेली देशहरूमा आख्यानात्मक गद्यलेखनप्रति अभिरुचि बढेको पाइन्छ । यसपछि विभिन्न विद्वान्‌हरू गद्यमा नवीन मान्यता स्थापना गर्न विविध प्रयोगतर्फ उन्मुख रहेको पाइन्छ । यसैक्रममा ई १७१९ मा ड्यानियल डिफोको **रबिन्सन क्रुसो** कृतिलाई आधुनिक उपन्यासको प्रवर्तक कृति मानिन्छ ।[३३] कृतिमा पाठकलाई विश्वासयोग्य बनाएको, यथार्थ कल्पना भएको, सूक्ष्म वर्णन भएको र मानवविषय भएकाले नै यसलाई आधुनिक उपन्यास मानिएको हो ।[३४]

पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा स्यामुअल रिचर्डसनको **पामेला** (ई. १७४०), हेनरी फिल्डिङको **जुसेफ अन्ड्रान्स** (ई. १७४२) आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुँदै गएको पाइन्छ । त्यसकै निरन्तरता स्वरूप पश्चिममा आजसम्म पनि नवीन प्रवृत्तिका साथ उपन्यासलेखन अघि बढिरहेको छ ।

## ३.३ पौरस्त्यमा

पूर्वीय साहित्यको आदिस्रोतका रूपमा संस्कृत वाङ्मयका इतिहास पुराण, उपनिषद्  तथा ब्राह्मण ग्रन्थ हुँदै प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । उपन्यासमा आख्यानतत्त्व मूल रूपमा रहने हुँदा पनि यसको आदिस्रोत ऋग्वेदलाई मान्न सकिन्छ ।

---

[३०]इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३

[३१] इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३

[३२] वेन्टन द्रय, ई १९८१ : २७७

[३३] इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३

[३४]इन्साइक्लोपिडिया, ई. १९६६ : ७६३

आधुनिक मान्यताका दृष्टिकोणले पूर्वमा १९ औँ शताब्दीसम्म कुनै उपन्यास नलेखिए पनि प्राचीन ग्रन्थ **ऋग्वेद**मा कथावस्तु, पात्र र कथोपकथन भेटिन्छ ।[३५] **ऋग्वेद**भित्र रहेका यमयमीका संवाद, पुरुरवा-उर्वसीका संवादले (शर्मा, २०५६ : २५-२६) यसमा आख्यान रहेको पुष्टि हुन्छ । त्यसैगरी **ब्राह्मणग्रन्थ** र **उपनिषद्**हरूमा हरिश्चन्द्रको कथा एवम् याज्ञवल्क्य र मैत्रेयीका कथा पनि भेटिन्छन् ।[३६] पौराणिक ग्रन्थहरू **रामायण** र **महाभारत** महाकाव्यात्मक कृतिहरू छन् । यिनमा प्रशस्त आख्यानहरू विकीर्ण अवस्थामा रहेका छन् । संस्कृत भाषामा लेखिएका वाणभट्टको **कादम्बरी**, दण्डीको **दशकुमारचरितम्**, सुबन्धुको **वासवदत्ता**लगायतका थुप्रै ग्रन्थहरूको उपजीव्यका रूपमा **रामायण** र **महाभारत** नै रहेका छन् । यसरी नै यास्कको **निरुक्त** र पतञ्जलिको **महाभाष्य**मा परिनिष्ठित गद्यको नमुना पाइन्छ ।[३७] सुबन्धुको प्रथम गद्यकाव्य **वासवदत्ता** देखापरेपछि पूर्वीय साहित्यमा गद्यले काव्यभाषाको रूप लिएको देखिन्छ । यहीँबाट नै संस्कृतसाहित्यमा गद्यसाहित्यिक परम्पराको थालनी हुन्छ ।[३८] त्यसपछि देखापरेको गुणाढ्यको **बृहत्कथा**मा लोकाख्यानमूलक मानव कथा छ[३९] भने विष्णु शर्माको **पञ्चतन्त्र** पनि नीतिकथाको नमुना हो । यसै गरी लोकप्रिय कथाकृतिका रूपमा **हितोपदेश** आउँछ । यसमा कथाभित्रै नीतिलाई छद्म रूपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त **कथासरित्सागर**, **बेतालपच्चिसी**, **सहस्ररजनी**जस्ता कृतिहरू पनि आख्यानयुक्त रचनाका रूपमा आएका छन् । यसरी हेर्दा वैदिक कालदेखि **ब्राह्मणग्रन्थ**, **उपनिषद्** र **पौराणिक** ग्रन्थहरू हुँदै लौकिक साहित्यमा आइपुग्दा आख्यानले रचनाको अभिन्न अङ्गको रूप लिएको पाइन्छ ।

आधुनिक आर्यभाषाहरूको जन्मसँगै पूर्वीय साहित्यमा आख्यानको विकास र पाश्चात्य साहित्यको प्रभावमा तीव्रता आएको पाइन्छ । जियोभानी बोकासियोको

---

[३५]रांग्रा, ई. १९६१ : ११०

[३६] रांग्रा, ई. १९६१ : ११०

[३७] शर्मा, २०५६ : ११०

[३८] शर्मा, २०५६ : १७८

[३९] शर्मा, २०५६ : १७८-१७९

**डेकामेरन्** तथा डिफोको **रबिन्सन क्रुसो**को प्रभाव बढ्न थालेपछि पूर्वमा पनि आख्यानले नयाँ फड्को मार्न थालेको पाइन्छ । यसैक्रममा बङ्गाली उपन्यासकार बङ्किमचन्द्र चट्टोपाध्यायको **राजमोहन वाइफ** (ई. १८५६) अङ्ग्रेजी भाषामा प्रकाशित भएको पाइन्छ । यसलाई पश्चिमको नोवेलकै पर्याय मानेर लेखिएको पहिलो पूर्वीय उपन्यास[४०] मानिएको छ । यसबाहेक चट्टोपाध्यायकै अन्य तेह्रवटा उपन्यास बङ्गला भाषामा प्रकाशित भएका पनि छन् ।[४१] त्यसपछि बङ्गाली हुँदै हिन्दी साहित्यमा प्रवेश गरेको उपन्यासलेखनपरम्पराले नवीन प्रवृत्ति र रूप ग्रहण गर्दै अगाडि बढेको पाइन्छ । यसै क्रममा बीसौँ शताब्दीबाट नेपाली साहित्यमा पनि आख्यानप्रबल भएका वा अनूदित उपन्यासलेखनको परम्परा सुरु भएको छ ।

## ३.४ नेपाली उपन्यासको विकासक्रम

राजनीतिक रूपमा नेपालको एकीकरणसँगै नेपाली भाषाले केन्द्रीयताको अवस्था प्राप्त गर्दै जान लागेको पाइन्छ । एकीकरणपश्चात् नै नेपाली भाषामा लामालामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ । मूलतः उपन्यास आख्यानात्मक भएकाले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा आख्यानको उद्भवसँग उपन्यासको पनि आरम्भ भएको मान्न सकिन्छ । यसरी हेर्दा संस्कृत भाषाबाट नेपाली भाषामा अनूदित शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** (वि. सं. १८२७) नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरूप हो ।[४२] शक्तिबल्लभ अर्यालको **विराटपर्व**बाट सुरु भएको नेपाली उपन्यासपरम्परा विभिन्न मोड र चरणहरू पार गर्दै वर्तमान अवस्थासम्म आइपुगेको छ । नेपाली उपन्यासको विकासक्रम वा चरणहरूको बारेमा विद्वान् तथा समीक्षकहरूबीच मतैक्यको स्थिति नभए पनि आरम्भबिन्दु भने सबैले वि. सं. १८२७ को **महाभारत विराटपर्व**लाई मानेका छन् । त्यसकारण यही गद्यकृतिबाट नेपाली उपन्यासको विकासको थालनी भएको मान्न सकिन्छ । भाषा, लेखनशैली, उद्देश्य र

[४०] प्रधान, २०४० : १०

[४१] प्रधान, २०४० : १०

[४२] बराल र अन्य, २०५६ : ७७

प्रस्तुतिलाई आधार मान्दै नेपाली उपन्यासको इतिहासलाई निम्न तीन कालखण्डमा विभाजन गर्न सकिन्छ :

**(क) वि. सं. १८२७ देखि १९४५ सम्म प्राथमिक काल**

**(ख) वि. सं. १९४६ देखि १९९० सम्म माध्यमिक काल**

**(ग) वि. सं. १९९१ देखि हालसम्म आधुनिक काल**

## ३.४.१ प्राथमिक काल

नेपाली उपन्यासपरम्परामा वि. सं. १८२७ मा शक्तिबल्लभ अर्यालद्वारा अनूदित **महाभारत विराटपर्व**बाट प्राथमिक काल आरम्भ हुन्छ ।[४३] ११८ वर्षको अन्तरालमा फैलिएको नेपाली उपन्यासको प्रथमरचरणका आख्यानहरू मूलतः संस्कृतबाट र आंशिकमा अङ्ग्रेजीबाट पनि अनूदित भएका छन् । **विराटपर्व**पछि वि. सं. १८३३ मा भानुदत्तले अनुवाद गरेको **हितोपदेश मित्रलाभ** नेपाली उपन्यासपरम्परामा देखापरेको महत्त्वपूर्ण कृति हो । यसै गरी शक्तिबल्लभ अर्यालकै **हास्यकदम्ब** (वि. सं. १८५५) र भवानीदत्त पाण्डेको **मुद्राराक्षस** (वि. सं.१८९० तिर) पूर्णतया आख्यानात्मक कृति हुन् । दण्डीको **दशकुमार चरित** (वि. सं. १८७५), **कृष्णचरित्र** तथा वाणभट्टको **कादम्बरी** पनि आख्यानतत्त्व भएका कृति हुन्।[४४] त्यसै गरी कतिपय प्राथमिक कालीन आख्यानहरू अङ्ग्रेजी भाषाबाट पनि नेपालीमा अनूदित छन् । यिनमा सेरामपुरको **बाइबल** (वि. सं. १८८४), पादरी गङ्गाप्रसाद प्रधानको **नेपाली बाइबल** (वि. सं. १९४०) आदि अङ्ग्रेजीबाट नेपालीमा अनूदित आख्यान हुन् ।[४५] आख्यानअन्तर्गत कथाक्षेत्रमा देखापरका अन्य कृतिहरूमा **बहत्र सुधाको कथा**, **बेताल पञ्चविंशतिका**, **स्वस्थानी व्रतकथा**, **मुन्सीका तीन आहान** आदि रहेका छन् ।

---

[४३] प्रधान, २०५३ : २२

[४४] प्रधान, २०४० : ११६

[४५] भट्टराई, २०५० : ८७

प्राथमिककालीन आख्यान परम्परा उपन्यासगत आकार प्राप्तिका हिसाबले महत्त्वपूर्ण तथा मौलिककता दृष्टिले नवीन छैन तर अनुवाद रूपान्तरण तथा आख्यान लेखनतर्फ अभिरुचि जगाउने हिसाबले प्राथमिक काल महत्त्वपूर्ण देखिन्छ । अनुवाद नै भए पनि कथासूत्रप्रक्रिया, गद्यशैली र आख्यानविधानका दृष्टिले यस्ता कृतिहरूको उपन्यास विकासमा महत्त्वपूर्ण योगदान रहेको छ ।[४६]

## ३.४.२ माध्यमिक काल

उर्दू, फारसी तथा अरबी साहित्यबाट प्रेरित र प्रभावित भई नेपाली भाषामा रोमाञ्चकारी साहित्यको सिर्जना हुनु नै माध्यमिक कालको थालनीको लक्षण हो ।[४७] हरिकृष्णद्वारा रचित तथा शिवदत्त शर्माद्वारा अनूदित **वीरसिक्का** (वि. सं. १८४६) बाट नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो ।[४८] यो कृति उपन्यास नै त होइन तर आख्यानको निर्माणको कोशेढुङ्गो चाहिँ हो ।[४९] नेपाली साहित्यमा मनोरञ्जनात्मक धारा, अतिरञ्जनात्मक धारा र तिलस्मीस्वरूपको लेखन माध्यमिक कालको मूल औपन्यासिक धाराका रूपमा स्थापित भएको पाइन्छ ।[५०] चिरञ्जीवी पौडेलको **प्रेम सागर** (वि. सं. १९५०), **सुखार्णव** (वि. सं. १९५७) का साथै नरदेवद्वारा प्रकाशित **नलोपाख्यान** (वि. सं. १९५९) ले **वीरसिक्का**को गतिलाई टेवा पुऱ्याएका छन् । हिन्दी उपन्यास **नरेन्द्र मोहनी**लाई सदाशिव शर्माद्वारा (वि. सं. १९६२ मा) अनुवाद गरिएपछि नेपाली उपन्यासमा तिलस्मी प्रवृत्तिको प्रवेश हुन्छ।[५१] यसै गरी गङ्गाधर शास्त्रीको **सर्वसङ्ग्रह** (वि. सं. १९५३), देवकीनन्दन खत्रीको **चन्द्राकान्ता पहिलो भाग**

[४६]प्रधान, २०४० : ११७
[४७]प्रधान, २०४० : ११८
[४८]बराल र अन्य, २०५६ : ७९
[४९]शर्मा र अन्य, २०४६ : ७३
[५०] प्रधान, २०५३ : ४०
[५१] प्रधान, २०५३ : ४३

**(वि. सं. १९५६),** पारसमणि प्रधानको **विलायत यात्रा** (वि. सं. १९७६) जस्ता हिन्दी स्रोतका आख्यान पनि यसै समयमा देखा परेका हुन्।[५२]

माध्यमिककालीन उपन्यासको विकासमा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । कतिपय पत्रिकाहरूमा उपन्यासको धारावाहिक प्रकाशनको लहर चल्छ । **गोरखापत्र** (वि. सं. १९५८), **उपन्यासतरङ्गिणी** (वि. सं. १९५९), **सुन्दरी** (वि. सं. १९६३ ) जस्ता (शर्मा र अन्य, २०४६ : १०६) पत्रिकामार्फत नेपाली उपन्यासले प्रकाशनको अवसर प्राप्त गरेका छन् । वि.सं. १९५९ मा **उपन्यासतरङ्गिणी**मा प्रकाशति सदाशिव शर्माको **महेन्द्रप्रभा** नै पहिलो मौलिक नेपाली उपन्यास हो । माध्यमिककालीन अन्य उपन्यासहरूमा गरीशबल्लभ जोशीको **वीरचरित्र** (वि. सं. १९६०), **प्रारब्धदर्पण** (वि. सं. १९६७), वेदनाथ आचार्यको **दयाकी भावी** (वि. सं. १९७९), पद्मनाभ सापकोटाको **जीवनचरित्र** (वि. सं. १९७३), रामप्रसाद सत्यालको **महासती अनुसूया** (१९८५) र अम्बालिका देवीको **राजपूत रमणी** (१९८९) आदि रहेका छन् । यी उपन्यासहरूमध्ये **दयाकी भावी** (वि. सं. १९७९), **महासती अनुसूया** र **राजपुत रमणी** यी उपन्यासहरूलाई नेपाली उपन्यास परम्पराको आधुनिक कालका निम्ति सबभन्दा पुराना र माध्यमिक कालका निम्ति सबैभन्दा नयाँ लाग्ने सङ्क्रमणकालीन उपन्यास कृतिहरूका रूपमा लिन सकिन्छ ।[५३]

माध्यमिक कालीन नेपाली आख्यानले संस्कृत स्रोतभन्दा अन्य स्रोततर्फ ढल्कने अवसर पाएको देखिन्छ । यथार्थमा भन्दा धार्मिक, आदर्शवादी, रोमान्सवादी, औपदेशिक प्रवृत्तितर्फ माध्यमिक कालका उपन्यासहरू उन्मुख भएका छन् । नारीलाई भोगविलासको साधन मान्ने र नायिका प्राप्तिका लागि हत्या, षड्यन्त्र गर्ने घटना यस अवधिका आख्यानमा देखापर्दछन्।[५४] यही अवधिमा नै लामा आख्यानलाई खण्डमा

[५२] सुवेदी, २०६४ : ४२

[५३] सुवेदी, २०६४ : ६७

[५४] प्रधान, २०४० : १२५

विभाजन गर्ने प्रयत्नका साथै चम्पूशैली क्रमशः त्याग गरेर गद्यको प्रयोग गर्न प्रवृत्ति पनि पाइन्छ ।[५५]

**वीरसिक्का**बाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा **महेन्द्रप्रभा** (वि. सं. १९५९), **वीरचरित्र** (वि. सं. १९६०), **राजपूत रमणी** (वि. सं. १९८९) हुँदै अगाडि बढेको छ । प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरू धारावाहिक रूपमा पत्रिकामा प्रकाशित हुँदै जान्छन् । अतिरञ्जित कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काइमा अभिमुख हुने प्रवृत्ति माध्यमिक कालका उत्तरवर्ती उपन्यासहरूमा पाइन्छ । स्रोतगत विस्तार र विषयगत विविधता फैलँदै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर माध्यमिक कालीन आख्यानवृत्त वा उपन्यासले प्राप्त गरेका छन् ।

## ३.४.३ आधुनिक काल

नेपाली उपन्यास साहित्यमा आधुनिक कालको प्रवर्तक समयबिन्दुका बारेमा विद्वान् तथा समीक्षकहरूबीच एकमत पाइँदैन । साहित्यिक विकासका पृष्ठभूमिलाई नियाल्दा कुनै समयविन्दुमा प्रकाशित साहित्यिक कृतिविशेषले कुनै वाद वा प्रणालीको सटीक तवरले स्थापना वा व्याख्या गरेको पाइँदैन । परम्परागत चिन्तनको जगमा उभिएर अधुनातन नवमूल्य र प्रवृत्तिहरूलाई आत्मसात् गर्न खोज्ने कृतिहरूको आधारमा आधुनिकता सिद्ध गर्न सकिन्छ । परिवर्तनशील समाज, नवीन चिन्तनप्रणाली र नयाँ पर्यावरणमा दृश्यमान समकालीन तथ्यहरूलाई साहित्यका सन्दर्भमा कृतिमा सन्निविष्ट गर्दै जानुमा आधुनिकता निहीत देखिन्छ । यसरी हेर्दा आधुनिकता भनेको निश्चित समयबिन्दुमा बाँधिने कुरा नभई यो त समाज, मानवीय चिन्तनको विकास र व्यापकतासँगै गतिशील रहने देखिन्छ ।

---

[५५] भट्टराई, २०५० : २६०

नेपाली उपन्यास साहित्यको आधुनिक कालको प्रवर्तन सम्बन्धमा समीक्षक भानुभक्त पोखरेलले वि. सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती** उपन्यासलाई आधुनिक मानेका छैनन् । आदर्श र नीतिशिक्षामा जोड दिइकाले **रूपमती** यथार्थपरक छैन भन्दै वि. सं. १९९३ मा प्रकाशित रूपनारायण सिंहको **भ्रमर**बाट उनी आधुनिक कालको सुरुआत भएको मान्दछन् ।[५६] **रूपमती**ले आदर्शाको प्रबलता, काल्पनिक तत्त्वको सहाराजस्ता परम्परालाई छाड्न नसकेका कारण आधुनिक मान्न नसकिने भन्दै **भ्रमर**ले आधुनिक कालको सुरुआत गरेको तर्क अघि सारिएको पनि पाइन्छ । कतिपय विद्वान्हरूले **रूपमती**बाटै आधुनिकताको सुरुआत भएको भन्दै **रूपमती**लाई पहिलो आधुनिक उपन्यास मान्ने आधारहरू प्रस्तुत गरेको पाइन्छ । तिनका अनुसार पाश्चात्य नोवेल को प्रभाव पर्नु, सामाजिकयथार्थ पाइनु, परिवेशगत चेतना पाइनु, मानवीय मूल्यको अन्तर्भाव पाइनु, विषय र शैलीमा विविधता पाइनु आदि कुराहरू रहेका छन् ।[५७] नेपाली उपन्यासपरम्परामा औपन्यासिक शिल्पद्वारा परवर्ती स्वरूपलाई दिशानिर्देश गर्न खोज्ने पहिलो कृतिका रूपमा **रूपमती** देखिएको छ । यसले पुराना रूढिवादी विचारधारा र संस्कारगत सामाजिक मान्यताप्रति व्यङ्ग्य गर्दै स्वप्नील जगत्का अतिभौतिक, अतिरञ्जनात्मक तथा अतिकाल्पनिक तत्त्वहरूलाई हटाई नेपाली उपन्यास धरातलमा नयाँ आयाम थपेको छ ।[५८] वास्तवमा **रूपमती** उपन्यास प्राथमिककालीन नीतिमूलक, माध्यमिक कालीन, जासुसी, तिलस्मी आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित छ । त्यसकारण यसले सामाजिक धरातलमा सम्भाव्य र स्वाभाविक घटनाको संयोजन गरेको छ । मानवीय चरित्र, वस्तुयथार्थ, द्वन्द्व, कुतूहलता र सामान्य बोलीचालीको भाषाप्रयोग गरेर आधुनिक ढाँचाको प्रथम प्रयोग **रूपमती**ले दिएको पाइन्छ । प्रस्तुत उपन्यासमा नेपाली समाजमा हुँदै आइरहेको बुहारीमाथिको सासूको हैकमपूर्ण व्यवहारलाई चित्रित गरिएको बुहारी भएपछि सासू,

[५६] पोखरेल, २०४० : १९३

[५७] श्रेष्ठ र अन्य, २०४६ : १९३

[५८] (प्रधान, २०४० : १२७)

देवरको लाञ्छना सहनु पर्ने र देवरानी, जेठानीका बीचमा हुने कलह, वैमनस्यताजस्ता समाजका यथार्थ पक्षहरूलाई टिपेर प्रस्तुत गरिएकाले यो यथार्थपूर्ण देखिन्छ । बुहारी हुनु त **रूपमती**जस्ती भन्ने आदर्श स्थापना गर्न खोजिएकाले यो आदर्शोन्मुख यथार्थवादी उपन्यास हो ।

यसरी **रूपमती** (वि. सं. १९९१) देखि सुरु भएको नेपाली उपन्यासको आधुनिक काल विभिन्न समयमा विभिन्न प्रवृत्तिलाई आत्मसात् गर्दै आजको अवस्थासम्म गतिशील छ । नेपाली उपन्यासहरूमा हालसम्म देखिएका संस्कारगत भिन्नताको आधारमा वि. सं. १९९१ देखि वर्तमानसम्मको नेपाली उपन्यासलेखन प्रवृत्तिलाई मोटामोटीमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(१) आदर्शोन्मुख यथार्थवादी

(२) स्वच्छन्दतावादी धारा

(३) सामाजिक यथार्थवादी

(४) आलोचनात्मक यथार्थवादी

(५) मनोविश्लेषणात्मक

(६) विसङ्गतिवादी

(७) अस्तित्ववादी

(८) समाजवादी यथार्थवादी

(९) नवचेतनामूलक/उत्तरआधुनिक

## ३.४.३.१ आदर्शोन्मुख यथार्थवादी

वस्तु जस्तो छ त्यसलाई त्यसै रूपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । समाजमा जे छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात् जस्तो हुनुपर्दछ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन,

मर्यादा र अनुसरणीय गुणहरूलाई नै व्यापक अर्थमा आदर्श ।[५९] मानवसमाज र यथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ, त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ ।[६०] नेपाली उपन्यासपरम्परामा रूद्रराज पाण्डेको **रूपमती**बाट आदर्शोन्मुख यथार्थवादी लेखनको सुरु हुन्छ।[६१] मोहनबहादुर मल्लको **उजेली छामा** (वि. सं. २००८), **पञ्चायत** (वि. सं. २०१०) **समयको हुरी** ( वि. सं. २०१५), अच्छा राई 'रसिक'को **लगन** (वि. सं. २०१२), भुवनेश्वर कोइरालाको **सत्यसन्देश** र **विधुवा जीवन** (वि. सं. २०१३), लीलाध्वज थापाको **मन** (वि. सं. २०१४), इन्द्र सुन्दासको **मङ्गली** (वि. सं. २०१५) आदि यस धाराका उपन्यासहरू हुन्।[६२]

समयगत दृष्टिले यस धारामा धेरै लेखकहरू देखिएका छन् । वि. सं. २००३ सम्म यो धारा प्रमुख धाराका रूपमा रहेको र त्यसपछि अन्तर्धाराका रूपमा अघि बढेको पाइन्छ । यस धारा वा प्रवृत्तिका उपन्यासमा सामाजिक विषयको प्राधान्य रहेको छ भने नारी जीवनका दु:ख, पीडा उद्घाटन गर्दै नारीले अपनाउनु पर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् ।[६३] उपन्यासमा सम्प्रेषणीयताको ख्याल गरेर सरल र बोलीचालीको भाषाप्रयोग गरिएको पाइन्छ । सामाजिक यथार्थलाई वस्तुका रूपमा ग्रहण गरेर त्यसैको आधारमा आदर्शवादी शिक्षा यस धाराका उपन्यासले दिन खोजेका छन् ।

### ३.४.३.२ स्वच्छन्दतावादी नेपाली उपन्यास

मानिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढङ्गबाट व्यक्त गर्ने काम स्वच्छन्दतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरीत कल्पना र भावावेगमाथि

---

[५९]सुवेदी, २०६४ : ६३

[६०]बराल र अन्य, २०५६ : ९८

[६१]प्रधान, २०५३ : ७७

[६२]प्रधान, २०५६ : ९८

[६३]बराल र अन्य, २०५६ : १०१

विशेष जोड दिने कलात्मक प्रवृत्तिविशेष स्वच्छन्दतावाद हो ।[६४] अतीतोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनामा विचरण गर्नु रहेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा रूपनारायण सिंहको **भ्रमर** (वि. सं. १९९३) देखि स्वच्छन्दतावादी धाराको अभ्युत्थान भएको हो ।[६५] यसबाहेक शिवकुमार राईको **डाकबङ्गला** (वि. सं. २०१३), समीरण प्रियदर्शीको **पोखिएको जीन्दगी** (वि. सं. २०२८), हिरण्य भोजपुरेको **छिटेन** (वि. सं. २०५४), होमराज आचार्यको **निर्दोष कैदी** (वि. सं. २०५४) आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ३.४.३.३ सामाजिक यथार्थवादी उपन्यास

समाजमा भएगरेका कुराहरूलाई तटस्थ रूपमा प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थवादी मान्यता हो । मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यमान्यता सामाजिक यथार्थवाद हो ।[६६] लैनसिंह वाङ्गदेलको **मुलुक बाहिर** (वि. सं. २००४) सामाजिक यथार्थवादी धाराको पहिलो नेपाली उपन्यास हो ।[६७] वाङ्देलका **माइतघर** (वि. सं. २००४), **लङ्गडाको साथी** (वि. सं. २००८), **रेम्ब्रान्ट** (वि. सं. २०२३), लीलबहादुर छेत्रीको **बसाइँ** (वि. सं. २०१४), **अतृप्त** (वि. सं. २०२६), **ब्रह्मपुत्रको छेउछाउ** (वि. सं. २०४३), केशवराज पिँडालीको **बाँच्ने एउटा जीन्दगी** (वि. सं. २०४३), राजेश्वर देवकोटाका **आवर्तन** (वि. सं. २०४१), **पूर्वकथा** ( वि. सं. २०४३), **उत्सर्ग प्रेम** (वि. सं. २०४४) र सुस्मिता नेपालका **एकान्त पनि रून्छ** (वि. सं. २०५३), **मेरा छातीका कोलाजहरू** (वि. सं. २०५५) आदि यस धाराका उपन्यासहरू हुन् ।[६८] सामाजिक यथार्थवादी धारा वि. सं. २०१० सालसम्म प्रमुख

---

[६४] जोशी, २०३८ : १९

[६५] सुवेदी, २०६४ : ८४

[६६] जोशी, २०३८ : ६३

[६७] प्रधान, २०५३ : ५८

[६८] बराल र अन्य, २०५६ : १०२

धाराका रूपमा र त्यसपछि अन्तर्धाराका रूपमा प्रवाहित छ । नेपाली उपन्यासपरम्परामा सबैभन्दा बढी उपन्यास सामाजिक यथार्थवादी धारामा लेखिएको पाइन्छ । यस धाराका उपन्यासले समाजका मध्यम वर्ग र निम्न वर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवादी उपन्यासहरू तीव्र गद्यात्मक स्वरूपका छन् । **बसाइँ** यस धाराको सशक्त कृतिका रूपमा आएको छ भने **माइतघर** र **लङ्गडाको साथी** यस धाराका अन्य प्रमुख उपन्यासहरू हुन् । यसरी समाजका यथार्थपक्षहरूलाई विभिन्न कोणबाट हेर्ने र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृत्ति यिनमा पाइन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

## ३.४.३.४ आलोचनात्मक यथार्थवादी उपन्यास

सामाजिक विसङ्गतिमा अडेको चिन्तनप्रणालीलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । क्रान्तिकारी र श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमजाल विछ्याएर त्यसलाई निष्क्रिय तुल्याउने चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ ।[६९] यथास्थितिप्रति पूर्ण विमति राख्दै त्यसभित्रका समाजविरोधी तत्त्वहरूको तीव्र आलोचना गर्ने साहित्यलाई प्रगतिशील साहित्य भन्न सकिन्छ । यस किसिमका लेखनलाई प्रकारान्तरमा आलोचनात्मक यथार्थवादी लेखन भनिन्छ ।

नेपाली उपन्यासपरम्परामा सामाजिक यथार्थवादपछिको लेखनप्रवृत्तिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको **लङ्गडाको साथी**ले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्न थालेको पाइन्छ । यस धाराअन्तर्गत लेखिएका उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको **को अछूत** ? (वि. सं. २०१७), हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** (वि. सं.२०११) र **एकचिहान** (वि. सं. २०१७), खड्गबहादुर

[६९] सुवेदी, २०६४ : १८७

सिंहको **विद्रोह भाग १** (वि. सं. २०११) र **विद्रोह भाग २** (वि. सं. २०१३), शिवकुमार राईको **डाकबङ्गला** (वि. सं. २०१३), जगदीश घिमिरेका **लिलाम** (वि. सं.२०३७) **साविती** (वि. सं. २०३२), रमेश विकलका **सुनौली** (वि. सं. २०३१), **अविरल बग्दछ इन्द्रावती** (वि. सं. २०४०) आदि आलोचनात्मक यथार्थवादी उपन्यास हुन् ।[७०]

पूँजीवाद शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचना मात्र आलोचनात्मक यथार्थवादको मौलिकताका रूपमा देखिन्छ । नयाँ तर अपरिभाषित मान्यता र जीवनपद्धतिको स्थापना गर्नु पर्ने र तथ्यको उद्‌घाटन गर्नु पर्ने क्रान्तिकारी स्वच्छन्दतावादी स्वर पनि आलोचनात्मक यथार्थवादमा पाइन्छ । वर्गीय समाजमा देखिने समस्याको आन्तरिक विसङ्गतिलाई चिरफार गरेर देखाउन र तिनका अन्तरतहका समष्टि पक्षलाई छर्लङ्ग्याउन यो धारा सक्षम देखिँदैन । यसरी यथास्थितिप्रतिको विमति र त्यसले जन्माउन सक्ने विकृतिको विरोध गर्ने काम आलोचनात्मक यथार्थवादी स्रष्टाहरूमा पाइन्छ ।

### ३.४.३.५ मनोविश्लेषणात्मक उपन्यास

मानवीय व्यवहारको अध्ययन गर्ने क्रममा अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्‌घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भन्ने गरिएको पाइन्छ । मान्छेका मनस्तत्त्वका अन्तर्तहमा रहेका अपरिभाष्य र अनेकतम पत्रहरू, कोण तहहरूमा सुषुप्त अवस्थामा रहेका अतृप्तिजन्य उत्सुकता र इच्छाहरूको प्रस्तुति गर्ने क्रममा मनोविज्ञानले आफूलाई समर्पित गरेको छ ।[७१] साहित्यका सन्दर्भमा पात्र वा चरित्रका अन्तर्मनका कुण्ठा, विषाद, अतृप्ति, इच्छावृत्ति तथा आकाङ्क्षाहरूलाई अध्ययन वा सिर्जनाका माध्यमबाट प्रस्तुत गर्ने सिद्धान्तविशेषलाई मनोविश्लेषणात्मक सिद्धान्तका रूपमा चिन्न सकिन्छ । मानवीय क्रियाकलापहरूको प्रेरक तत्त्व मानिएको कामवृत्ति, मानवजीवनका मूल प्रवृत्तिहरू, मानसिक तह र विभिन्न किसिमका

[७०] सुवेदी, २०६४ : १९०
[७१] सुवेदी, २०६४ : २४५

ग्रन्थिहरूका माध्यमबाट चरित्रको उद्घाटन गर्ने काम मनोविश्लेषणात्मक उपन्यासले गर्दछ । संवेगात्मकताका हिसाबले नेपाली उपन्यास साहित्यमा वि. सं. २०१५ साल पूर्वका हृदयचन्द्रसिंह प्रधान, लैनसिंह वाङ्देल र तुलसीराम कुँवरका उपन्यासहरूमा मनस्थितिको पातलो प्रयोग भइसकेको पाइन्छ । यसरी नै लीलबहादुर क्षेत्री, लीलाध्वज थापा र दौलतविक्रम विष्टका उपन्यासले पनि यस दिशामा केही मद्दत पुऱ्याएको देखिन्छ । मनोविश्लेषणको विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यासका रूपमा गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (वि. सं. २०१६), आएको छ । विजय मल्लको **अनुराधा** (वि. सं. २०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** ( वि. सं. २०२५), **सुम्निमा** (वि. सं. २०२७), तारिणीप्रसाद कोइरालाको **सर्पदंश** (वि. सं. २०२६), नकुल सिलवालको **तेस्रो पाइला** (वि. सं. २०४५) आदि उपन्यासहरू मनोविश्लेषणात्मक उपन्यासहरू हुन् ।

### ३.४.३.६ विसङ्गतिवादी वा अतियथार्थवादी उपन्यास

सर्वत्र असङ्गति र विसङ्गत अवस्था नै जीवनजगत्‌को मूलभूत कुरा हो भन्ने मान्यता विसङ्गतिवाद वा अतियथार्थवाद हो । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहार, विध्वंश र अव्यवस्थितिले मूल्यहीन अवस्थामा पुगेको मानवजीवनको यथार्थलाई साहित्यका सन्दर्भमा विसङ्गतिवादी धाराले प्रस्तुत गरेको पाइन्छ । विश्वपरिवेशमा देखिने गरेका राजनीतिक प्रतिबद्धता र व्यवहारिकताबीचको विसङ्गति, मानवीय इच्छा-आकाङ्क्षाबाट जन्मेको विसङ्गतिलाई यस धाराले आत्मसात् गर्दछ । त्यसरी नै जन्म, युवावस्था, वृद्धावस्था एवम् रूग्णता आदि कारणबाट जन्मेको विसङ्गति, भूत र वर्तमान एवम् जीवनचक्रका विविध विसङ्गत अवस्थालाई समेत विसङ्गतिवादले प्रस्तुत गरेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (वि. सं. २००८) ले सङ्केत गरेको विसङ्गतिवादी धारालाई ठोस रूपमा इन्द्रबहादुर राईको

**आज रमिता छ** ( वि. सं. २०२१) उपन्यासले स्थापित गरेको पाइन्छ । विसङ्गतिवादी परम्परामा लेखिएका अन्य नेपाली उपन्यासहरूमा पारिजातको **शिरीषको फूल** (वि. सं. २०२२), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (वि. सं. २०२४), **बालुवामाथि** (वि. सं. २०२८), **डापी** (वि. सं. २० ? ), सरुभक्तको **पागलबस्ती** (वि. सं. २०४८), ध्रुव सापकोटाको **विखण्डित** (वि. सं. २०५७) आदि उपन्यासहरू पर्दछन् ।

जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति दिन शिल्पशैलीमा क्रमबद्धता अस्वीकार गर्नु विसङ्गतिवादी लेखनको वैशिष्ट्यका रूपमा देखिएको छ ।

## ३.४.३.७ अस्तित्ववादी उपन्यास

मान्छेको वैयक्तिक जीवनलाई नूतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन चाहने सिद्धान्त अस्तित्ववाद हो ।[७२] अन्य चिन्तनप्रणालीका तुलनामा यो अन्तर्मुखी चिन्तनप्रणाली हो । सुकरात र सेन्ट अगस्टिनजस्ता प्राचीन पाश्चात्य चिन्तकहरूका चिन्तनमा पनि वस्तुको भावसत्ता पहिल्याउने प्रयत्न गरिएको पाइनाले पनि अस्तित्ववाद अभौतिक दर्शन हो र यो पुरातन समयदेखि चल्दै आएको चिन्तन प्रणाली हो ।[७३] राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक आदि विविध विसङ्गतिका कारणबाट जन्मिने विसङ्गतिवादसँग यसको नजिकको सम्बन्ध रहेको देखिन्छ ।

नेपाली उपन्यास परम्परामा पारिजातको **शिरीषको फूल** (वि. सं. २०२२) बाट अस्तित्ववादी उपन्यास लेख्न थालिएको पाइन्छ । अस्तित्ववादी अन्य नेपाली उपन्यासहरूमा पारिजातको **महत्ताहीन** (वि. सं. २०२५), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (वि. सं. २०२४), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (वि. सं. २०२५), **सुम्निमा**

---

[७२]जोशी, २०३८ : ११३

[७३]सुवेदी, २०६४ : ३३०

(वि. सं. २०२७), सरुभक्तको **पागलबस्ती** (वि. सं. २०४८), **तरुनी खेती** (वि. सं. २०५२) र **समय त्रासदी** (वि. सं. २०५८) आदि देखिएका छन् ।

अस्तित्ववादीहरूले व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या, व्यक्तिको स्वतन्त्रता वैयक्तिक दायित्व, व्यक्तिगत विशिष्टताजस्ता विषयलाई महत्त्व दिएको पाइन्छ । यो दर्शन बौद्धिक हुँदाहुँदै पनि दिग्भ्रमित तुल्याउने ठानिने हुनाले केही अस्पष्टताका बीचमा पनि फस्टाउँदै गएको पाइन्छ । युवा बौद्धिक समुदायका बीचमा लोकप्रिय भए तापनि समष्टिमा यसलाई सङ्घर्षभन्दा पलायनतिर अभिमुख भएको दर्शनको रूपमा लिने गरेको पाइन्छ ।

## ३.४.३.८ समाजवादी यथार्थवादी उपन्यास

आलोचनात्मक यथार्थवादको तहबाट उन्मुक्त भएपछि समाजवादी यथार्थवादको स्थापना हुन्छ । सृजना क्षेत्रमा समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादको विकसित रूपमा स्थापित भएको विचारधारा हो ।[७४] मान्छे जतिजति आफ्ना वरिपरिका प्राकृतिक वातावरणलाई आफ्नो पक्षमा रूपान्तरण गर्दै जान्छ । त्यतित्यति नयाँ र अज्ञात भण्डारमा नवीन तथ्य प्राप्त गर्दै र त्यसलाई समाजको अनुकूल आकृतिमा रूपान्तरित गर्दै जाने प्रवृत्ति नै प्रगतिवाद हो ।[७५] प्राविधिक शब्दमा यसलाई समाजवादी यथार्थवाद भन्नु उपयुक्त देखिन्छ ।[७६] समाजवादी यथार्थवादमा सुदृढ भविष्यप्रति विश्वास गरिने हुँदा उक्त भविष्य प्राप्तिका निम्ति सङ्घर्ष गर्ने गतिशील व्यक्तिहरू नै यस किसिमका रचनाहरूमा पात्र वा चरित्रका रूपमा उपस्थापित हुन्छन् । समाजवादी यथार्थवादमा सौन्दर्यशास्त्रीय कला स्वाभाविक र अयान्त्रिक रूपमा प्रयुक्त हुन्छ । लेखक वा स्रष्टा आफूले आत्मसात् गरेका सचेतन एवम् ऐतिहासिकतावादी

---

[७४] सुवेदी, २०३८ : ४२३

[७५] फिसर, सन् १९९० : ८८

[७६] सुवेदी, २०६४ : १८४

चिन्तनबाट कलाको सृजना गर्दछ भने त्यस्ता कलामा समाजवादी यथार्थवाद प्रबल रूपमा देखापर्दछ ।[७७]

नेपाली साहित्यमा अनौपचारिक र स्वतस्फूर्त रूपमा समाजवादी यथार्थवादी लेखनको प्रारम्भ वि. सं. २००७ सालअघि नै भएको पाइन्छ । औपचारिक रूपमा यस चिन्तनको प्रारम्भ २००७ सालपछि मात्र भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली साहित्यमा आजसम्म पनि समाजवादी यथार्थवाद पूर्ण रूपमा स्थापित हुन सकेको छैन ।[७८] नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा मुक्तिनाथ तिमल्सिनाको **को अछूत ?** (वि. सं. २०११), हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (वि. सं. २०११), खड्गबहादुर सिंहको **विद्रोह भाग १** (वि. सं. २०११), र **विद्रोह भाग २** (वि. सं. २०१३), डी. पी. अधिकारीको **आशमाया** (वि. सं. २०२५) र **धर्ती अफै बोल्दैछ** (वि. सं. २०२७), खगेन्द्र सङ्गौलाको **चेतनाको पहिलो डाक** (वि. सं. २०२७), **आमाको छटपटी** (वि. सं. २०३४), पारिजातका **तोरीबारी बाटा र सपनाहरू** (वि. सं. २०३२), **पर्खाल भित्र र बाहिर** (वि. सं. २०३५), रमेश बिकलको **अबिरल बग्दछ इन्द्रावती** (वि. सं. २०४०), भाष्करका **बन्दी आवाज** (वि. सं. २०४६), **हाँडीका कनिका** (वि. सं. २०४५) र **अमरबस्ती** (वि. सं. २०५३), घनश्याम ढकालका **गाउँभित्र** (वि. सं. २०४७), **रातो आकाश** (वि. सं. २० ?) **आहुतिको नयाँ घर** ( वि. सं. २०..), **स्खलन** (वि. सं. २० ?), नारायण ढकालका **सहरतन्त्र** (वि. सं. २०५०), **इर्फान अली** (वि. सं. २०५१) तथा **दुर्भिक्ष** (वि. सं. २० ?) आदिलाई लिन सकिन्छ । मान्छेका संस्कारमा जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखेलेर फ्याक्नुपर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रूढि र भ्रमजाललाई चिर्न सक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगत्लाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचनाजस्ता कामको थालनी हुनु पर्ने कुरामा यसले जोड दिएको छ । समाजवादी यथार्थवाद संस्कार, धर्म र

[७७] चापागाईं, २०५१ : ७३

[७८] सुवेदी, २०६४ : ४२२

विश्वासप्रतिको जातिपाती र छुवाछुतका भेदभावप्रतिको, परिमार्जनवादी चिन्तन पद्धति हो । [७९]

## ३.४.३.९ नवचेतनामूलक उपन्यास

आधुनिक युगको महाकाव्य भनिने उपन्यासमा महाआख्यानको समाप्तिको घोषणासँगै परिवर्तनशील रूप र सन्दर्भ देखिन थालेको पाइन्छ । त्यसैले समकालीन उपन्यासमा आजको मानिसले जसरी जीवनयापन गर्दैछ त्यस्तै किसिमको वस्तु तथा काव्यिक सौन्दर्यको निर्माण हुन थालेको पाइन्छ । महाआख्यानको अन्तको घोषणासँगै आख्यानतन्तु र आख्यानप्रबन्ध क्षीण तथा विभग्न अवस्थामा रूपान्तरित हुन थालेको पाइन्छ । त्यसकारण अहिले आख्यानका ठोस र छोटो ढाँचा प्रायः समाप्त भएको पाइन्छ । वर्तमान सन्दर्भमा विवस्तुता, विपात्रता, विकथनात्मकता, विपरिवेशात्मकता, विवैचारिकता, विसांस्कृतिकता र विमिथकीयताजस्ता मूल्यहरूको समायोजन भएको सृजनात्मक लेखनलाई अपेक्षित सत्य बनाइएको छ ।[८०]अहिले साहित्यसिद्धान्तसम्बन्धी पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजको साहित्यसिद्धान्त भनेको विविध प्रकारका चिन्तनले बनेको इन्द्रेणीवृत्त हो ।[८१] त्यहाँ भाषाको, मस्तिष्कको, इतिहासको, संस्कृतिको, समाजको विश्लेषण गर्ने वा हेर्ने नयाँ दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । आज नेपाली साहित्यका अनेकखाले पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजका धेरै रचनामा विषयवस्तु, शैली, संरचना र सार अपरिचित तत्त्व जस्तै भएर आउन सक्छन् । त्यसैले अहिलेको एउटा उपन्यासभित्र कुनै चरित्रले गीत गाउन सक्छ, कविता रच्न सक्छ । नाटकीयता प्रस्तुत गर्न सक्छ । अझ चिठीपत्र नलेखेर इमेल पठाउन सक्छ, एसएमएस पठाउँछ ।[८२] अघिका वाराणसी, कलकत्ता, दार्जिलिङ्ग, सिलगढीजस्ता

---

[७९] सुवेदी, २०६४ : १८४

[८०]सुवेदी, २०६४ : १८४

[८१] भट्टराई, २०६२ : १

[८२] भट्टराई, २०६२ : १

सयौँ स्थापित साहित्यिक केन्द्रहरू आज टाढाटाढाका अमेरिका, बेलायत, जापान, रसिया, हङ्कङ्गलगायत संसारका अनेक मुलुकतिर सर्दैछन् । अहिलेको समालोचकले परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र नपुग्ने देखिन्छ । प्रायजसो कृतिहरूमा अन्तर्विषयक प्रवृत्ति वा बहुलवादी प्रवृत्ति देखिने गरेको हुँदा समालोचक पनि बहुआयामिक हुनु पर्ने देखिन्छ । अहिलेको कृतिलाई परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र पुग्दैन किनभने साहित्यसिद्धान्त नै अहिले हजार आँखा भएको डोको जस्तो भएको छ । जसमा एउटा प्वालबाट हेर्दा आंशिकता मात्र फेला पर्दछ । त्यसका प्रत्येक प्वालबाट हेरिसकेपछि मात्र कृतिका बारेमा ठहर गर्न सकिन्छ । त्यस कारण अहिलेको समालोचक बहुआयामिक हुनु पर्ने देखिन्छ ।

नेपाली साहित्यमा यसखाले नवीन लेखनप्रवृत्तिलाई नवचेतनामूलक प्रवृत्ति[८३] वा उत्तरआधुनिकता पनि भनिएको पाइन्छ[८४] । उत्तरआधुनिकता भनेको एउटा खास प्रवृत्तिविशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण वा वर्तमान काललाई[८५] बुझ्न सकिन्छ । उत्तर आधुनिकतावादले बहुकेन्द्रवादलाई मान्यता दिने हुँदा यस प्रकारका सिर्जनाहरूमा हेपिएका, छुट्याइएका, सीमान्तीकृत तथा आजसम्म नसोचेका कतिपय सन्दर्भहरूलाई उधिन्ने काम गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा ध्रुवचन्द्र गौतमका **फूलको आतङ्क** (वि. सं. २०२५), **जेलिएको** (वि. सं. २०६२), तेजराज खतिवडाको **सर्वजा** (वि. सं. २०६०) र नारायण वाग्लेको **पल्पसा क्याफे** (वि. सं. २०६१), गोविन्दराज भट्टराईको **सुकरातका पाइला** (२०६३) जस्ता उपन्यासहरूलाई नवचेतनामूलक वा उत्तरआधुनिकतावादी चिन्तनमा आधारित रहेर सृजना गरिएका प्रतिनिधि उपन्यासका रूपमा लिन सकिन्छ ।

नेपाली उपन्यासलेखनपरम्परामा शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व**देखि सुरु भएको लामो आख्यानलेखनको परम्पराले रुद्रराज पाण्डेको **रूपमती**मा निहित

---

[८३] सुवेदी, २०६४ : ४९७-४९८

[८४]भट्टराई, २०६२ : ३१

[८५] भट्टराई, २०६२ : ३६

आधुनिक पक्षहरूको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्वपरिवेशमा देखिने नवीनचिन्तन प्रणालीहरूलाई आत्मसात् गर्दै नेपाली उपन्यास साहित्य जीवन्त एवम् गतिशील अवस्थामा अघि बढिरहेको छ ।

## ३.४.३.१०.विनिर्माणवादी उपन्यास

विनिर्माणवादको प्रवर्तन सन् १९६६ मा भएको हो । यसका प्रवर्तक फ्रान्सेली विद्वान् जाक डेरिडा हुन् । विनिर्माण शब्द अंग्रेजी deconstruction को नेपाली रुपान्तर हो । यससँग सम्वद्ध अन्य शब्द विनिर्माणवाद (deconstructionism) र विनिर्माणवादी (deconstructionist) हुन् । नेपालीमा विनिमार्णवादलाई विसंरचनावाद, विरचनावाद, विसंघटनावाद, विनिमिर्तिवाद आदि पनि भनिएको पाइन्छ । जाक डेरिडाले विनिर्माण सम्वन्धी चिन्तनको प्रारम्भिक वीज पूर्ववर्ती दार्शनिक एवं चिन्तक फ्रेडरिक नित्से तथा मार्निन हाइडेगरवाट प्राप्त गरेका मानिन्छ । नित्सेको यस जगत्मा निर्विकल्प सत्य केही छैन, तसर्थ कुनै पनि व्याख्या अन्तिम हुन सक्दैन भन्ने धारणा तथा हाइडेगरको भाषाले वस्तुको प्रकृतिबारे अनेक कुराको बोध गराउँछ भन्ने धारणाबाट डेरिडा प्रभावित भएको देखिन्छन् । यही आधारशिलामा उभिएर डेरिडाले विनिर्माणवाद सम्वन्धी अत्यन्त नवीन तथा क्रान्तिकारी चिन्तन अघि सारेका हुन् । विनिर्माणवाद सम्वन्धी उनको चिन्तनले विभिन्न विषय तथा विद्वान्हरुमा अत्यधिक प्रभाव पारेको छ । यसवादलाई अघि बढाउने अन्य प्रखर चिन्तकहरुमा पौल डी म्यान, जेफ्री हार्टम्यान, जे.हिलिस मिलर र हराल्ड ब्लुम हुन् । अन्य विशिष्ट विद्वान्हरुमा युजिनियो डुनेटो जोसेफ रिडेल, सोसना फेलम्यान, बार्बरा जोन्सन, जेफ्री मेहलम्यान, गायत्री चक्रवर्ती, स्पिभाक आदि हुन् ।

डेरिडाले पश्चिमी परम्परामा शब्द केन्द्रवादको प्रभुत्व छ भन्ने देखाउँदै यसको विरोध गरेका छन् । शब्द केन्द्रवाद भनेको शब्दले आफूभन्दा बाहिरको अर्थ दिन्छ भन्ने धारणा हो । पश्चिमेली सम्पूर्ण विचारधारा, मान्यता, वाद र सिद्धान्तले यस कुरालाई मान्ने हुँदा यी सबै एउटै व्यवस्था अर्थात शब्द केन्द्रवादमा बाँधिएका छन् । शब्द केन्द्रवाद अर्थात शब्दका पछाडि भाव, विचार वा अर्थ छ भन्नु उपस्थितिलाई स्वीकार्नु हो । यसलाई उपस्थितिको अध्यात्मवाद भनिन्छ । डेरिडाले यस शब्द केन्द्रवादवादी अर्थात उपस्थितिको धारणालाई उल्टाएर अनुपस्थिति वा भिन्नताको धारणा प्रस्तुत गरेका छन् ।

उपस्थितिको धारणालाई डेरिडाका विचारमा भाषिक चिन्हका पछाडि भाव वा अर्थको उपस्थिति नभएर अनुपस्थिति रहेको हुन्छ । भाषिक चिन्हको निश्चित अर्थ नहुने हुँदा कुनै पनि पाठको एकदमै मिलेर आएको अर्थ हुँदैन भन्दै यिनले अनिश्चितता देखाइ अनुपस्थितिलाई महत्व दिएका छन् । उपस्थितिको अभाव अर्थात अनुपस्थितिलाई व्यक्त गर्न यिनले नयाँ शब्द विभेद शब्दको निर्माण गरेका छन् । यो विभेद सिद्धान्तको प्रतिपादन अन्तर्गत राखिएको पाइन्छ ।

भाषाको क्षेत्रमा शब्द केन्द्रवादको ज्वलन्त उदाहरण कथ्य केन्द्रवाद हो । कथ्य केन्द्रवाद भनेको भाषाको कथ्य वा उच्चार्य रूपलाई प्रामाणिक, मूल, महत्वपूर्ण रूप मान्ने धारणा हो । भाषाको अर्को प्रकार लेख्य रूप हो र परम्परित धारणामा यसलाई गौण, अवास्तविक, अपूर्ण र छाँया रूप मानिन्छ र डेरिडाले यस मान्यतालाई उल्टाएर कथ्यभन्दा लेख्य रूपलाई बढी महत्व दिइ लेख्यकेन्द्रवादको स्थापना गरेका छन् ।

डेरिडाले भाषाका सवै रूपलाई आलङ्कारिक मानेका छन् । साहित्य मात्र हैन दर्शन, इतिहास, विज्ञान आदिमा प्रयुक्त भाषा पनि वस्तु परक तथा निश्चयात्मक अर्थ दिने भाषा नभई तिनमा पनि अर्थगत अनिश्चय रहने हुँदा अलङ्कारमय हुन्छ ।

कुनै पाठको समालोचना गर्दा दोहोरो पठन प्रक्रिया अंगाल्ने अवधारणा यस वादमा प्रस्तुत गरेको पाइन्छ । पहिलो पठन कृतिको वाह्यतलिय पठन हो । यसमा कृति जस्तो छ त्यसको यथारूप पठन गरिन्छ । दोस्रो पठन प्रक्रिया कृतिका मूख्य तत्वलाई यताउता सारी त्यसको आधारशिला बदलेर पढिन्छ भन्ने मान्यता डेरिडाले प्रस्तुत गरेका छन् । पाठको प्रत्येक पठन वा समालोचना अपव्याख्या हुने हुँदा विनिर्माणवादीहरुले प्रत्येक पठन अनिवार्यतः अपठन हुन्छ भन्ने मान्यता अघि सारेका छन् । यसको तात्पर्य अशुद्ध वा बेठिक पाठ गर्नु नभएर पठन क्रममा अनिश्चितता र विचलनलाई स्वीकार गर्नु हो । पाठ र समालोचनाका बीचमा आलङ्कारिता पस्ने हुँदा पाठात्मकताका दृष्टिले साहित्यिक कृति र समालोचनामा कुनै अन्तर हुँदैन, दुवै अपठन हुन्छन् भन्न यिनीहरुको मान्यता रहेको पाइन्छ । [८६]

विनिर्माणवादले कृति विश्लेषणमा सबै परम्परित दृष्टिकोणलाई उल्टाएर सर्वथा नयाँ दृष्टिकोण सामुन्ने ल्याएको देखिन्छ । एउटै पाठकको अनेक पठन र व्याख्या हुन सक्ने मार्ग प्रसस्त गरेको छ । पाठकभन्दा बढी पाठ र त्यसको  पठनतर्फ ध्यानाकर्षण गरिएको पाइन्छ ।

---

[८६] शर्मा र अन्य, २०६९:२७६

विनिर्माणवादी दृष्टिकोण पूरै वस्तुवादी भएकाले यसले विषय वा व्यक्तिको महत्व घटाइ पठनको महत्व वढाएको छ । त्यसैगरी पाठको संरचनालाई विखण्डित गर्दैन बरु यसको संरचना स्वतः विखण्डित छ भन्ने प्रदर्शित गर्छ । यसले अर्थ पाठबाहिर नभएर पाठभित्रै हुन्छ र त्यो अनिर्धारित, अनिश्चयात्मक तथा अनुपस्थित वा स्थगित हुन्छ भन्ने मान्यता राख्छ । **सुकरातका पाइला** उपन्यास यो विनिर्माणवादको मान्यता निकट भएकाले गोविन्दराज भट्टराईको यो कृतिलाई विनिमार्णवादी कृति भन्न सकिन्छ ।

## ३.५ उपन्यासका तत्त्वहरू

उपन्यासका तत्त्वहरू केकति रहेका हुन्छन् भन्ने बारेमा विद्वान्हरूको एकमत देखिँदैन । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन शैली, भाषा, उद्देश्य र वातावरणलाई उपन्यासका आधारभूत तत्त्व भनी निर्धारण गरेका छन् ।[८७] त्यस्तै राजेन्द्र सुवेदीले कथानक, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कौतुहल भनी निर्धारण गरेका छन् ।[८८] ऋषिराज बरालले कथानक, चरित्रहरू, सारतत्त्व, दृष्टिबिन्दु, भाषाशैली र कार्यपीठिकालाई उपन्यासका तत्त्व मानेका छन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब तथा गति र लय भनी निर्धारण गरेका छन् ।[८९] यी विभिन्न उपन्यासका तत्त्वहरूबाट मुख्य तत्त्वहरू निम्नानुसार निर्धारण गर्न सकिन्छ :

### ३.५.१ कथानक

घटनाको व्यवस्थित विन्यास कथानक हो । यो उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । यसलाई कार्यकारणको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ ।[९०] कथानकको

---

[८७] प्रधान, २०६१ : ७
[८८] सुवेदी, २०५३ : १२
[८९] बराल र अन्य, २०५६ : २२
[९०](प्रधान, २०६१ : ७

भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागे पनि घटनाप्रधान उपन्यासमा त अत्यधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू रोचक तथा रहस्यमय ढङ्गले एकअर्कालाई गाँस्दै अगाडि बढ्दछन् । यसमा घटनाहरू कथात्मक रूपमा स्विटर उधारेझैँ सरर नभनेर एकअर्कासँग सम्बन्धित तुल्याउँदै घटनासँग कारण जोड्ने हुनाले यसले पाठकमा पर्ने जिज्ञासालाई शान्त गर्दै लैजान्छ । कथानकलाई अगाडि बढाउन पात्रहरूबीच हुने स्वाभाविक खालका बाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्छन् । उपन्यास लेखनका क्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । यस्ता स्रोतहरू सामान्यतः इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना हुन सक्छन् ।[९१] सुरुदेखि अन्त्यसम्म कथाले मूलतः पाँचवटा तह पार गर्दछ जसलाई कथानकको आङ्गिक विकास भनिन्छ । ती आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार हुन् ।

## ३.५.२ चरित्र

चरित्र उपन्यासको अर्को अभिन्न अङ्ग हो जसले कथानकलाई बोकेर अगाडि बढ्दछ । यसलाई पात्र, भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटना जन्मन्छन् र यथार्थको समेत उद्घाटन हुन्छ ।[९२] उपन्यासमा मानवजीवनको व्यापकता झल्काउने बहुल पात्रको प्रयोग हुन्छ जसका माध्यमबाट उपन्यासकारले आफ्ना विचार पाठकसमक्ष पुऱ्याउँछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ, उसको दृष्टिकोण कस्तो छ भन्ने कुरा चरित्र र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउन सकिन्छ । चरित्रहरूको संवादकार्य र गतिमा कथावस्तु, तथा उद्देश्यको पनि विस्तार हुन्छ ।[९३] उपन्यासमा मानवीय तथा मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएका हुन्छन् । उपन्यासका मानवीय पात्रहरू कुनै खास वर्ग, प्रवृत्तिका आधारमा विविध प्रकारका

[९१] बराल र अन्य, २०५६ : २५
[९२] बराल र अन्य, २०५६ : २७
[९३] सुवेदी, २०५३ : १७

हुन्छन् । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग हुन सक्ने पात्रहरूलाई छ जोडीका प्रकारमा बाँडेका छन् । जस्तै : गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक[९४] यस्तै मोहनराज शर्माले लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पनि चरित्रका विविध प्रकार बताएका छन् ।

## ३.५.३ पर्यावरण

उपन्यासमा पात्रहरूका कार्यकलापहरू जहाँ सञ्चालन हुन्छन् वा घटनाहरू जहाँ घट्छन् त्यो ठाउँ उपन्यासले लिएको समय र उपन्यास पढ्दै जाँदा पाठकमा पर्न सक्ने मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यसरी हेर्दा पर्यावरणभित्र देशकाल र वातावरण पर्न सक्छन् ।[९५]

## ३.५.३.१ देशकाल

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात् सिधै वर्णित स्थानविशेष पर्दछन् । देशकाल कथानकसँगै जोडिएर आउने आधारभूमि हो । कुनै उपन्यासमा उपन्यासकारले भूगोल, संस्कृति, जाति, समयको सपाट चित्रण र वर्णन गर्छ । कुनैमा भने पात्र र घटनाको प्रकृति हेरेर वा तिनको रीतिरिवाज, चालचलन, भेषभूषा, बोलीचाली आदिमार्फत पनि बुझ्न सकिन्छ । आञ्चलिक उपन्यासमा देशकालको महत्त्व बढी हुन्छ । आज उत्तरआधुनिकतावादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्त्व दिएको पाइन्छ । विश्वजनीन प्रवृत्तिका उपन्यास लेखिने यो समयमा देशकाल स्वतः गौण हुँदै गएको छ ।

---

[९४] बराल र अन्य, २०५६ : ३०

[९५] शर्मा, २०५० : १७४-१७५

### ३.५.३.२ वातावरण

उपन्यासमा पढ्दा त्यसले पैदा गर्ने मानसिक स्थितिलाई वातावरण भनिन्छ । घटना तथा पात्रहरूको जीवन्त र सजीव प्रस्तुति भएका उपन्यासले पाठकमा रोचक तथा घोचक खालको वातावरण सिर्जना गर्न सक्छन् । यो मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा भाव पनि भनिन्छ । उपन्यासको कथानक पढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध, करुणा, प्रेम, नैराश्य, हर्ष, आशक्ति आदि भावनाको उद्बोधन र तिनको परिवृत्ति नै वातावरण हो ।

### ३.५.४ उद्देश्य

सारवस्तु उपन्यासको महत्त्वपूर्ण पाटो हो । यो उपन्यासलेखनको उद्देश्य तथा परिणति हो । यसलाई उद्देश्य तथा विचार पनि भनिन्छ । उपन्यासले निचोडमा भन्न खोजेको अर्थात् समाख्याताबाट सम्प्रेषण गर्दा चाहेको गुदी कुरोलाई सारवस्तु मान्न सकिन्छ । लेखकको जीवनको दर्शनको भारवहन गर्ने सारवस्तु उपन्यासको अर्थ हो । यो उपन्यासमा कोरा उपदेशात्मक वा घोषणात्मक रूपमा भन्दा कलात्मक रूपमा आएर अन्त्यमा पाठकलाई तत्त्वबोध गराउँछ । उपन्यासमा विचारको संवहन कुनै बिम्बप्रतीक तथा भाषिक विचलन, लक्षणा, व्यञ्जनाजस्ता कुनै पद्धतिद्वारा अभिव्यक्त गर्न सकिन्छ ।[९६]

### ३.५.५ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुऱ्याउँछ अर्थात् कथाकार र पाठकवर्गबीचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो ।[९७]प्रस्तुतीकरणसँग सम्बन्धित दृष्टिबिन्दु उपन्यासमा

---

[९६] बराल र अन्य, २०५६ : ४२

[९७] बराल र अन्य, २०५६ : ३६

कथावाचकले लिने ठाउँ   हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ । कुनै उपन्यासमा कथयिता स्वयम् सहभागी भएको हुन्छ । कुनैमा अरूलाई नै पात्रको रूपमा खेलाडीझैँ खेलाएर आफू परै बसेर त्यसको वर्णन गर्ने गर्छ । दृष्टिबिन्दु बाह्य तथा तृतीय पुरुष र आन्तरिक तथा प्रथम पुरुष गरी २ प्रकारका हुन्छन् ।

## ३.५.५.१ बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दु

कथयिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउँदै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु हो । यो पनि ३ प्रकारको हुन्छ । सर्वज्ञ र सीमित ।

सर्वज्ञ दृष्टिबिन्दुलाई सर्वदर्शी दृष्टिबिन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिइन्छ । [९८] कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तारपूर्वक बयान गर्दै जान्छ ।

सीमित दृष्टिबिन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग, विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्छ ।

## ३.५.५.२ आन्तरिक तथा प्रथम पुरुष दृष्टिबिन्दु

यसमा कथयिता नै 'म' पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । प्रथम पुरुष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ ।

कथयिताले कथानकभित्र आफ्नो महत्त्वपूर्ण स्थान हुन्छ र आफ्नै आत्मकथाका रूपमा सरसरती बताउँछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हुन्छ ।

---

[९८] बराल र अन्य, २०५६ : ३६

परिधीय दृष्टिबिन्दुमा भने कथयिताको उपस्थिति कथानकमा 'म' पात्रकै रूपमा भए पनि ऊ अलिपर रहन्छ अर्थात् चित्रणको केन्द्रीय पात्र अर्को नै हुन्छ ।

## ३.६ भाषाशैलीय विन्यास

यसअन्तर्गत भाषिक तथा शैलीय बनोट अर्थात् भाषा, शैली, विम्ब, प्रतीक, अलङ्कार, गति, लय आदि पर्दछन् । उपन्यास पाठ्यप्रधान साहित्यिक विधा हो । यसमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाका माध्यमबाट मात्र लेखकले उपन्यासको आकृति खडा गरी आफ्ना विचार सशक्त र जीवन्त रूपमा संवहन गराउँछ । उपन्यासमा कथ्य, लेख्य दुवै खाले भाषाप्रयोग  हुन्छन् । पात्र, घटना, परिवेशअनुरूप स्वाभाविक भाषा उपन्यासमा प्रयोग हुन्छ र भाषामा रोचकता तथा कलात्मकताको अपेक्षा उपन्यासले गरेको हुन्छ । साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ ।[९९] भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्नै अर्थ खोज्दै व्याकरणिक विचलन, बिम्बप्रतीक, लक्षणा, व्यञ्जनाबाट भाषिक सौन्दर्य खोजिनु आजका उपन्यासका भाषिक विशेषता बनेका छन् ।

शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासँग सम्बन्धित कुरा हो । उपन्यासमा भाषालाई कुन विधिद्वारा प्रयोग गर्ने र बढी रोचक एवम् सजीव बनाउने भन्ने कुरा यसले बुझाउँछ । उपन्यासलेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, पत्रात्मक आदि शैलीले सीपसौन्दर्यलाई बुझाउँछन् ।

उपन्यासलाई मिठासपूर्ण बनाउनको लागि प्रतीक तथा बिम्बको प्रयोग गरिन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना नै प्रतीक हो । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्छ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै

[९९] श्रेष्ठ, २०६४ : ३७

शब्दमा मिठोसँग भन्दछ ।[१००] उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन् । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति, विचारधारालाई बुझ्नुपर्ने हुन्छ भने सार्वभौमिक प्रतीक चाहिँ सर्वत्र लगभग एउटै अर्थमा प्रयोग गरिन्छन्।[१०१]

उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो ।[१०२] कुनै उपन्यासमा कथानकको विकासको वेग तीव्र हुन्छ भने कुनैमा मन्द हुने गर्छ । वर्णनात्मक शैली र लामा संवाद तथा वाक्यमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखनको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृश्यात्मक र सङ्क्षेपपद्धति हुन् ।[१०३]

दृश्यात्मक पद्धतिमा उपन्यासकारले सम्पूर्ण सानातिना घटना तथा गौण पात्रको पनि रुचि लिएर विस्तारपूर्वक दृश्यका रूपमा प्रदर्शन गर्दै कथानक अगाडि बढाउँछ । दृश्यात्मक पद्धतिमा कथानकको गति मन्द हुन्छ । पात्रहरूको संवाद, कार्यपीठिका, पात्रको मनोद्वन्द्व, गतिविधि आदि समाहित पार्ने काम यसमा हुन्छ ।[१०४]

सङ्क्षेप पद्धतिमा छोटोछरितो रूपमा मसिना कुराहरूलाई काट्दै कथानक अगाडि बढ्छ । पात्रका कतिपय क्रियाकलाप र सानातिना घटनाहरू सूचनाको भरमा अगाडि बढ्दछन् । भएगरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ र समयको पनि खासै महत्त्व नहुने पद्धति सङ्क्षेप पद्धति हो । [१०५] कम आवश्यक कुराहरूको बिम्ब चित्र प्रस्तुत नगर्नाले यसमा औपन्यासिक गति तीव्र हुन्छ ।

उपन्यास गद्यमा लेखिए पनि यसको आफ्नै किसिमको ढाँचा र छन्द हुन्छ । भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गीतिकताभित्र निहित मूर्च्छनालाई गद्य भाषामा लय

---

[१००] बराल र अन्य, २०५६ : ३६

[१०१] बराल र अन्य, २०५६ : ४४

[१०२] श्रेष्ठ, २०६४ : १२

[१०३] बराल र अन्य, २०५६ : ४२

[१०४] बराल र अन्य, २०५६ : ४२

[१०५] बराल र अन्य, २०५६ : ४२

भनिन्छ ।[१०६] विचलनयुक्त शब्दहरूबाट, ध्वनिको पुनरावृत्तिबाट तथा आलङ्कारिक बिम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट यो अपरिहार्य तत्त्व बनेको छ ।

यी तत्वहरुका आधारमा उपन्यासलाई विश्लेषण गरिन्छ र उपन्यास कत्तिको प्रभावकारी छ वा मूल्यवान् छ भन्ने कुरा ठम्याइन्छ । यहाँ विभिन्न विद्धान्का विचारहरुलाई तुलनात्मक रूपमा उल्लेख गर्दै विश्लेषण गर्ने प्रयास गरिएको छ

---

[१०६] बराल र अन्य, २०५६ : ४२

# चौथो परिच्छेद

# गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा

## ४.१ उपन्यास यात्रा

गोविन्दराज भट्टराईको कृतिलेखक व्यक्तित्व नेपाली साहित्य र अङ्ग्रेजी साहित्य दुवैतर्फ रहेको छ । भट्टराईका नेपाली एवम् अङ्ग्रेजी साहित्यका पुस्तकाकार कृति तथा फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । उनले नेपाली साहित्यमा पनि कथा, उपन्यास, निबन्ध, समालोचना र अनुवाद क्षेत्रमा आफ्नो स्रष्टा र द्रष्टा व्यक्तित्वलाई उजागर गरेका छन् । यहाँ भट्टराईको नेपाली भाषामा प्रकाशित उपन्यास यात्राको मात्र निरूपण गरिएको छ । यसका  साथै उपन्यासका प्रवृत्तिका आधारमा चरण विभाजन गरी सम्बन्धित चरणमा प्रकाशित उपन्यासहरूका आधारमा उनको औपन्यासिक व्यक्तित्वलाई स्पष्ट पारिएको छ ।

नेपाली साहित्यका धेरै विधामा कलम चलाएका भट्टराईले २०३१ साल साउन १५ को **गोरखापत्र**मा 'नदीका दुई किनारा' शीर्षकको कथाबाट सिर्जन कलालाई निरन्तरता दिएका हुन् । हालसम्ममा उनका उपन्यासका क्षेत्रमा **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) गरी तीन कृति प्रकाशित भएका छन् । उपन्यासका माध्यमबाट नेपाली साहित्यमा सामाजिक यथार्थवादी एवम् उत्तरआधुनिक सौन्दर्यचेतनालाई उदाहरणीय रूपमा प्रस्तुत गर्दै आफ्नो उपन्यासकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् ।

## ४.२ गोविन्दराज भट्टराईको उपन्यास यात्राको चरणविभाजन

२०३१ सालदेखि सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईको नेपाली साहित्यिक यात्रा वर्तमानसम्म आइपुग्दा साढे तीनदशक लामो समयावधि नेपाली साहित्यको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । साहित्यसिर्जना भट्टराईको अतुलनीय प्रतिभा, पेसा, विज्ञता र अध्ययनशील व्यक्तित्वले जेजति सहयोग पुग्यो; त्यसका विपरीत अनेक क्षेत्रसँगको सम्बद्धताले उनी जीवनमा अत्यन्तै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि साहित्यसिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउन पछि परेका छैनन् । उनले साढे तीन दशक लामो आफ्नो सार्वजनिक लेखनयात्रामा तीन वटा उपन्यासहरू लेख्न र प्रकाशन गर्न सफल भइसकेका छन् । उनको उपन्यास लेखनकार्य नियमित र निरन्तर हुन नसक्दा चालीस र पचासको दशकमा शृङ्खलाबद्धता पाइँदैन । २०३१ सालदेखि आजसम्ममा साढे तीन दशक लामो अवधिमा गोविन्दराज भट्टराईले तीन वटा उपन्यासहरू प्रकाशन गरेका छन् । यी उपन्यासहरूको विषयवस्तु र प्रवृत्तिका आधारमा उनको उपन्यास यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्न गर्न सकिन्छ :

१. पहिलो चरण : २०३१-२०३४ सम्म ।

२. दोस्रो चरण : २०३५-२०६३ सम्म ।

### ४.२.१ पहिलो चरण

गोविन्दराज भट्टराईको उपन्यास यात्राको पहिलो चरण २०३१ देखि २०३४ सम्मलाई मान्न सकिन्छ । भट्टराईको यस चरणमा उपन्यास विधाका पुस्तकाकार कृतिका रूपमा **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी** (२०३४) प्रकाशित भएका छन् ।

अध्यापनका सिलसिलामा भुटान पुगेका भट्टराईले प्रवासमा नेपालीहरूले केकस्तो जीवन बिताइराखेका छन् भनेर नजिकबाट अध्ययन गर्न पाए । त्यतिखेर समाजमा

देखिएका विकृति र विसङ्गति एवम् प्रवासका क्षेत्रमा नेपाली युवाजमातले भोग्नु परेको पीडा, नेपाली समाजमा देखिएको अन्धविश्वास परम्परा, नेपाली समाजको ययार्थ छविलाई उनको यस चरणको **मुगलान** उपन्यासले समेटेको छ ।

सामाजिक यथार्थको छविलाई खिचेर प्रबासमा नेपालीहरू कसरी जीवन बिताइराखेका छन्; उनीहरूले के-कस्तो दुःखकष्ट झेल्नु परेको यथार्थ छ, प्रवास क्षेत्रका विभिन्न परिस्थितिलाई दृश्यबिम्बका रूपमा खिचेर उपन्यासमा उपन्यासकारले यस उपन्यासमा स्थापना गरेका छन् । नेपालीहरूले नेपालीहरूकै शोषण गरिरहेको कारुणिक कथालाई यथार्थ रूपमा यस उपन्यासमा देख्न पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने कतिपय नेपाली युवाहरूले मुगलानको सुख मात्र सुनेका भए ती युवाहरूलाई यो उपन्यासबाट चेतनाको विकास हुन्छ र उनीहरूले प्रवासको दुःखलाई आफूले भोगेकै रूपमा पाएर स्वदेशप्रति प्रेम जाग्छ भन्ने विचार नै उपन्यासको केन्द्रीय विचार हो ।

यस चरणको दोस्रो कृति **मणिपुरको चिट्ठी** उपन्यास पनि २०१६ सालदेखि २०३१ सालको समयको सामाजिक ययार्थको प्रकटीकरण गरेर लेखिएको उपन्यास हो । यस उपन्यासमा हाम्रो समाजका पुरुषवर्गले सधैं नारीमाथि शोषण गरिरहेका छन् । यस शोषणको अन्त्य गर्नुपर्दछ । नारीहरूमा कुनै कमजोरी नहुँदा नहुँदै पनि उनीहरूमा कमजोरी देखाएर उनीहरूलाई केवल वासना पूर्ति या भोग्याका रूपमा मात्र हेर्ने कुसंस्कारको अन्त्य गर्नु पर्दछ । आफ्नो कमजोरी भए तापनि आफ्नो कमजोरीलाई ढाकेर केवल आदर्शको खोक्रो दर्शनको व्याख्या गर्ने दुष्प्रवृत्तिहरूका चरित्रको भण्डाफोर गरी त्यस्ता चरित्र भएका व्यक्तिहरूलाई चुनौती दिएर वा दण्ड दिएर भए पनि समाज सुधार्नु पर्दछ । नारीहरूको आमा बन्ने रहर उनीहरूले पूरा गर्न पाउनु पर्दछ । हाम्रो समाजको परिवर्तन हुनुपर्दछ । निर्दोषलाई सम्मान गरेर दोषीमाथि कारर्वाही हुनुपर्दछ भन्ने धारणा उनले यस उपन्यासमा प्रस्तुत गरेका  छन् ।

यी कृतिहरूमा जति वैचारिकता छ त्यत्तिकै मात्रामा सौन्दर्यशक्ति पनि प्रचुर छ । यिनका रचनाहरूले त्यतिखेरको समाजको चित्र कोर्न समर्थ छन् । भावको विपुलता र

कल्पनाको प्रचुरताले स्वच्छन्द बनेका छन् । यिनका रचनाहरू विचार र सौन्दर्यशक्तिको सम्मिश्रणबाट समीकृत बन्न पुगेका छन् । यस चरणका उनका रचनाहरूमा शिल्पशैली, साङ्गठनिक पूर्ति, बौद्धिक परिपक्वता जस्ता विशेषताहरू रहेका छन् । सरल शैली र औपन्यासिक तत्त्वहरूलाई यथा स्थानमा राखेर भट्टराईले समाजको विम्ब कोर्न सफल भएकाले उनले यी उपन्यासहरूमार्फत आफूलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा उभ्याउन सफल भएका छन् ।

## ४.२.२ दोस्रो चरण

गोविन्दराज भट्टराईको उपन्यासको दोस्रो चरण २०३५-२०६३ हो । यस चरणमा उनले एउटा मात्र उपन्यास **सुकरातका पाइला** (२०६३) लेखेका छन् । उत्तरआधुनिक चिन्तन, विनिर्माणवादी शैली र स्वाभाविक औपन्यासिक पद्धतिलाई आत्मसात् गरी रचना गरिएको प्रस्तुत उपन्यासले दसबर्षे जनयुद्धको यथार्थलाई वृत्तचित्रीय रूपमा प्रस्तुत गरेको छ । राजनीतिक अस्थिरताले जन्माएको विसङ्गतिबोधको पराकाष्ठालाई प्रस्तुत उपन्यासका माध्यमबाट उपन्यासकारले व्यक्त गरेका छन् । युद्ध, आतङ्क र आन्दोलनले नेपाली जनताको जीवन भोगाइ कष्टकर बन्दै गइरहेको छ । देशको राजनीतिक सत्ताखेलको होडबाजीले युवाजगत्मा पारेको प्रभाव र त्यस प्रभावबाट जन्मेको विसङ्गतिबोधलाई यस उपन्यासमा उपन्यासकारले प्रस्तुत गरेका छन् । गाउँगाउँमा माओवादी जनयुद्धले जन्माएको पीडालाई खप्न नसकेर नेपाली जनताले मृत्युवरण गर्नु परेको तीतो यथार्थलाई पनि उपन्यासमा प्रस्ट पारिएको छ । गाउँका सोझासाझा जनतालाई अनेक यातना दिई माओवादीले हत्या गरेका छन् । जीवन बचाउनाका निम्ति भए पनि ती सोझा जनताले काँधमा बन्दुक लिएर हिँड्नु परेको बाध्यात्मक यथार्थ परिस्थितिलाई यसमा उपन्यासकारले प्रस्ट पारेका छन् ।

वर्तमान नेपालको प्ररिप्रेक्ष्यमा शिक्षामा हुन थालेको विद्यार्थी राजनीतिलाई पनि उपन्यासमा ययार्थ रूपमा प्रस्तुत गरिएको छ । विश्वविद्यालयको नियमको उल्लङ्घन

गर्दै विद्यार्थीहरूले विश्वविद्यालयलाई राजनीति गर्ने थलोका रूपमा विकास गरिरहेको यथार्थलाई पनि उपन्यासले छर्लङ्ग पार्दछ । गुरु भनेका विद्यार्थीहरूलाई सही मार्गमा प्रवृत्त गराउने मार्गदर्शक हुन् । ती गुरुहरूलाई आजका विद्यार्थीले गुरु नमानेर एउटा शोषकका रूपमा हेर्न थालिसकेका छन् भन्ने कुरालाई पनि उपन्यासले स्पष्ट्याएको छ । त्रि. वि. मा सेवारत प्राध्यापकहरूको विवशता र बाध्यता अनि उनीहरूले जीवनभरमा पनि आफ्नो भविष्य सुनिश्चित गर्न नसकेको अवस्थालाई उपन्यासले स्पष्ट पारेको छ । काठमाडौँमा विदेश लानका लागि खोलिएका म्यानपावरहरूको छवि अनि त्यस म्यानपावरमा काम गर्ने कर्मचारीहरूको व्यवहारलाई पनि प्रस्तुत उपन्यासले यथार्थ रूपमा प्रस्तुत गर्न सफल भएको छ । सरल र रोचक पारामा लेखिएको प्रस्तुत उपन्यास त्यत्तिकै मार्मिक पनि छ ।

यसरी यस चरणमा वर्तमान समयमा तीव्र रूपमा विकास भइरहेको उत्तरआधुनिक चिन्तनलाई आत्मसात् गरी आफूलाई उत्तरआधुनिकतावादी उपन्यासकारका रूपमा स्थापित गर्न यस चरणमा भट्टराई सफल भएका छन् । उनको प्रतिभा, ज्ञान, अनुभव, भ्रमण, पेसा आदिले उनलाई नेपाली साहित्यमा एक सफल उपन्यासकारका रूपमा स्थापित गराउन सहयोग गरेको छ ।

समग्रमा भट्टराईका उपन्यासहरूले वर्तमान समयमा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाईलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् । उनको उपन्यास यात्राको पहिलो चरण खासगरी सामाजिक यथार्थमै केन्द्रित भएको छ भने दोस्रो चरण चाहिँ उत्तरआधुनिकतावादी सिद्धान्तमा आधारित रहेको छ । साढे तीन दशक लामो साहित्य यात्रामा तीनवटा उत्कृष्ट उपन्यास लेखेर भट्टराईले उपन्यासका क्षेत्रमा आफूलाई सामाजिक यथार्थवादी एवम् उत्तरआधुनिकतावादी उपन्यासकारका रूपमा उभ्याउन सफल भएका छन् ।

# पाँचौं परिच्छेद

# गोविन्दराज भट्टराईको 'मणिपुरको चिट्ठी' उपन्यासको विश्लेषण

## ५.१ पृष्ठभूमि

नेपाली साहित्यमा वि.सं.२०३१ सालदेखि कलम चलाउन प्रारम्भ गरेका गोविन्दराज भट्टराईले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, समालोचना क्षेत्रमा कलम चलाएका छन् । उपन्यासका क्षेत्रमा उनका **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) तीनवटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूमध्ये **मणिपुरको चिट्ठी** उपन्यासको विश्लेषण निम्नलिखित रूपमा गरिएको छ :

## ५.२ यथार्थवादी उपन्यास

समाजमा भएगरेका कुराहरूलाई तटस्थ रूपमा प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थवादी मान्यता हो । मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्यमान्यता सामाजिक यथार्थवाद हो ।[१०७] लैनसिंह वाङ्गदेलको **मुलुक बाहिर** (वि. सं. २००४) सामाजिक यथार्थवादी धाराको पहिलो नेपाली उपन्यास हो ।[१०८] वाङ्देलका **माइतघर** (वि. सं. २००४), **लङ्गडाको साथी** (वि. सं. २००८), **रेम्ब्रान्ट** (वि. सं. २०२३), लीलबहादुर छेत्रीको **बसाइँ** (वि. सं. २०१४), **अतृप्त** (वि. सं. २०२६), **ब्रह्मपुत्रको छेउछाउ** (वि. सं. २०४३), केशवराज पिँडालीको **बाँच्ने एउटा जीन्दगी** (वि. सं. २०४३), राजेश्वर देवकोटाका **आवर्तन** (वि. सं. २०४१), **पूर्वकथा** (वि. सं. २०४३), **उत्सर्ग प्रेम** (वि. सं. २०४४) र सुस्मिता नेपालका **एकान्त पनि रून्छ** (वि. सं. २०५३), **मेरा छातीका कोलाजहरू** (वि. सं. २०५५) आदि यस धाराका

---

[१०७] जोशी, २०३८ : ६३

[१०८] बराल र अन्य, २०५६ : १०२

उपन्यासहरू हुन् ।[१०९] सामाजिक यथार्थवादी धारा वि. सं. २०१० सालसम्म प्रमुख धाराका रूपमा र त्यसपछि अन्तर्धाराका रूपमा प्रवाहित छ । नेपाली उपन्यासपरम्परामा सबैभन्दा बढी उपन्यास सामाजिक यथार्थवादी धारामा लेखिएको पाइन्छ । यस धाराका उपन्यासले समाजका मध्यम वर्ग र निम्न वर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवादी उपन्यासहरू तीव्र गद्यात्मक स्वरूपका छन् । **बसाइँ** यस धाराको सशक्त कृतिका रूपमा आएको छ भने **माइतघर** र **लङ्गडाको साथी** यस धाराका अन्य प्रमुख उपन्यासहरू हुन् । यसरी समाजका यथार्थपक्षहरूलाई विभिन्न कोणबाट हेर्ने र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृत्ति यिनमा पाइन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

## ५.३ यथार्थवादको पृष्ठभूमि

### १. यथार्थवादको नामाकरण र परिचय

यथार्थवाद अङ्ग्रेजी Realism को नेपाली रुपान्तर हो । ल्याटिनको Res धातुबाट व्युत्पन्न Real शब्द ism प्रत्यय गाँसिएर Realism शब्दको निर्माण भएको हो । Res को अर्थ वस्तु (thing) भन्ने हुन्छ । यसै आधारमा यथार्थलाई वस्तुसत्य मानिन्छ र यथार्थवादले यही वस्तुसत्यलाई पक्रिने हुँदा यो नामकरण गरिएको देखिन्छ । यथार्थवादको प्रयोग विभिन्न अर्थमा भएको पाइन्छ । यसका विभिन्न अर्थहरुमा निम्नलिखित दुईवटा अर्थ प्रमुख मानिन्छ :

१ व्यापक अर्थमा यथार्थ शब्दलाई कुनै स्थान वा समयसँग सम्बद्ध दैनन्दिन जीवनको यथातथ्य वर्णन गरिएको साहित्यिक रचना भन्ने गरिन्छ । यस अर्थमा यथार्थवादी भन्नाको तात्पर्य  सामाजिक, आर्थिक दृष्टिले निम्नवर्गीय चरित्रहरुको बोलीचाली तथा आचरण व्यवहारको वास्तविकतामा आधारित उन्नाईसौं शताब्दीभन्दा पहिला राखिएका कृतिहरु भन्ने हुन्छ ।

[१०९] प्रधान, २०५३ : ५८

२ खास अर्थमा यथार्थवाद भनेको स्वच्छन्दतावादका विरोधमा उन्नाईसौं शताब्दीको उत्तरार्धतिर फ्रान्स, बेलायत र अमेरिकामा देखिएको साहित्यिक आन्दोलन हो । यस आन्दोलनसँग सम्बद्ध लेखकहरुले यथार्थ लेख्ने प्रयास गरेका छन् ।

उपर्युक्त दुई अर्थबाहेक यथार्थवादका अरु पनि थुप्रै अर्थ गरिएको पाइन्छ । कतिपय विद्वान्हरुले यसको अर्थ गर्नु नै व्यर्थ छ भन्नेसम्म विचार व्यक्त गरेका छन् । यथार्थवाद स्वच्छन्दतावाद लगायत आदर्शवाद, प्रभाववाद र अभिव्यञ्जनवादका विरोधमा आएको साहित्यिक मान्यता हो । यथार्थवादको प्रयोग दर्शन र साहित्य दुवै क्षेत्रमा भएको पाइन्छ । यसको दार्शनिक प्रयोग प्राचीन भए पनि साहित्यिक प्रयोग उन्नाईसौं शताब्दीको उत्तरार्धमा भएको हो । दार्शनिक क्षेत्रमा यसको प्रयोग वस्तुजगत्को स्वतन्त्र अस्तित्व राख्ने मान्यता तथा वस्तुसत्यमा पूर्ण विश्वास राख्ने सिद्धान्तका रूपमा गरिन्छ । यथार्थवादी दार्शनिकहरु वस्तुसत्यमा वा वस्तुजगत्मा व्यक्ति वा उसको ज्ञानले कुनै परिवर्तन ल्याउन सक्दैन भन्ने स्वीकार गर्छन् । त्यसैले उनीहरु सत्य वा यथार्थको स्वरुपलाई सार्विक ठान्छन् । यथार्थवादको सार्विकताका आधारमा कुनै वस्तु वा पदार्थ एउटाका लागि जस्तो छ सबैका लागि त्यस्तै हुन्छ भन्ने दार्शनिक मान्यता रहेको पाइन्छ । दार्शनिकहरु यथार्थलाई संवाद (Corespondence) र सङ्गति (Coherence) का आधारमा वस्तुसत्यको पहिचान गर्छन् । संवाद सिद्धान्तअनुसार बाह्य वा वस्तुजगत् वैज्ञानिक अन्वेषण, तथ्याङ्क सञ्चयन, आलेखन तथा परिभाषीकरणजस्ता वस्तुनिष्ठ प्रक्रियावाट ज्ञात हुन्छ भने सङ्गति सिद्धान्तका आधारमा बाह्य वा वस्तुगत सहजात ज्ञान तथा अन्तर्दृष्टि जस्ता व्यक्तिनिष्ठ प्रक्रियाबाट ज्ञात हुन्छ भन्ने यिनीहरुको दृष्टिकोण रहेको छ । साहित्यिक क्षेत्रमा यथार्थवादको प्रयोग जीवन र जगत्को वस्तु पक्ष जस्तो रहेको छ त्यस्तै चित्रण गर्ने सिद्धान्तका रुपमा गरिएको छ । जीवन र जगत्मा देखिएको सम्बन्धका आधारमा मान्छेका जीवनमा देखिने यथार्थ वा वास्तविकतालाई जस्ताको तस्तै उतार्ने साहित्यिक मान्यताका रूपमा यथार्थवाद देखापरेको छ । वस्तुजगत्मा यथार्थ वा सत्य जे जस्तो छ, समाजको वास्तविक स्थिति जे जस्तो छ त्यसैको सक्कल चित्रण गर्ने कृति वा कृतिकारलाई यथार्थवादी मानिन्छ ।

साहित्यतर्फ यथार्थवाद आन्दोलनका रूपमा भन्दा बढी साहित्यिक कृतिहरुको प्रयोगमा महत्वपूर्ण र प्रभावशाली रहेको छ । यसमा यथार्थवादको चर्चा दार्शनिक दृष्टिबाट नभएर साहित्यिक प्रयोगका दृष्टिबाट गरिएको छ ।

## २. यथार्थवादको पृष्ठभूमि र प्रवर्तन

साहित्यिक आन्दोलनका रूपमा यथार्थवादको प्रवर्तन र विकास उन्नाईसौं शताब्दीको उत्तरार्धमा भएको पाइए पनि यसको पृष्ठभूमिका रूपमा प्लेटोदेखि नै यसको उल्लेख भएको पाइन्छ । यस सन्दर्भमा प्लेटोले विचारहरु नै यथार्थ हुन् (Only ideas are real) भनेर यथार्थतर्फ सङ्केत गरेका छन् । त्यस्तै एरिस्टोटलको अनुकरण सिद्धान्तमा पनि यथार्थसम्बन्धी चिन्तनको प्रारम्भिक रूपमा देखिन्छ भन्ने मान्यता पनि रहेको छ । यसको विकासमा समाजशास्त्रका जन्मदाता अगस्ते कोम्तेको भाववादी चिन्तन, ऐतिहासिकतावादी टेनको जाति, क्षण र युगसम्बन्धी विचारधारा, जैविकविज्ञानका जन्मदाता डार्विनको विकाससम्बन्धी सिद्धान्त, मनोविज्ञानका जन्मदाता फ्रायडको मनोविश्लेषण सिद्धान्त, ऐतिहासिक भौतिकवादका जन्मदाता कार्ल मार्क्सका द्वन्द्वात्मक भौतिकवादी दर्शन आदिको प्रभाव रहेको स्वीकार गरिन्छ । यसले परिष्कारवाद, स्वच्छन्दतावाद र कलावादको निषेध गर्छ ।[११०]

औद्योगिक क्रान्ति, फोटोग्राफीको आविष्कार (१९३९), प्रतिलिपिको यन्त्रको विकास, कुर्वेको चित्रकला, यातायात तथा सञ्चारको तीव्र विकास, सहरीकरणको प्रक्रिया आदिका कारण यथार्थवादका उद्भव र विकासलाई महत्वपूर्ण ढङ्गमा सघाएको पाइन्छ ।

यथार्थवाद (Le realisme) शब्दको प्रथम प्रयोग सन् १८२६ मा प्रकाशित Mercure Francias du xixe siecle मा भएको हो । यसमा यथार्थवादको प्रयोग प्रकृतिको हुबहु नक्कल तथा साहित्यिक कृतिमा सत्यको उद्घाटन भन्ने अर्थमा गरिएको छ । सन् १८७५ मा प्रकाशित स्याम्फेर (१८२१-१८८९) को Le realisme लेखलाई यथार्थवादको घोषणापत्र मानिन्छ । यस घोषणापत्रमा लेखकीय अभिव्यक्तिको इमान्दारी तथा निम्नवर्गीय सामाजिक जीवनको यथातथ्य चित्रणलाई विशेष जोड दिइएको छ । साहित्यमा यथार्थवादको प्रारम्भिक प्रयोग बेलायती

[११०] शर्मा र अन्य, २०६३ : २९४

उपन्यासकार ड्यानिअल डिफो (१६६०-१७३१) का उपन्यास Robinson Crusoe (1719) र Moll Flanders (1722) मा तथा हेनरी फिल्डिङ (१७०७ - १७५४) को The History of Tom Jones (1749) कृतिमा भएका पाइए तापनि यसका वास्तविक प्रयोगकर्ता फ्रान्सेली उपन्यासकार बाल्जाक (१७९९-१८५०) को Comedie Humaine (1827–1847) का विभिन्न शृङ्खलाहरुका साथै स्टेन्धालका उपन्यासहरूमा भएको पाइन्छ । यसरी बाल्जाक र स्टेन्धाल यथार्थवादका अग्रदूतका रूपमा देखिएका छन् । यसका महान् प्रयोगकर्ता चाहिँ गुस्ताभ फ्लाबेर र गुँकोर्टलाई मानिन्छ ।

फ्लाबेरको पारदर्शी शैलीमा लेखिएको Madame Bovary (1857) लाई महानतम् यथार्थवादी उपन्यास मानिन्छ । गुँकोर्ट दाजुभाइको Germinie Lacerteuse (1865) लाई अर्को महत्वपूर्ण यथार्थवादी उपन्यास ठानिन्छ ।

अन्य फ्रान्सेली उपन्याकारहरुमा अर्नेस्ट फेदेभका Fanny (1858) तथा डयुराँको Le Malheur d' Henriette Gerard (1860) कृति पनि यस सन्दर्भमा उल्लेख्य कृति मानिन्छ । यथार्थवादका प्रवर्तनका रूपमा जोला र मोपासाँको नाम आए तापनि यिनीहरुलाई मुख्यतः प्रकृतवादी मानिन्छ ।

यथार्थवादी आन्दोलनको प्रारम्भ फ्रान्समा भएको हो । यसको थालनी सन् १८३० को दशकतिर भए तापनि यसले चाहिँदो गति १८५० को दशकमा प्राप्त गरेको हो । त्यसपछि यो वाद युरोपका अन्य साहित्यहरूमा पनि एउटा निश्चित धाराका रूपमा देखापरेको हो । यथार्थवादले खास ठाउँ पद्यभन्दा गद्य विधामा पाएको छ । गद्यमा पनि उपन्यास विधा यसको मूल प्रयोगक्षेत्र रहेको देखिन्छ । उपन्यासबाहेक कथा तथा नाटकमा यसको प्रशस्त प्रयोग भएको पाइन्छ । पछिपछि केही मात्रामा यथार्थवादी कविताको रचना भएको पनि भेटिन्छ ।[१११]

फ्रान्सेली बाल्जाक जस्तै उपन्यासमा यथार्थवादका प्रयोक्ता बेलायती उपन्यासकार जर्ज एलियट (१८१९-१८८०) तथा अमेरिकाली उपन्यासकार विलियम डिन हवेल्स (१८३७-१९२०) एलियटको Middlemarch (1971–1972) आदि हवेल्सको Undiscovered Country (1880) आदि कृतिहरुमा महत्वपूर्ण ढङ्गमा यथार्थवादको प्रवर्द्धन, पोषण गरिएको पाइन्छ । हवेल्सले Criticism and fiction (1891) नामक पुस्तकमा यथार्थवादको रूपरेखा पनि प्रस्तुत गरेका छन् । अमेरिकामा हवेल्सबाहेक चार्ल्स डब्लु, चेसनट, स्टेफेन क्रेन, हेनरी जेम्स,

[१११] शर्मा र अन्य, २०६३ : २९६

मार्क ट्वेन, एडिथ ह्वार्टन आदि उल्लेखनीय उपन्यासकार हुन् । अमेरिकाली कवितामा यथार्थवादका यथेष्ट प्रभाव पाइन्छ । रोबर्ट ब्राउनिङ् वाल्ट ह्विटमन, कार्ल स्यान्डबर्ग, इमिली डिकिन्सन, टमस बेली, अल्ड्रिफ, सिड्नी ल्यानियर आदिका कवितामा स्वच्छन्दतावादका साथै यथार्थवादको पनि प्रयोग पाइन्छ ।

त्यस्तै गरी बेलायती साहित्यमा जी.ए. मुर, अर्नोल्ड बेनेट, जर्ज मेरिडिथ, एन्थोनी थोलोप, टमस हार्डी आदि रसियाली साहित्यमा इभान तुर्गनेभ, फ्योडोर दोस्तोएभ्स्की, लियो टल्स्टाय, गोगोल, गोर्की आदि नर्वेली नाटककार हेनरि इब्सेन, स्विडेन नाटककार, लेखक अगस्ट स्ट्रिन्डबर्ग आदिले यथार्थवादको उन्नयनमा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्तैगरी आञ्चलिक साहित्यिक लेखनका रुपमा अमेरिकाली साहित्यकार ब्रेट हार्ट, सारा ओर्न जिवेट, केट चोपिन आदिका कृतिहरुमा पनि यथार्थवादको प्रयोग पाइन्छ । इरिक अर्बाखको Mimesis (1946) मा विश्व साहित्यमा यथार्थवादको विकास सम्बन्धी अध्ययन महत्वपूर्ण ढङ्गमा गरिएको छ ।[११२]

अतियथार्थवादको उदयका कारण यथार्थवाद सेलाउन थाले पनि यसको विश्वव्यापी प्रभाव अझै पनि रहिरहेकै पाइन्छ ।

### ३. यथार्थवादका आधारभूत मान्यता

यथार्थवादका मूलभूत स्थापनाहरु निम्नलिखित तीनवटा छन् :-

१ यथार्थका रूपमा विद्यमान भौतिक जगत्लाई कसैले बनाउन, बिगार्न वा परिवर्तन गर्न सक्दैन ।

२ यस भौतिक जगत्लाई निरपेक्ष निरीक्षणद्वारा देख्न, बुझ्न र पारख गर्न सकिन्छ ।

३ मानिसका व्यक्तिगत वा सामूहिक सबै प्रतिक्रियाहरुमा बुद्धिद्वारा प्राप्त ज्ञान सहायक हुन्छ ।

माथिका मूल स्थापनामा आधारित रही यथार्थवादले आफ्ना प्रमुख मान्यता वा प्रवृत्तिहरु निम्निलिखित निर्धारित गरेको छ ।

---

[११२] शर्मा र अन्य, २०६३ : ३००

१ यसले वस्तुजगत्लाई यथार्थ वा वास्तविक मानी त्यही वस्तुजगत् वा सामाजिक वस्तु यथार्थको अभिव्यक्ति गर्छ । सामाजिक यथार्थको यस्तो वस्तुजगत्को चित्रण यसको सर्वप्रमुख मान्यता हो ।

२ यसले भौतिक जगत्को वास्तविकता वा सामाजिक यथार्थका तथ्यपरक चित्रण पूरै इमान्दारीका साथ गर्छ । समाजमा जे जस्तो छ त्यसलाई ठीक त्यस्तै चित्रण गर्ने प्रक्रियालाई अभिव्यक्तिको इमान्दारीता मानिन्छ ।

३ यो वस्तुजगत्सँग सम्बद्ध भएकाले यसको जीवनदृष्टि वैज्ञानिक तथा बौद्धिक हुन्छ ।

४ यसले मानवीय जीवनका सबलता र दुर्बलता अथवा सत् र असत् अथवा आशा निराशा दुवैको समान र सन्तुलित चित्रण गर्छ ।

५ यसले अलौकिक सत्यमा नभई लौकिक सत्यमा विश्वास गर्छ । सत्यं, शिवं, सुन्दरम्मध्ये यसले विशेष पक्षधरता सत्यतर्फ देखाउँछ । त्यसैले यसले सौन्दर्यको चित्रण गर्दा सुन्दर तथा असुन्दर दुवै पक्षको समन्वय गर्छ र असुन्दर, निकृष्ट वा निन्दनीय पक्षलाई पनि त्याज्य ठान्दैन ।

६ यसले साहित्यको विषयवस्तुका रूपमा समसामयिक जीवन, समाज, घटना, समस्या, व्यक्तिको काल्पनिकतासँग नभएर वास्तविकतासँग गाँसिएका सन्दर्भहरु टिप्छ । व्यक्तिहरुमा यसले खासगरी निम्नवर्ग र मध्यवर्गको जीवनलाई प्रस्तुत गर्छ ।

७ यसले नौतिकता, औपदेशिकताजस्ता आदर्शवादी पक्षहरुको तिरस्कार गरी यथार्थ पक्षको सुहाउँदो प्रस्तुती गर्छ ।

८ यसले कृतिमा कथानकभन्दा चरित्रलाई बढी महत्व दिने हुँदा त्यसको विस्तृत, सूक्ष्म र महत्वपूर्ण चित्रण गर्छ । यसले कथानकका दृष्टिले महत्वहीन तथा गौण पात्रहरुका साथै सामान्य घटना र मामुली स्थितिहरुको पनि सूक्ष्म र विस्तृत चित्रण गर्छ ।

९ यसले कृत्रिम, आलङ्कारिक, कल्पनापूर्ण, आडम्बरयुक्त र भावनात्मक भाषाको प्रयोग नगरी बोलचालको सामान्य वा स्थानीय भाषाको प्रयोग गर्छ । सामाजिक स्तर तथा क्षेत्रका आधारमा पात्रानुकूल भाषा वा संवादको प्रयोग गर्दा यसले अश्लील, क्षुद्र र असंस्कृत भाषाका साथै भाषिका र व्यक्तिबमोजिका समेत प्रयोग गरी स्वाभाविकता तथा विश्वसनीयता ल्याउने प्रयास गर्छ ।

१० यसले स्थानीय रङ्ग वा आञ्चलिकतालाई विशेष ग्राह्यता दिन्छ । आञ्चलिक दृश्य, परिवेश, वातावरण उपस्थित गर्ने सन्दर्भमा यसले स्थानीय घटना, रीतिथिति, रहनसहन, आचरण, व्यवहार आदिलाई बढी महत्व दिन्छ ।

११ यसले साहित्यिक कृतिमा विज्ञान, व्यवसाय क्षेत्रका पारिभाषिक शब्दहरुको प्रयोग पनि विषय र पात्र सुहाउँदो ढङ्गमा गर्छ । कृतिलाई वास्तविक र स्वाभाविक तुल्याउन विभिन्न अभिलेख, चिठी, डायरी तथा अन्य लेखोटको प्रभावकारी उपयोग गर्छ ।

१२ यसले सामान्य, स्पष्ट, प्रत्यक्ष, वास्तुनिष्ठ आदि साहित्यिक अभिव्यक्तिको पद्धति अँगाली विश्वसनीय ढङ्गमा कृति प्रस्तुत गर्छ ।

१३ कुनै व्यवस्थामा खोट, त्रुटि, कमजोरी वा कुरूपता देखिँदा यसले नै तिनको निराकरणका लागि विद्रोह र परिवर्तनको स्वर घन्काउँछ ।

## ५. यथार्थवादका मुख्य भेद

यथार्थवादका विभिन्न भेदहरु गरिएका पाइन्छन् । यसका मुख्य भेदहरु निम्नलिखित छन् :-

### १ सामाजिक यथार्थवाद (Social Realism)

सामान्यतः यथार्थवाद भनेकै सामाजिक यथार्थवाद हो । यसको वास्तविक थालनी उन्नाईसौं शताब्दीको उत्तरार्धमा फ्रान्सेली उपन्यास साहित्यमा भएको हो । विशेषतः बाल्जाकबाट प्रारम्भ भई सामाजिक यथार्थवादले जोलामा चरम विकास गरेको मानिन्छ । यसले साहित्यका भौतिकजगत् तथा वस्तुसत्यलाई अँगाली सामाजिक यथार्थवादी दृष्टिकोणबाट मानवजीवनको वस्तुपरक प्रस्तुति गर्छ । यसले पात्रका रुपमा खासगरी निम्नवर्गीय चरित्रलाई र विषयवस्तुका रुपमा समाजका सामान्य वा विशिष्ट घटना, स्थिति, परिवेश आदिलाई ग्रहण गरी मुख्यतः साधारण जनजीवनको प्रतिनिधित्व हुने खालको अभिव्यक्ति गर्छ । यसले स्थानीयता वा आञ्चलिकता र बोलचालको भाषालाई विशेष महत्व दिन्छ । सामाजिक यथार्थवादी लेखकले समाजका कुरीति, अन्धविश्वास, होचीअर्घेली आदिको विरोध गर्छ । यसले जनजीवनका संस्कार, रहनसहन, आचरण, व्यवहार आदिको इमान्दारीको यथातथ्य वर्णन प्रस्तुत गर्छ । यसले मानवीय त्रुटि, दुर्बलता, नग्नता, क्रूरता, हिंसात्मकता आदिको पनि तथ्यपरक र विस्तृत चित्रण गर्छ ।[११३]

---

[११३] शर्मा र अन्य, २०६३ : ३०२

सामाजिक यथार्थवादलाई सच्चा यथार्थवाद भनेको पनि पाइन्छ । यसमा निराशावादको मात्र चित्रण नगरी आशावाद जगाउने सामान्य प्रवृत्ति पनि रहन्छ । यथार्थवादी साहित्यकारले गर्ने वस्तुसत्यको फोटोग्राफिक अनुकरण मात्र नभई त्यसमा वैयक्तिकता र सिर्जनात्मकताको सम्मिश्रणसमेत गरेर कृतिलाई जीवन्त तुल्याउन प्रयास पनि गरेको पाइन्छ । यस दृष्टिबाट यथार्थवादी लेखकहरु भौतिक संसार तथा सामाजिक जीवनलाई नवीन रूपमा प्रस्तुत गर्ने सर्जकका रूपमा समेत देखापर्छन् । यस सन्दर्भमा जोलाको साहित्यकला जीवनको एउटा कोण हो र यसको अभिव्यक्ति मानवीय प्रवृत्तिका आधारमा गरिन्छ भन्ने दृष्टिकोण रहेको छ । यथार्थवादीहरुको यो दृष्टिकोण समाजका लागि निकै उपयोगी रहेको ठानिन्छ ।

## २ मनोवैज्ञानिक यथार्थवाद (Psychological Realism)

मनोवैज्ञानिक यथार्थवाद मूलभूत रूपमा सिग्मन्ड फ्रायड, अल्फ्रेड एड्लर र कार्लगुस्ताव युङ्गका मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित छ । मार्क्सवाद झैं फ्रायडवादले पनि विश्वकै साहित्य, कला तथा चिन्तनलाई अत्याधिक प्रभावित तुल्याएको छ । यो प्रभाव यथार्थवादको एउटा भेदका रूपमा विशेषतः साहित्यको आख्यान विधा र अमेरिकाली र अन्य मुलुकका यथार्थवादीहरुले मनोवैज्ञानिक यथार्थवादलाई परिभाषित गरेका छन् । मनोवैज्ञानिक यथार्थवाद के हो भनेर स्पष्ट पार्न खोज्ने साहित्यकार तथा चिन्तकहरुको मत समेटी यसको परिभाषा तल प्रस्तुत गरिएको छ ।

बाह्य यथार्थको यथातथ्य चित्रण गर्ने प्रवृत्तिबाट मोडिएर आन्तरिक यथार्थ अर्थात मानव मनको विचार प्रक्रियाको यथातथ्य प्रतिवेदन प्रस्तुत गर्ने प्रक्रियातर्फ उन्मुख हुनु नै मनोवैज्ञानिक यथार्थवाद हो । आन्तरिक यथार्थ अर्थात् मानव मनको विचार प्रक्रियाको तात्पर्य चेतनको प्रस्तुति हो । भर्जिनिया उल्फजस्ता उपन्यासकारले चेतन प्रवाह पद्धतिको प्रयोग गरेर मानव मस्तिष्कमा प्रवाहित विचारको पुञ्जको चरम प्रकटीकरण गरेका छन् ।[११४]

फ्रान्सेली लेखकहरुमा मोपासाँ, मार्लो, मारिया, युल रामे, आन्द्रे आदिका रचनाहरूमा मनोवैज्ञानिक यथार्थवादले महत्वपूर्ण स्थान पाएको छ भने बेलायती, अमेरिकाली उपन्यासकारहरुमा सिङ्क्लेयर, रिचर्डसन, डि.एच्, लरेन्स आदिले पनि आफ्ना उपन्यासहरुका

[११४] शर्मा र अन्य, २०६३: ३०४

पात्रहरुको चरित्रचित्रणमा यसको व्यापक प्रयोग गरेका छन् । यसैगरी रुसी उपन्यासकारहरुमा लियो टल्सटाय, दोस्तोएब्स्की, तुर्गनेभ आदिका उपन्यासहरुमा पनि मनोवैज्ञानिक यथार्थवादको उचित प्रयोग भेटिन्छ । अझै पनि यस प्रस्तुतिलाई अँगाली प्रशस्त उपन्यासहरू लेखिएको पाइन्छ ।

### ३ आलोचनात्मक यथार्थवाद (Critical Realism)

आलोचनात्मक यथार्थवाद यथार्थवादकै एउटा हाँगाका रूपमा उन्नाईसौं शताब्दीमा फस्टाएको देखिन्छ । सातजना अमेरिकाली दार्शनिकहरुको संयुक्त प्रयासबाट प्रकाशित पुस्तक Critical Realism (1920) पुस्तकले यसको दार्शनिक आधार तथा महत्वको स्थापना गरेको मानिन्छ । सन् १९३४ मा भएको सोभियत लेखकहरुले पहिलो सम्मेलनमा गोर्कीले समाजवादी यथार्थवादभन्दा भिन्न देखाई यसको गाँसिएको शब्द भए तापनि यसपछि साहित्यमै सीमित भएर रहेको पाइन्छ । समाजवादी यथार्थवादसँग भिन्नता रहेको हुँदा मार्क्सेली समालोचकहरुले यसलाई बुर्जुवा यथार्थवाद भनेको पनि पाइन्छ ।

पूँजीवादी समाजका शोषण, दमन, अन्याय, अत्याचार आदि विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य र आलोचना गरेर साहित्यमा आलोचनात्मक यथार्थवाद स्थापित हुनपुगेको हो । जे जस्तो छ अर्थात् पूँजीवादी शोषण, दमन, उत्पीडन, अमानवियता आदिको कटु आलोचना गर्नु मूल प्रवृत्ति भएको यथार्थवादलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । यसले यथास्थितिको आलोचना वा विरोध तीव्रतम रुपमा गर्छ, तर त्यसबाट उन्मुक्तिको उचित दिशा निर्देश गर्दैन । समाजवादी यथार्थवादले उन्मुक्तिको उचित दिशा तथा सुधारका उपायसमेत प्रस्तुत गर्ने हुँदा यी दुवैका बीचमा भिन्नता रहेको स्पष्ट हुन्छ । जर्ज लुकाचले The Meaning of Contemporary Realism मा आलोचनात्मक यथार्थवाद समाजवादी यथार्थवादको सन्धिस्थलका रूपमा रहेको स्वीकारेका छन् । समाजको विद्यमान स्थितिलाई आलोचनात्मक रुपले नियाल्ने साहित्यिक मान्यता नै आलोचनात्मक यथार्थवाद हो । विशेषतः पूँजीवादी विकृति र विसङ्गतिको यथार्थ चित्रण तथा कटु आलोचना गर्ने प्रवृत्तिका रूपमा आलोचनात्मक यथार्थवादले साहित्यिक क्षेत्रमा विशेष महत्व र स्थान पाएको देखिन्छ ।[११५] जर्ज लुकाचले

---

[११५] शर्मा र अन्य, २०६३ : ३०५

विद्यमानका साथै उदीयमान व्यवस्था वा यथार्थसँग असहमति देखाई आलोचना गर्नु आलोचनात्मक यथार्थवादको मूल पहिचान हो भन्ने कुरा उल्लेख गरेका छन् । उनले समाजवादले आगमनपछि आलोचनात्मक यथार्थवाद स्वतः बिलाउँदै गई त्यो ठाउँ समाजवादी यथार्थवादले लिने र समाजको यथार्थ चित्रण गर्ने धारणा पनि अघि सारेका छन् । अन्र्स्ट फिसरले स्वच्छन्दतावादी विद्रोह र पूँजीवादी मूल्याङ्कनको उच्च तथा निम्नवर्गीय अस्वीकृतीको मिश्रणबाट आलोचनात्मक यथार्थवाद जन्मिएको हो भन्ने धारणा प्रस्तुत गरेका छन् ।

आलोचनात्मक यथार्थवाद पनि यथार्थवादकै एउटा भेद भए तापनि यसमा सर्जक तटस्थ द्रष्टा नभई आलोचनात्मक द्रष्टाका रूपमा सक्रिय हुन्छ । बाल्जाक, स्टेन्धाल, गोगोल, फ्लुबर्ट, डिकेन्स, टाल्सटाय, दोस्तोबस्की, पुस्किन आदि विश्वप्रसिद्ध उपन्यासकारहरुले आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई पर्याप्त मलजल दिएर हुर्काएको मानिन्छ । त्यस्तै काफ्काका आख्यान तथा नाट्यकृतिहरुमा पनि यथार्थवादको यो भेद राम्रैसँग विकसित भएको देखिन्छ ।

### ४ समाजवादी यथार्थवाद (Socialist Realism)

समाजवादी यथार्थवाद मुख्यतः मार्क्सेली द्वन्द्वात्मक भौतिकवादमा आधारित छ । रसियामा समाजवादी यथार्थवादी प्रवर्तनकर्ता लुनाचार्स्कीको भनाइमा समाजवादी यथार्थवाद पनि सर्वप्रथम यथार्थवाद नै हो, तर यो द्वन्द्वात्मक र गतिशील हुन्छ । यथार्थवादको यस भेदले समाजमा उत्पादनका रूपमा रहेका श्रमजीवीहरुको यथार्थलाई प्रकट गर्छ । यसले सर्वहारावर्ग र सामाजिक क्रान्तिकारी परिवर्तनको पक्षधरता देखाउँछ । मार्क्सेली समालोचकहरुका दृष्टिमा समाजवादी यथार्थवादी भनेको चरित्र तथा घटनाहरुले समाजका आर्थिक वर्गहरूमा सङ्घर्ष भई समाजमा परिवर्तन आवश्यक हुन्छ भन्ने धारणा प्रतिबिम्बित गर्ने उपन्यासका लागि गरिन्छ । विशेषतः सन् १९१७ को रसियाली अक्टुबर क्रान्तिपछि यथार्थवाद भित्र नवीन सोचका रूपमा समाजवादी यथार्थवादी वास्तविक रूप देखिएको हो । सन् १९२० को दशकमा यसको विस्तार समाजवादी झुकाउ भएको बुल्गेरिया, पोल्याण्ड, चेकोस्लोभाकिया आदि देशहरुमा फिजिँदै गएको पाइन्छ । सन् १९३४ मा सोभियत लेखकहरुको राष्ट्रिय सङ्घले यसलाई आधिकारिक रुपमा स्वीकृत गरेका पाइन्छ । लेखकहरुले यसै सम्मेलनमा प्रस्तुत निकोलाई ओस्त्रोभ्स्कीको How the Steel was Tempered (1934) लाई सोभियत यथार्थवादको क्लासिक उदाहरण मान्दै यस कृतिले नव सोभियत मानव (New Soviet man) लाई जन्म दिएकोमा सबै

लेखकहरुले प्रशंसा गरे । यसै समयमा मेक्सिम गोर्की, निकोलाई बुखारिन आदिद्वारा पनि समाजवादी यथार्थवादलाई अनुमोदन गरिएको हो ।[११६]

मेक्सिम गोर्कीका विचारमा समाजवादी यथार्थवाद परम्परा र भ्रष्टाचारका विरुद्ध आमूल क्रान्तिकारी परिवर्तनका सूचक हो । राल्फ फक्सले क्रान्तिको उद्घाटन गर्नु द्वन्द्व र सङ्घर्षको कार्यकारण सम्बन्धबाट समाधान खोज्नु समाजवादी यथार्थवादको प्रमुख लक्ष्य हो भन्ने मानेका छन् । क्रिस्टोफर कडवेलले समाजवादी यथार्थवादले व्यक्तिभन्दा बढी समाजलाई महत्व दिनुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । अन्स्र्ट फिसरले पूँजीवादी असन्तुष्टिका कारण लेखक कलाकारहरुलाई समाजवादी याथर्थवादी धारणाले पनि समाजवादी यथार्थवादतर्फ नै सङ्केत गरेको पाइन्छ । हार्वर्ड फास्टले समाजवादी यथार्थवादिका रूपमा एउटा नयाँ साहित्यिक शक्ति संसारमा देखिएको तथ्य स्वीकार गरेका छन् ।

समाजवादी यथार्थवादलाई अँगालेर अन्तर्राष्ट्रिय स्तरमा सफल कृति सिर्जना गर्नेहरुमा अलेक्जेन्डर फादएभ र मिखाइल सोलोखोभ विश्व प्रसिद्ध छन् । यसका सशक्त विद्रोहीहरुमा बोरिस पास्टरनाक, अलेक्जेन्डर सोल्भ्रेनित्सिन र अन्ना अख्मातोभ आदि उपन्यासकारहरुको नाम विश्वप्रसिद्ध छ । यथार्थवादका उपर्युक्त प्रमुख भेदहरूबाहेक निम्नलिखित अन्य भेदहरुको पनि उल्लेख पाइन्छ ।

१ आदर्शोन्मुख यथार्थवाद (Idealistic Realism) : आदर्शतर्फ ढल्किएको यथार्थवाद ।

२ जादुगरीय यथार्थवाद (Magica Realism) : यथार्थ र स्वैरकाल्पनिक तत्वको मिश्रण गरी स्वप्नवत् र मिथकीय चित्रण गर्ने यथार्थ ।

३ ऐतिहासिक यथार्थवाद (Historical Realism) : इतिहासका वास्तविक पात्र तथा घटनाको चित्रण गर्ने यथार्थवाद ।

४ प्रदूषणपरक यथार्थवाद (Dirty Realism) : जीवन तथा समाजका घृणित, कुत्सित, फोहोरी, नग्न, निन्दनीय पक्षको चित्रण गर्ने यथार्थवाद ।

५ अन्धकारमूलक यथार्थवाद (Dark Realism) : मानवीय जीवनका अँध्यारा पक्षको गहन चित्रण गर्ने यथार्थवाद ।

---

[११६] शर्मा र अन्य, २०६३ : ३०६

## ५ यथार्थवादका शक्ति र सीमा

### क) यथार्थवादका शक्ति

१ वैज्ञानिक दृष्टिकोण अँगाली सामाजिक यथार्थको वस्तुगत चित्रण गर्नु ।

२ समसामयिक जीवन भोगाइ र स्थानीय परिदृश्यको इमान्दारीपूर्ण अभिव्यक्ति गर्नु ।

३ मध्यम र निम्नवर्गीय पात्रलाई महत्व दिई तिनको सूक्ष्मातिसूक्ष्म चित्रण गर्नु ।

४ विश्वसनीय र सहज ढङ्गले विषयवस्तु प्रस्तुत गर्नु ।

५ विद्रोह, परिवर्तन र सुधारका निम्ति आवश्यक आधार तथा कुञ्जी प्रदान गर्नु ।

६ कृत्रिम, आलङ्कारिक र आडम्बरपूर्ण भाषाको त्याग गरी पात्रानुकूल बोलचालको भाषालाई साहित्यिक मान्यता प्रदान गर्नु ।

७ विज्ञान र व्यवसाय क्षेत्रका विशिष्ट तथा पारिभाषिक शब्दावलीको प्रयोजनपूर्ण प्रयोग गर्नु ।

८ अभिलेख, चिठी, संस्मरण, डायरी आदिको प्रयोग गरी कृतिमा स्वाभाविकता र विश्वसनीयता पैदा गर्नु ।

९ सामाजिक सत्यको फोटोग्राफिक वर्णन गर्नु ।

### ख) यथार्थवादका सीमा

१ यसले समाज र जीवन यस्तो हुनुपर्छ भन्ने उल्लेख नगरी यस्तो छ भन्ने चित्रण मात्र गर्ने हुँदा नैतिक मूल्य, मान्यता र आदर्शको उपेक्षा गर्छ ।

२ यसले निम्नवर्गीय सामान्य पात्रको चयन गर्नेतर्फ खास अभिरुचि देखाउने हुँदा उच्चवर्गीय विशिष्ट पात्रहरुको उपेक्षा गर्छ ।

३ यसले घटना र चरित्रका सामान्य पक्षहरुको सूक्ष्मातिसूक्ष्म वर्णन गर्ने हुँदा कृति पट्यारलाग्दो र नीरस तथा अरुचिकर हुनसक्छ ।

४ यसले सामाजिक यथार्थका सम्पूर्ण चित्रण गर्न खोज्छ, तर यस्तो सम्पूर्ण चित्रण उपस्थित गर्न सक्षम हुँदैन् ।

५ यसले यथार्थलाई फोटोग्राफिक ढङ्गमा प्रस्तुत गर्ने हुँदा कलात्मकताको ह्रास हुन्छ ।

६ यसले बोलचालका भाषा तथा भाषिकाको प्रयोग गर्नु हुँदा परिनिष्ठित, कलात्मक तथा उच्च प्रयुक्तिको भाषिक प्रयोगको उपेक्षा गर्छ ।

७ यसले मानवीय यथार्थको कोमल, मधुर र सुन्दर पक्षभन्दा कठोर, क्रूर र बीभत्स पक्षको चित्रणतर्फ बढी अग्रसरता देखाउने हुँदा जीवनको एउटा महत्वपूर्ण पक्ष उपेक्षित हुन्छ ।

**६ नेपाली साहित्यमा यथार्थवादी धारा**

नेपाली साहित्यमा यथार्थवादी धाराको प्रथम उन्मेष उपन्यासतर्फ रुद्रराज पाण्डेको **रुपमती** (१९९१) मा र कथातर्फ गुरुप्रसाद मैनालीको **नासो** (१९९२), मा भएको छ । यी दुवैमा आदर्शोन्मुख यथार्थवादको प्रभुत्व भएकाले विशुद्ध यथार्थवादले स्थान पाएको कृति लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (२००४), उपन्यास हो । यो नै नेपालीको पहिलो सामाजिक यथार्थवादी उपन्यास हो ।

समाजवादी यथार्थवादी उपन्यासको धारा नेपालीमा भित्र्याउने काम हृदयचन्द्रसिंह प्रधानको उपन्यास **स्वास्नी मान्छे** (२०११), ले गरेको पाइन्छ । यसलाई नेपालीमा प्रगतिवादी धाराको आरम्भ बिन्दु पनि मानिन्छ । यस्तै नेपालीमा मनोवैज्ञानिक यथार्थवादी धाराको प्रारम्भ गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६) उपन्यासबाट भएको हो भने यसको विशिष्ट संवर्द्धन विश्वेश्वरप्रसाद कोइरालाको कथा र उपन्यासमा भएको छ । ऐतिहासिक यथार्थवादी धाराको प्रतिनिधित्व गर्ने उपन्यास चाहिँ डायमन शमशेरको **वसन्ती** (२००६) हो । नेपालीमा आलोचनात्मक यथार्थवादको प्रयोग विशेष रूपमा रमेश विकल आदिका कथा र उपन्यासमा पाइन्छ । यसैगरी ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा आदिका रचनाहरुमा जादुगरीय यथार्थवाददेखि प्रदूषणपरक तथा अन्धकारमूलक यथार्थवादसम्मको सफल प्रयोग भेटिन्छ ।

नेपाली साहित्यको नाट्यक्षेत्रमा पनि यथार्थवादको राम्रो प्रभाव परेको छ । गोपालप्रसाद रिमालको **मसान** (२००३), विजय मल्लको **कोही किन बरबाद होस्** (२०१३) आदिका नाट्यकृतिहरुमा यथार्थवादको प्रयोग पाइन्छ । कविताका क्षेत्रमा २००७ सालपछिका अधिकांश रचनाहरुमा यसको प्रभाव रहेको देखिन्छ ।

नेपाली साहित्यका यथार्थवादलाई प्रधानता दिने रचनाहरु तथा रचनाकारहरु निम्नलिखित उल्लेखनीय छन् :

| रचनाकार | रचना | प्रकार |
|---|---|---|
| मोहनबहादुर मल्ल | उजेली छामा २००८ | सामाजिक यथार्थवादी |
| लीलबहादुर क्षेत्री | बसाइँ २०१४ | सामाजिक यथार्थवादी |
| इन्द्रबहादुर राई | आज रमिता छ २०२१ | सामाजिक यथार्थवादी |
| दौलतविक्रम विष्ट | मञ्जरी २०१६ | सामाजिक यथार्थवादी |
| शङ्कर कोइराला | खेरेनिघाट २०१८ | आञ्चलिक |
| डी.पी. अधिकारी | आशमाया २०२५ | सामाजवादी |
| तारिणीप्रसाद कोइराला | सर्पदंश २०२६ | मनोवैज्ञानिक |
| खगेन्द्र सङ्ग्रौला | चेतनाको पहिलो डाक २०२७ | समाजवादी |
| पारिजात | अनिंदो पहाडसँगै २०३९ | समाजवादी |
| रमेश विकल | अविरल बग्दछ इन्द्रावती | आलोचनात्मक |

यसरी माथिका उदाहरणबाट के स्पष्ट हुन्छ भने आधुनिक कालका वा वर्तमान समयका धेरैजसो रचनाहरुमा यथार्थवाद कै प्रभुत्व रहेको पाइन्छ ।

## ५.४ गोविन्दराज भट्टराईको 'मणिपुरको चिट्ठी' उपन्यासको विश्लेषण

### ५.४.१ लेखनगत सन्दर्भ/संरचना

नेपाली साहित्यमा २०३१ सालदेखि कलम चलाउन प्रारम्भ गरेका गोविन्दराज भट्टराईले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, समालोचना क्षेत्रमा कलम चलाएका छन् । उपन्यासका क्षेत्रमा उनका **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी**

(२०३४) र **सुकरातका पाइला** (२०६३) तीनवटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूमध्ये **मणिपुरको चिट्ठी** उपन्यासको विश्लेषण निम्नलिखित रूपमा गरिएको छ :

**मणिपुरको चिट्ठी** पहिलो पटक साझा प्रकाशनबाट २०३४ सालमा प्रकाशित भएको उपन्यास हो भने यसको दोस्रो संस्करण २०५९ सालमा प्रकाशित भएको छ । यहाँ दोस्रो संस्करणका आधारमा विश्लेषण गरिएको छ । आकारप्रकारका दृष्टिले सानो देखिने प्रस्तुत उपन्यासमा जम्मा ६९ पृष्ठ रहेका छन् । भूमिका नलेखिएको प्रस्तुत उपन्यासको पुस्तकाकार कृति डिमाइ साइजको रहेको छ । आवरण पृष्ठको सिरानमा सेतो रङको पानामा **मणिपुरको चिट्ठी** लेखिएको छ भने मध्यभागमा एउटी महिलाको आधा टाउको र एक युवा घोप्टो परेर टेबलमा लेख्दै गरेको सङ्केत जनाउने अस्पष्ट चित्र रहेका छन् । पृष्ठभर रातो रङ रहेको आवरण पृष्ठको अन्त्यमा गोविन्दराज भट्टराई लेखिएको छ । प्रस्तुत **मणिपुरको चिट्ठी** उपन्यासको स्थान नेपालको कुनै गाउँदेखि लिएर भारतका मणिपुर, नागाल्यान्ड, आसाम, डिम्बापुर र इम्फाल आदि ठाउँहरू रहेका छन् । उपन्यासको बीचबीचमा पत्रमा उल्लेख भएको मिति हेर्दा प्रस्तुत घटना २०१६ सालदेखि २०३१ सालसम्मको १५ वर्षभित्रको रहेको देखिन्छ । 'म' पात्रलगायत उसको परिवारको कार्यस्थल नेपालको कुनै एक गाउँ रहेको छ भने शोभा र लीलानाथको कार्यस्थल मणिपुरको कुनै गाउँ रहेको छ । त्यस्तै जेठा कामीको कार्यस्थल (घर) आसाम रहेको छ भने उनीहरू भागेर नागाल्यान्ड हुँदै मणिपुरकै राजधानी इम्फालमा गएर उद्योग धन्दा गरेकाले उनीहरूको व्यापार-व्यवसायको कार्यस्थल इम्फाल रहेको देखिन्छ । यसरी प्रस्तुत उपन्यासका घटनाहरू नेपालदेखि लिएर भारतका विभिन्न प्रान्तहरूमा घटेको देखिन्छ । प्रस्तुत कृतिको कथावस्तुलाई चिह्नित दस भागमा विभाजन गरिएको र कृतिको सबैभन्दा छोटो दस भाग एक अनुच्छेदमा संरचित भएको छ भने सबैभन्दा लामो २३ पृष्ठमा आबद्ध छैटौं भाग रहेको छ । यसैगरी पहिलो भाग पाँच पृष्ठमा, दोस्रो भाग चार पृष्ठमा, तेस्रो भाग पाँच पृष्ठमा,

चौथो भाग सात पृष्ठमा, पाँचौं भाग पाँच पृष्ठमा, सातौं भाग नौ पृष्ठमा, आठौं भाग सात पृष्ठमा, नौऔं भाग नौ पृष्ठमा आबद्ध भई संरचित रहेका छन् । यसरी संरचित प्रस्तुत कृतिको मूल्य रु.३५।- रहेको छ ।

## ५.४.२ कथावस्तु

### (क) आदिभाग

'म' पात्रको स्मरणात्मक अभिव्यक्तिबाट उपल्यासको सुरुवात भएको छ । 'म' पात्रकी दिदी शोभालाई मणिपुर बसोबास भएको लीलानाथसँग बुबाआमाले विवाह गरिदिएका छन् । दिदीको विवाह हुँदा 'म' पात्र सानो थियो । उसलाई दिदीले असाध्यै माया गर्थी । दिदीको विवाहपश्चात् दिदीलाई बारम्बार सम्झिने 'म' पात्रको ध्यान आज दिदीमा केन्द्रित भएको छ । दिदीको साथमा खेल्दाखेल्दै आफ्नो बाल्यकाल बितेको अवस्थाको वर्णनलाई नै उपन्यासको आदि भाग मान्न सकिन्छ । ग्रामिण समाजको यथार्थता देखाउने उपन्यासको केही भाग यस्तो देखिन्छः

*घर पछाडि केराको बोटमा सर्लाङसुर्लुङको आवाज जन्मियो । नजीकै पो आउँछ कि ? डरले रौं फेरि ठडिन्छन् । साँच्ची घरको यति नजिकै केरा रोप्नु नहुने मैले । चिनियाँ चम्पा भनेर गाउँदेखि कोथो ल्याएर रोपें । धुस्रे जात परेछ । फेरि कस्तो धेरै पछाडि नि । साला यी सेता बकुल्लाहरु । दिनभरि होलीको माछा र गँगटा सखाप पार्दा नअघाएर राती हाम्रै केराको झ्याङमा आउनु पर्ने ? डिष्टर्व गर्नुपर्ने ? मेरो सुर भाँचियो । भोलि त यी सप्पै केरालाई मार हान्छु । भैंसीले खाए गुन लाग्ला । बकुल्लालाई घोर भर्त्सना गर्दा मनमनै गौरव गर्न लागें । डर हरायो । बकुल्लादेखि असाध्यै झ्वाँक बढेर आयो । मनभरि के के सोचाइहरु लहरा भएर तन्किन्छन् । एउटा कुरा टुङ्ग्याउन पाएकै हुन्न, फेरि अर्को जन्मिन्छ । घोरिन्छु, बा-आमाले यसै बेला माइत ससुराली नगइनहुने । बाबैलाई अझ के भन्नु ? घरलाई एक्लै पारेर गोठ जानुपर्ने ? पाडा बाछा बाघले खान्छ रे ? आजसम्म यो ठाउँमा त्यस्तो कहीँ सुनिएको छ ? डर अझ भरिन्छ । त्यो लुकाउन नपाएर मन अल्लारिँदै हुँदा तल्लाघर बाबैको ख्याङ ख्वाङ खोकाइ*

*धुरीबाट निस्केर आउँछ । थुक्क । थुकेको सुन्छु । मन अलमलिन्छ । बाबैले ओछ्यानबाट थुके । त्यो थूक छानामै अल्झिएको होला ... त्यो भरे भरे सिरकमै खस्छ । छिः । त्यस्तै कता कता ।*[११७]

## (ख) मध्यभाग

धेरै समयपछि दिदीको सम्झना गर्दागर्दै 'म' पात्रलाई एउटा रातो धागोले बाँधेको चिट्ठी आउँछ र ऊ दिदीको बारेमा स्मरण गर्दै उपन्यासको कथालाई अगाडि बढाउँदछ । शोभाको लीलानाथसँग विवाह भएको दस वर्ष बितिसक्दा पनि उनीहरूको कुनै सन्तान भएको छैन । लीलानाथ सन्तान नभएकोमा दुःखित हुँदै ज्योतिषिकोमा गएर सोध्छ । ज्योतिषिले पत्नीबाट सन्तान नहुने बताएपछि उसले घरमा आएर पत्नीलाई दुःख दिने, कुट्ने, गाली गर्ने काम गर्न थाल्दछ र अर्की बिहे गरेर ल्याउने धम्कीसमेत दिन थाल्छ । यसै सन्दर्भमा उपन्यासमा यसरी व्यक्त गरिएको छः *ती दिनहरूमा भिनाजु हाम्रो घरमा आउन छोडेका थिए रे । सुन्छु, दिदीको दुःखभोगाइ ज्यादै नमिठो आँसु बिझाउने खालको थियो रे । भिनाजु बारम्बार भन्थे रे, "भएनन् । तँबाट सन्तान भएनन् । अर्की बिहे गर्नुपरेको छ, ज्योतिषीले त्यस्तै भनेको छ ।" त्यसपछिका सम्पूर्ण दिनहरु साँच्चै लाग्छन् । तिनलाई मैले देखें, भोगें र पचाएँ पनि । त्यसैले यसपछिका दिनलाई या घटनालाई यहाँ पोखेर "अरे" थप्नुपर्ने छैन ।*[११८]

यसरी धम्की दिँदादिँदै केही दिनमा नै लीलानाथले विवाह गरेर अर्की पत्नी ल्याउँछ । त्यो देखेर शोभाको मन कुडिन्छ । लीलानाथको खटनलाई खप्न नसकेर शोभा जेठो कामीसँग सम्बन्ध अगाडि बढाउँछे । गाउँमा यो कुरा केही दिनमा फैलिन्छ र उनीहरू आफ्नो गाउँलाई छाडेर नागाल्यान्डतिर भाग्छन् । शोभा र जेठो कामी भागेर मणिपुरको इम्फाल पुग्छन् ।  जातीय विभेदको कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको छः *ती दिनमा हाम्रो गाउँमा वायुमण्डल ढाकेर एउटा समाचार आयो भिनाजुले अर्की बिहे गरेर ल्याए । त्यसको वर्षदिनपछि दिदी शोभा आफ्नै छिमेकी जेठो कामीसँग सल्केको थाहा लागेछ । भिनाजुले*

---

[११७] भट्टराई, २०५९ :४

[११८] भट्टराई, २०५९ :५

*तत्कालै उनलाई घरबाट निकाले । कुरो त यति थियो । हरेक बिहान बेलुका पानी पँधेरो र कुवामा हजारगुना हुन्थ्यो । त्यसै दरले कति कति वायुमण्डल ढोकेथ्यो । गाउँभरि होहल्ला भएछ - फलानकी छोरी त कामीसित यस्तै यस्तै । खबर कानमा परेर सान दिनसम्म बाबैले भातको गाँस निलेनन् । बुबाले गीतापाठ गर्नुभयो । आमाका आँखा ओभाउन धेरै दिन लागेको सम्झिन्छु । "के भयो त ठीकै छ । अर्को जुवाई रोजिन् ।" दाजुको प्रतिक्रिया थियो । बा-आमा दुवैले दाजु माथि बाघ झम्टाइ गरे, हात मात्र छोड्न सकेनन् । घृणा उब्जेर आएथ्यो पिताजीको हृदयान्तरदेखि नै धिक्कारेको सुनें ।* [११९]

शोभाको माइती गाउँमा यो कुरा सुनेपछि दाजु खुसी भएको छ भने बाबुआमाले उसलाई कुलको इज्जत नै फाली भन्दै घरमा पुराण लगाएका छन् । चारवर्षपश्चात् शोभाले 'म' पात्र भाइलाई चिठ्ठी पठाउँछे । ऊ जेठा कामीसँग सुखसित जीवनयापन गरिरहको कुरा पत्रमा उल्लेख गर्दछे । 'म' पात्र पत्र पाएर खुसी हुन्छ । सो पत्र उसले सबैलाई सुनाउँछ ।  प्रथम पत्र यसप्रकार थियोः

*१९ मार्च १९६१*

*नागाल्याण्ड*

*हृदयको स्पन्दन सानो भाइ,*

*सबैले बिर्सेकी दिदीको प्यार तिमीलाई । आज म तिमीलाई प्रथम पत्र पठाउँदैछु । दाजुसँग कहिलेकाहीँ पत्र व्यवहार हुँदै गएको धेरै भयो । तिमी पढ्दैछौ पत्रले जनायो । त्यसैले अब त मेरो स्नेहलाई तिमीले यथावत हृदयले ग्रहण गर्न सकौला । त्यही सम्झी हृदयान्तरबाट प्रेम कोसेलीस्वरुप स्मृतिपत्र पठाउँदैछु । म जहाँ जन्मे, हुर्के र जीवनको एक फक्लेटो फुकालें अनि जुन काखको न्यानो र छातीको प्राण पाएँ, तिनबाट हजारौं कोश टाढा छु, अदृश्य छु । संसार यस्तो पनि होला, मैले सोचेकी थिइनँ । मलाई कसैले सम्झेको भए दाजुबाट यदाकदा पत्र पाउँछु । भाउजूबाट पनि स्मृतिटुक्राहरु पाएकी छु, प्रत्युत्तर पठाएकी छु । ...*

*सदैव तिमीलाई हृदयमा राख्ने*

*शोभा दिदी* [१२०]

---

[११९] भट्टराई, २०५९ :६

[१२०] भट्टराई, २०५९ :२८

बाबुआमाले शोभालाई गाली गर्दछन् भने दाजुभाउजूले राम्रै भयो भनेर सान्त्वना दिन्छन् । 'म' पात्रले दिदीलाई सो पत्रको उत्तर पठाउँछ ।

*प्यारी दिदी शोभा*

*तपाईलाई पत्र लेखेर पुग्नु के छ र ? जुन दिन तपाईको पत्र हात पर्‍यो, एकपल्ट आफैलाई बिर्सें । तपाईकै सम्झनाले बारम्बार झस्केर त्यसै बस्न सकिनँ, स्मरणलाई अझ तीखो पार्दैछु । दाजुबाट पत्र पाउनु होला नै । तपाईको यो पत्र पनि दिएँ । "जहान कति छन् रे ?" आमाले मलाई सोध्नुभयो । ममा हृदयमा आएका आमूल परिवर्तनलाई मैले सम्झेँ, स्वीकार गरें । भिनाजु लीलानाथ (अब म लीले मात्र भन्छु) को हाल त के बताऊँ ? जसलाई न शत्रुको न मित्रकै संज्ञा दिन सकियोस् । यदाकदा हाम्रो घरमा ऊ आउँदै हुन्छ । पिताजीको लीलेप्रतिको असीम श्रद्धा यथावत चल्छ । आमासमेतको धूर पसी तपाईको पतनको भर्त्सना हुन्छ । दाजु "नीच विचार" वालामध्ये एक गनिनु हुन्छ । लीलेले दोस्रो बिहे गरिसक्यो । तपाईलाई थाहा होला । थाहा नभएको के होला भने, त्यो पनि रोगाएर दुई वर्षसम्म माइत छोड्नै सकिन । निरूपाय लीलेले त्यसलाई छोडिदियो । अर्की बिहे गर्‍यो - तेस्रो विवाह । तीन वर्ष पुग्यो ऊ पनि निसन्तान छ अझै । उसलाई बुढयाईले घेर्न थालेका दिन आए । रातो दिन डुल्दो छ, फिर्दो छ, आफ्नो संसार अलग्ग । "सेकेन्ड भिनाजुको" घरतिर राम्रो छ । बाबै त असमर्थ बूढा भए । अवशेष अर्कोपल्ट बताउनेछु । प्रत्युत्तरको पर्खाइमा बिदा है दिदी ।*

*उही अभिन्न भाइ*[१२१]

पुनः मणिपुरबाट शोभाले पत्र पठाउँछे । सो पत्रमा उसले इम्फालमा एउटा सिलाइबुनाइ केन्द्र खोलेको कुरा लेख्छे साथै उसले एउटा छोरालाई जन्म दिएको र उसको नाम जीवन रहेको समेत समाचार पठाउँछे । शोभाले तीनै जनाको फोटो पनि

---

[१२१] भट्टराई, २०५९ :३२

पत्रका साथ पठाएकी हुन्छे भने पत्रमा दस वर्षसम्म लीलेको यातना खपेकी उसले लीलानाथसँग बदला लिने भाव पनि व्यक्त गरेकी हुन्छे ।

पत्र प्राप्तिले 'म' पात्र आह्लादित हुन्छ र दाजुभाउजू र बुबाआमालाई सबैलाई यो समाचार सुनाउँछ र फोटो पनि देखाउँछ । पत्रमा उसलाई मणिपुर बोलाइएको हुन्छ र आमासँग आउँदो साल म पनि मणिपुर जान्छु भन्ने भाव व्यक्त गर्दछ । बेलुका बाबुआमा सुतेपछि आमाले छोरीको समाचार बाबुलाई बताउँदै रुन्छे । बाबुले सान्त्वना दिँदै  सम्झाउँछ । यो कुरा 'म' पात्रले अर्को कोठामा सुन्छ । बाबु पनि सकारात्मक नै रहेछन् भन्ने बुझेर बिहान उठ्ने बित्तिकै 'म' पात्रले लगेर फोटो देखाउँछ तर बाबुले सो फोटो खोसेर दुई टुक्रा पारी च्यातेर फालिदिन्छ । 'म' पात्र त्यो घटना देखेर दुःखित हुँदै फोटो जोडेर आफ्नो किताबको बीचमा राख्छ र दिदीलाई पत्र लेख्छ ।

'म' पात्रले विवाह गरेको साथै घरको समाचार लेखेर पठाउँछ । त्यस चिठीको प्रत्युत्तरमा छ महिनापछि पुनः मणिपुरबाट अर्को चिठी आउँछ । पत्रमा छोरी वीनाको पनि जन्म भएको कुरा, उद्योग अझ राम्ररी चलेको र आफू खुसी रहेको कुरा शोभाले उल्लेख गरेकी हुन्छे । पत्रमा उनीहरूको चारजनाको परिवारको फोटो समेत पठाएकी हुन्छे । चिठी पाएपछि 'म' पात्रले सबैलाई यो समाचार सुनाउँछ र फोटो पनि देखाउँछ । सबैले शोभा साथै उसका छोराछोरीको तारिफ गर्दछन् ।

एकदिन लीलानाथ ससुराल आउँछ । ऊ 'म' पात्रको कोठा पस्छ । 'म' पात्रले सजाएर राखेको शोभाको परिवारको फोटो देखेर लीलानाथले 'म' पात्रलाई फोटोबारे सोध्न लागेको बेला उसले शोभालाई देख्छ र 'म' पात्रलाई यस्तो कुलाङ्गारको फोटो ... भनेर गाली गर्न थाल्छ । वाक्य नटुङ्ग्याउँदै 'म' पात्रलाई रिस उठ्छ । उसले लीलानाथलाई तथानाम गाली गर्छ । लीलानाथ पनि आफ्नो पूर्वीय आध्यात्मिक दर्शनमा बहकाउँदै 'म' पात्रसँग खोक्रो दर्शन बक्न थाल्छ । चर्कीचर्की पछि 'म' पात्रले लीलानाथको ढाडमा एक मुड्की प्रहार गर्छ । मरे...भन्दै लीलानाथ बाहिरिन्छ ।

यसपछि पुनः शोभाले मणिपुरबाट पत्र लेख्छे । उसले हामी छिट्टै स्वदेश फिर्दैछौं । आफू केही बिसन्चो भएको र आफ्नो शरीर पनि आधा घटेको कुरा उसले जनाएकी हुन्छे । साथै स्वदेश फिरेर लीलानाथजस्तो नारीशोषण गर्ने व्यक्तिसँग बदला लिने भाव व्यक्त गरेकी हुन्छे । पत्र पाएपछि 'म' पात्रलगायत उसका परिवारमा केही दुःख छाउँछ । एकदिन मणिपुरबाट 'म' पात्रलाई हामी तुरुन्त यहाँबाट प्रस्थान गर्दैछौं भनेर तार आउँछ तर बीचमा अर्को घटना घट्छ । डिम्बापुर भन्ने ठाउँमा निस्केपछि शोभा साह्रै बिरामी पर्छे । उनीहरू त्यहीँको कुनै एक अस्पतालमा उपचार गर्न थाल्छन् । छोरो जीवनले मामालाई यो घटना पत्रमार्फत् लेखेर पठाउँछ । पत्र पाएर 'म' पात्र चिन्ताग्रस्त हुन्छ । ऊ रातदिन चिन्तामा नै दिन बिताइरहेको हुन्छ । पुनः भान्जा जीवनले पठाएको अर्को पत्र पाउँछ । पत्रमा आमालाई केही सन्चो भएको थियो । ठण्डी बढ्दै गएपछि त्यो पुनः बल्झिँदै गयो । डाक्टरहरू केही महिनापछि राम्रो हुन्छ भन्ने आश्वासन दिन्छन् । बा, बहिनी पनि सँगै छौँ भनेर लेखिएको हुन्छ ।

**(ग) अन्त्यभाग**

यस पत्रले 'म' पात्रलगायत सम्पूर्ण परिवारलाई झन् चिन्तित बनाउँदछ । दिनदिनै वर्षा लाग्न थालेको थियो । 'म' पात्रको खेती लगाउने बेला भएको थियो । ऊ खेती छाडेर दिदी हेर्न जान पनि सक्तैन । यसरी असार, साउन र भदौ महिना बितिसकेपछि एउटा रातो धागोले बाँधिएको चिठी आउँछ । 'म' पात्रले चिठी खोलेर पढ्छ । चिठी उसको नयाँ भिनाजुले लेखेको हुन्छ । चिठीमा दिदी शोभाको मृत्यु भएको र जीवन र वीना लिएर म यहाँ गाउँमा आएर बसेको छु । समय आएपछि म यी तपाइँका भान्जीभान्जी लिएर आउनेछु । पत्र यस प्रकार छ :

*७ अक्टुबर १९७४*

*मणिपुर*

*भाइ, तपाईंकी दिदीको नाताले भाइ । भन्न सकेको हुँ अवश्य स्वीकार्य होला । विधाताले बिधुर बनायो । शिलोङमा यति सम्म बसियो । त्यस पछि मैले आफ्नो प्राणलाई बिर्सनुपऱ्यो । यही चैत्र २८ गते शोभाको देहान्त भो । आँसुको सागरमा पौडन नसकी उनैको प्रीति रोपेको*

*भूमि सम्झेर जीवन र वीनुलाई लिएर आएँ यहाँ उनको रोकिएको वाक्यमा पनि भाइ । परिवर्तन समाजमा थियो । अभागी म जन्मजात अभागी परेँछु । बीचमा एकपल्ट सौभाग्यशाली बाँचेर म पूर्वरूपमा छु । घटना जुन अतीत भएको छ सपनाजस्तो अविश्वसनीय र घाउझैं र पीडादायी बन्यो । कुनै दिन सकिएछ भने यी तपाईहरूका सन्तान जिम्मा लाग्नेछन् । बस, यो क्षणमा मेरो कलम चलेन । अरु कुनै समयमा ।*

*सदा विश्वस्त*

*रतनवीर विश्वकर्मा*[१२२]

यो पत्र पढी नसक्दै 'म' पात्रका आँखाबाट आँसु आउँछन् । यसरी उपन्यासकारले यस उपन्यासलाई एउटा दुःखद् अवस्थामा पुऱ्याएर टुङ्ग्याएका छन् ।

'म' पात्रको आत्म संस्मरणात्मक पद्धति अपनाएर पूर्वस्मृति शैलीमा लेखिएको प्रस्तुत उपन्यासको कथावस्तु उपन्यासकारले क्रमिक रूपमा घटनाहरूको वर्णन गर्दै रैखिक ढाँचामा प्रस्तुत गरेका छन् । उपन्यासको कथावस्तुमा रोचकता र कुतूहलतालाई सम्मिश्रण गरेर सम्पूर्ण उपन्यासलाई नै उपन्यासकारले नवीन संरचना प्रदान गरेका छन् ।

### ५.४.३ सहभागी

सहभागीका दृष्टिले **मणिपुरको चिट्ठी** उपन्यासलाई हेर्दा सहभागीका कार्यभूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गरेर हेर्न सकिन्छ । यस क्रममा यस उपन्यासका प्रमुख पात्र 'म' पात्र र शोभा हुन् भने सहायक पात्रमा लीलानाथ, जेठो कामी रहेका छन् । त्यस्तै गौण पात्रहरूमा जीवन, दाजुभाउजू, बाबुआमा, वीना, भाइ, सानीबहिनी, स्कूलका साथी, लीलानाथका अन्य श्रीमतीहरू आदि रहेका छन् ।

### ५.४.४ परिवेश

[१२२] भट्टराई, २०५९ :६८

प्रस्तुत **मणिपुरको चिट्ठी** उपन्यासको स्थान नेपालको कुनै गाउँदेखि लिएर भारतका मणिपुर, नागाल्यान्ड, आसाम, डिम्बापुर र इम्फाल आदि ठाउँहरू रहेका छन् । उपन्यासको बीचबीचमा पत्रमा उल्लेख भएको मिति हेर्दा प्रस्तुत घटना २०१६ सालदेखि २०३१ सालसम्मको १५ वर्षभित्रको रहेको देखिन्छ । 'म' पात्रलगायत उसको परिवारको कार्यस्थल नेपालको कुनै एक गाउँ रहेको छ भने शोभा र लीलानाथको कार्यस्थल मणिपुरको कुनै गाउँ रहेको छ । त्यस्तै जेठा कामीको कार्यस्थल (घर) आसाम रहेको छ भने उनीहरू भागेर नागाल्यान्ड हुँदै मणिपुरकै राजधानी इम्फालमा गएर उद्योग धन्दा गरेकाले उनीहरूको व्यापार-व्यवसायको कार्यस्थल इम्फाल रहेको देखिन्छ । यसरी प्रस्तुत उपन्यासका घटनाहरू नेपालदेखि लिएर भारतका विभिन्न प्रान्तहरूमा घटेको देखिन्छ ।

प्रस्तुत उपन्यासको वातावरण चाहिँ दुःखपूर्ण रहेको छ । उपन्यासमा प्रारम्भदेखि नै देखिएको शोभाको दुःख अन्त्यमा दुःखद् वातावरणमा गएर टुङ्गिएको छ । उपन्यास पढ्दै जाँदा स्त्रीहरू चुस्ने प्रवृत्ति भएको लीलानाथप्रति पाठकमा घृणा उम्लिन थाल्दछ अनि निर्दोष शोभाप्रति दयाको भावको सञ्चार हुन्छ । यसरी नै शोभाले पठाएको पत्रमा उल्लेख भएअनुसार अब स्वदेश फर्केर लीलानाथप्रति गर्ने नारी विद्रोहले पाठकमा नारी विद्रोहको भाव सञ्चार हुन पुग्दछ तर अन्त्यमा नारी विद्रोह हुन नपाई शोभाको दुःखद् मृत्यु भएकाले यस उपन्यासको वातावरण असमानताको खाडल पुर्न समर्थ देखिँदैन ।

### ५.४.५ दृष्टिबिन्दु

दृष्टिबिन्दुका दृष्टिले प्रस्तुत उपन्यासमा परिधीय प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । शोभाको जीवनमा घटेको घटनालाई 'म' पात्रले पूर्वदीप्ति उत्तम पुरुष शैलीको आत्म संस्मरणात्मक पारामा कथानकलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासबाट उपन्यासकारले समाजमा नारीहरूले भोग्नु परिरहेको अवस्था र त्यस्ता समाजमा रहेका विकृति र विसङ्गतिहरूलाई चुनौती दिँदै समाजबाट उखेलेर फाल्नु पर्दछ । समाजमा नारीहरूले पुरुषहरूको दास भएर बाँच्नु परिरहेको

अवस्था छ । यस्ता शोषक पुरुषहरूलाई नारीविद्रोहबाट अन्त्य गर्नु पर्दछ भन्ने मूल विचार रहेको छ ।

## ५.४.६ भाषाशैलीय विन्यास

यसअन्तर्गत भाषिक तथा शैलीय बुनोट अर्थात् भाषा, शैली, बिम्ब, प्रतीक अलङ्कार आदि पर्दछन् । भाषिक प्रयोगका दृष्टिले हेर्दा गोविन्दराज भट्टराईको प्रस्तुत उपन्यास सरल, सरस, सहज, बोधगम्य र प्राञ्जल गुणयुक्त भाषामा संरचित छ । नेपाली भाषासाहित्यमा प्रचलित भएका तत्सम, तद्भव र आगन्तुक एवम् झर्रा शब्दहरूको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा ठाउँठाउँमा अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भट्टराईले गरेका छन् । फुङ्ग, हुइँया, झ्वाँक, गाँठो, घिच्रो आदि नेपाली झर्रा शब्दहरूको प्रयोग एवम् न्युट्रल, कोट, डिग्री, ह्वाइट हर्स, क्यान्सर, ड्राइजिन, स्कुल, रजिस्ट्रीजस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि प्रस्तुत उपन्यासमा प्रशस्त मात्रामा भेटिन्छ । भट्टराईले यो उपन्यासलाई खाडल, धमिला बादल, क्षितिज, आँसु, बज्र, वायुमण्डल, लौह, रोदनको समुद्र, गोलपिण्ड, मर्मान्तक वाण, नरकङ्काल, हाँसका ताँती, साँढे, आदिजस्ता बिम्ब र प्रतीकका माध्यमबाट विशिष्टता प्रदान गरेका छन् । आलङ्कारिकताका दृष्टिले पनि सशक्त यो उपन्यासमा अनुप्रासका आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास भेदहरू, यमक आदि शब्दालङ्कार र रूपक, उपमा र उत्प्रेक्षा आदि अर्थालङ्कारको संयोजन पनि भट्टराईले प्रस्तुत उपन्यासमा प्रशस्त मात्रामा प्रयोग गरेका छन् । चस्स-चस्स, टाढा-टाढा, पर-पर, सिरिरि.., झण्डै-झण्डै, आदि पूर्णद्वित्व र आंशिक द्वित्वजस्ता शब्दहरूको प्रयोगले उपन्यासको भाषा रोचक बनेको छ । प्रस्तुत उपन्यासमा भट्टराईले घ्यार्र-घ्यार्र, हुइँया-हुइँया, हप्याक-हप्याक, सर्लाङसुर्लङ, किर्लिङकिर्लिङ, थर-थर, च्यार्र-च्यार्रजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा गरेको देखिन्छ । शब्दलाई विशेष जोड दिनका निम्ति रा...तो, से... तो, प...र, ची...सो, खाऊ बा...खाऊ आदिको प्रयोग पनि उपन्यासमा प्रशस्त प्रयोग भएको छ भने कुतूहलता थप्नका लागि ठाउँठाउँमा '...' यस्तो प्रयोग पनि भेटिन्छ । सहज र स्वस्फूर्त रूपमा समानान्तरता र विचलित भाषाको प्रयोग

गरिएको प्रस्तुत उपन्यासमा कतैकतै क्रियारहित वाक्यको पनि प्रयोग भएको छ । यस्ता विविध प्रयोग गरेर भट्टराईले उपन्यासको भाषालाई सरल, स्वाभाविक र यथार्थवादी तथा मौलिक बनाउन सकेसम्म प्रयास गरेका छन् । काव्यात्मक भाषाको थोरबहुत सुगन्ध पाइने **मणिपुरको चिट्ठी** उपन्यासमा भाषाशैलीय विन्यास उल्लिखित विशेषताले युक्त भएको छ । भट्टराईले उपन्यासमा पात्रहरूको स्तरअनुसारको भाषाको प्रयोग गरेका छन् । उपन्यासको भाषा सुबोधता र सौन्दर्ययुक्त देखिन्छ । उपन्यासको भाषाले कथनलाई रोचक बनाएको छ । पूर्वदीप्ति तथा 'म' पात्रको आत्म संस्मरणात्मक शैली एवम् पत्रात्मक शैलीमा प्रस्तुत उपन्यास लेखिएकाले पत्रमा लेखिने भाषा तथा संस्मरणात्मक रूपमा प्रयोग गरिने भाषाले उपन्यासलाई रोचक तथा घोचक बनाएको देखिन्छ ।

### ५.४.७ उद्देश्य

प्रस्तुत **मणिपुरको चिट्ठी** उपन्यास २०१६ सालदेखि २०३१ सालको समयको सामाजिक ययार्थको प्रकटीकरण गरेर लेखिएको उपन्यास हो । यस उपन्यासमा हाम्रो समाजका पुरुषवर्गले सधैँ नारीमाथि शोषण गरिरहेका छन् । यस शोषणको अन्त्य गर्नुपर्दछ भन्ने मूल उद्देश्य प्रस्तुत गरिएको छ । नारीहरूमा कुनै कमजोरी नहुँदा नहुँदै पनि उनीहरूमा कमजोरी देखाएर उनीहरूलाई केवल वासना पूर्ति या भोग्याका रूपमा मात्र हेर्ने लीलानाथजस्ता पुरुषप्रति विद्रोह गरेर भए पनि यस्तो कुसस्कारको अन्त्य गर्नु पर्दछ । आफ्नो कमजोरी भए तापनि आफ्नो कमजोरीलाई ढाकेर केवल आदर्शको खोक्रो दर्शनको व्याख्या गर्ने लीलानाथजस्ता दुष्प्रवृत्तिहरूका चरित्रको भण्डाफोर गरी त्यस्ता चरित्र भएका व्यक्तिहरूलाई चुनौती दिएर पनि समाज सुधार्नु पर्दछ । यस कुराको उदाहरण 'म' पात्रले लीलानाथको ढाडमा बजारेको मुड्कीबाट प्रस्ट हुन्छ । दस वर्षसम्म लीलानाथको यातना सहेर बाँझी बनेकी शोभा जेठो कामीसँग पोइला जाँदा उसका बाबुआमाले तथा समाजले उसलाई घृणाको भावले हेरेका छन् । समाजका

अगाडि कामीसँग पोइला गएर भए पनि सन्तानकी आमा बनेकी शोभालाई नयाँ पुस्ताले सम्मान गरेको छ भने पुरानो पुस्ताले घृणाले हेरेको छ । नारीहरूको आमा बन्ने रहर उनीहरूले पूरा गर्न पाउनु पर्दछ । शोभा निर्दोष थिई यसको प्रमाण उसले जेठो कामीसँग गएर दुईदुई सन्तान जन्माएर देखाइसकेकी छ तर समाजले अझैं पनि शोभाप्रति राम्रो भावनाले नहेरेर चारचारवटी पत्नी थुपार्दा पनि सन्तान नहुने लीलानाथप्रति पुरानो पुस्ताले केही नबोली समाजमा उसलाई स्वीकार गरिराखेको छ । यस्तो हाम्रो समाजको परिवर्तन हुनुपर्दछ । निर्दोषलाई सम्मान गरेर दोषीमाथि कारवाही हुनुपर्दछ भन्ने विचार नै यस उपन्यासमा व्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा परम्परित र आधुनिक पुस्ताको द्वन्द्वद्वारा मान्छेले परिवेशअनुसार समाजको निर्माण गर्नुपर्दछ । परम्परित अन्धसंस्कारले ग्रसित भएका व्यक्तिहरूलाई शिक्षा दिएर भए पनि वा चुनौती दिएर भए पनि समाजको विकास गर्नुपर्दछ । समाजमा भेदभावको अन्त्य गर्नका लागि शोभालाई जेठो कामीसँग पोइला जान बाध्य गराएको कुराबाट उक्त कुराको पुष्टि हुन्छ । मानव सबै एउटै हो । जातले गर्दा कोही तल र कोही माथि हुँदैन । सबैको रगत रातै हुन्छ । जातभात भन्ने कुरा केवल मान्छेले बनाएका नियम हुन् । जातभातको पर्खाल लिएर आज हामी हिँडिरहेका छौँ । वास्तवमा मानव भएर मानवताको कदर गर्न सिक्नुपर्छ । समाजमा नारीहरू शोषित भएका छन् । ती शोषित नारीहरूको सम्मान गर्दै शोषणहरूको अन्त्य गर्नुपर्दछ । नारीहरूलाई शिक्षा दिलाएर भए पनि नारी विद्रोह गर्न लगाउनु पर्दछ । लीलानाथजस्ता खोक्रो दर्शन बक्नेहरूलाई मुक्का हानेर भए पनि ठीक बाटामा ल्याउनुपर्दछ । विवाह भनेको उसको स्वतन्त्रता हो । उसले चाहेको व्यक्तिसँग जसले पनि विवाह गर्न पाउनु पर्दछ भन्ने मूल विचारलाई नै भट्टराईले यस उपन्यासमा प्रस्तुत गरेका छन् । जातिभेद विरुद्ध समतामूलक समाजको स्थापनामा उपन्यासको उद्देश्य देखिन्छ ।

### ५.४.८ निष्कर्ष

आख्यानका क्षेत्रबाट नेपाली साहित्यमा सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईका **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) उपन्यासहरू प्रकाशित भएका छन् । सामाजिक यथार्थवाद र उत्तरआधुनिक चिन्तनमा केन्द्रित रहेका यी उपन्यासहरूले नेपाली साहित्यमा सामाजिक यथार्थवादी सौन्दर्यचेतनालाई उदाहरणीय रूपमा प्रस्तुत गरेका छन् । भट्टराईले आख्यानका माध्यमबाट नेपालका शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई छर्लङ्ग्याउन सफल भएका छन् । सिर्जनात्मक प्रतिभा भएका भट्टराईले नेपाली आख्यानसाहित्यमा आफूलाई सामाजिक यथार्थवादी लेखकका रूपमा स्थापित गराउँदै आफ्नो आख्यानकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् । जातिभेद विरुद्ध समतामूलक समाजको स्थापना यस उपन्यासको देखिन्छ । समाजमा मौलाएको जातीय विभेदका विरुद्धमा उपन्यास केन्द्रित छ । उनको आख्यानको भाषा सरल, सहज र सुबोध रहेको छ । यसरी उपन्यासका तत्वहरुका आधारमा मणिपुरको चिट्ठी उपन्यासलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५.५ 'मुगलान' उपन्यासको सङ्क्षिप्त विश्लेषण

### क) लेखनगत सन्दर्भ/संरचना

गोविन्दराज भट्टराईको **मुगलान** (२०३१), उपन्यास रत्न पुस्तक भण्डारबाट प्रथमपटक २०३१ सालमा प्रकाशित कृति हो । अहिलेसम्म यस उपन्यासको चौथो संस्करणसमेत प्रकाशित भइसकेको छ । २०३३ सालमा दोस्रो संस्करण, २०४५ सालमा तेस्रो संस्करण र २०६० सालमा चौथो संस्करण प्रकाशित भइसकेका छन् । प्रस्तुत उपन्यासको आवरण पृष्ठको सिरानमा **मुगलान** लेखिएको छ भने अन्य आवरण पृष्ठभरि

एउटा हाकिमले केही बुढा र युवा जमातलाई ढुङ्गा फोर्ने, पल्टाउने र ब्लास्टिङ्ग गर्ने काम लगाइराखेकोको चित्र बनाइएको छ ।

आकारप्रकारका दृष्टिले लघु आकारको देखिने प्रस्तुत उपन्यासको साइज डिमाइ आकारको रहेको छ । चौथो संस्करणअनुसार 'पारिजातको पत्र' (प्रथम संस्करण) मार्फत भूमिका लेखिएको छ भने चिनारी-१ (दोस्रो संस्करण), चिनारी-२ (दोस्रो संस्करण), चिनारी- (दोस्रो संस्करण) लेखिएका विभिन्न पत्रपत्रिकामा प्रकाशित **मुगलान**सम्बन्धी लेखहरू रहेका छन् । पुनः चिनारी-४ (तेस्रो संस्करण) शीर्षकमा डा. चन्द्रेश्वर दुबे इम्फालको समीक्षा रहेको छ । उपन्यासको सन्दर्भ र प्रसङ्गअनुसार प्रस्तुत उपन्यास पाँच भागमा चिह्नित अङ्कद्वारा विभाजित रहेको छ । जम्मा १३४ पृष्ठमा संरचित भएको भाग एक २७ पृष्ठमा, भाग दुई ३५ पृष्ठमा, भाग तीन २४ पृष्ठमा, भाग चार ३० पृष्ठमा र भाग पाँच १५ पृष्ठमा विभाजित रहेका छन् । यसरी संरचित प्रस्तुत उपन्यासको वर्तमान संस्करणको मूल्य रु. ४०।- रहेको छ ।

## (ख) कथावस्तु

आर्थिक रूपमा कठिनाई बोकेको पाँचथर जिल्लाको एक दुर्गम गाउँ च्याङ्थापु कालीडाँडाबाट घिउका टिन बोकेर नून खेप्न गएका धेरै साथीहरूबाट भागेर ठूले र सुतार कान्छो सिलिगुढीतिर मुगलान जाने भनेर ट्रकमा चढ्छन् । बीसबीस रुपैयाँ तिरेर सिलिगुढी पुगेका ती दुई भाइ सिलिगुढी पुगेर अल्लमल्ल परेको अवस्थामा एउटा रिक्सावालले उनीहरूलाई रेलवे स्टेसन पुर्‍याइदिन्छ । आसाम जाने रेल बिहान आउँछ भनेर प्लेटफार्ममै दुई भाइ सुत्छन् । बिहान रेल मात्र आउँछ र उनीहरू चढ्छन् तर रजर्भ कोठामा टिकट बिना चढेकाले सुरक्षागार्डले उनीहरूलाई रेलबाट उतार्छ । अन्योलको परिस्थितिमा दुई दिन बस्ता उनीहरूसँग भएको सबै पैसा पनि चोरी हुन्छ । के गर्ने भनेर निश्चय गर्न नसकेका ती दुई भाइ सुतिराखेका बेलामा एउटा रने दाईले भर्तीमा लगाइदिन्छु भनेर उनीहरूलाई लिएर टिष्टा पुग्छ र त्यहाँ बास बसाउँछ । त्यहाँ कार्कीलगायत उनीहरूजस्तै युवालाई भर्तीमा लगाइदिने आश्वासनमा राखिएको हुन्छ ।

भोलिपल्ट एउटा हाकिम ट्रक लिएर आउँछ र रनेदाइले ती व्यक्तिहरूलाई चालीस रुपैयाँका दरले हाकिमलाई जिम्मा दिन्छ । हाकिमले उनीहरूलाई ट्रकमा चढाएर भर्तीमा लगाउने भनी दुई दिनको बाटो हा जोङ्ग पहाडको नजिकै पु¥याउँछ । बीच बाटोमा सोह्र जनामध्ये उनीहरूको साथी मोक्तान हराउँछ । पन्ध्र जना त्यस ठाउँमा पुगेका हुन्छन् । बेलुका लगेर त्यो हाकिमले उनीहरूलाई जिम्दारको जिम्मा लगाउँछ । भर्ती लाग्ने ठाउँ आएछ भनी खुसी देखिएका ती नेपालीहरूलाई त्यस जिम्दारले यहाँ बाटो खन्ने काम गर्नुपर्दछ । महिनाको एकसयदेखि दुईसयसम्म तलब पाइन्छ भन्दछ । तापनि जहाँ गए पनि कामै गर्नु हो भनेर चित्त बुझाएका ती नेपालीहरू त्यहाँ बाटो खन्ने, रुख ढाल्ने, ब्लास्टिङ्ग पड्काउने आदि काम गर्न थाल्छन् । ग्रुप छुट्याएर काम लगाउने गरेको जिम्दार (ठेकेदार) ले ठूले, कार्की र सुतारकान्छोलाई रुख काट्ने काममा लगाउँछ । उनीहरूले त्यो काम सजिलैसँग गर्दै जान्छन् । दुईसय जनाजति कामदारहरू रहेको त्यस जमातमा काम गर्दागर्दै पहिलो महिना बित्छ । ठेकेदारले तलब दिन सबैलाई बोलाउँछ र उनीहरू जान्छन् । तलबमा सिलिगुढीदेखि खानपिनमा भएको खर्च कटाएर कसैको पैसा बच्दैन । निराश हुँदै काम गर्दै जान्छन् । समय कठिनसँग बित्दै जान्छ । जाडो मौसम आउँछ । पुसमाघको चिसो ठन्डीको समयमा ठूले, सुतार कार्कीलाई ढुङ्गा फुटाउने काम दिएको हुन्छ । एक दिन ठूलेको ढुङ्गाले किचेर मृत्यु हुन्छ । दाजुको मृत्युले निराश भएको सुतारकान्छो दुःखित हुन्छ । कान्छो राई यसै बेलामा बिरामी पर्छ भने कार्की पनि बिरामी पर्छ । कान्छो राईको मृत्यु हुन्छ भने कार्की निको हुन्छ र पुनः काम गर्न थाल्दछ । उनीहरूका अन्य साथीहरू कति मर्छन् भने कति भाग्छन् । कति बिरामी भएर थला पर्दछन् । यसरी कष्टसँग दिन काट्दै सुतार कान्छो र कार्कीले काम गरेर दुई वर्ष काट्छन् । यस्तो कठिन काम गर्दा ज्यानै जोखिममा परिरहेको अनुभव गरेका ती दुइभाइले त्यहाँबाट सल्लाह गरेर एक दिन बिहान भाग्छन् ।

पहाडैपहाडको दिनभरिको हिँडाइ र खान केही नपाउनुले कार्कीलाई ज्वरो आउँछ र चार दिनका दिन कार्कीको बीच बाटोमा मृत्यु हुन्छ । सुतार कान्छो

एक्लिएपछि दुःखित हुँदै दक्षिणतिर लाग्छ । दश दिनको हिँडाइपछि दोर्खा गाउँ नजिकै एउटा गोठमा पुगेको सुतार कान्छो गोठालो (पाखे काइँला) सँग गाउँ झर्ने बाटो सोध्छ । सुतार कान्छोको दयनीय स्थिति देखेर पाखे काइँलालाई दया पलाउँछ र आज यही बस भन्छ । सुतार कान्छो बस्छ । बेलुका सम्पूर्ण आफ्नो कहानी पाखे काइलालाई सुतार कान्छोले भनेपछि तिमी मेरो गोठमा बस; एक दुई वर्षपछि तिमीले केही पैसा कमाउँछौ अनि घर जानु भन्छ । सुतार कान्छोले मान्छ र ऊ पाखे काइँलाको गोठमा बस्छ ।

केही दिनपछि सुतार कान्छाको स्वास्थ्यमा सुधार आउँछ । बिस्तारै मोटाउँदै गएको सुतार कान्छाले पाखे काइँलाको गोठको सम्पूर्ण काम गर्न थाल्छ । पाखे काइँला खुसी हुँदै नजिकैका गोठका गोठाला एवम् जेठो छोरो हङ्सेसमेतलाई परिचय गराउँछ । बस्तै गएपछि सुतार कान्छो पाखे काइँलाको घरमा गएर पनि काम गर्न थाल्छ । उसको काम देखेर सबैले तारिफ गर्छन् । मेलापात, घाँसदाउरा आदि गर्न सिपालु र फूर्तिलो सुतार कान्छालाई सबैले मन पराउँछन् । पाखे काइलो साम्चीबजार मुद्दाको काममा गएको बेला उसले एक्लै गोठ सार्छ, त्यो कार्यले पाखे काइँलाका परिवार अति नै खुसी हुन्छन् । सुतार कान्छोलाई पाखे काइँलाका बाबुआमाले कान्छो छोराको रूपमा हेर्न थालेका थिए । सबै घरव्यवहार चलाउन सल्लाह दिने, सुन्तला लिएर साम्ची, फिन्चेलिङ्ग बजार जाने कार्य पनि सुतार कान्छोले गर्न थालिसकेको थियो । यसरी गर्दागर्दै उसको त्यहाँ दुई वर्षको समय बितिसकेको थियो । पाखे काइँलाका छोराछोरी विवाह गर्ने उमेर भैसकेकाले एक दिन छोरीको बिहेबारे छलफल गर्दागर्दै पाखे काइँलाका बाबुले सुतार कान्छालाई नै नातिनी दिउँ भन्ने कुरा गर्छ; पाखे काइँलाले बाबुको कुरा काट्न सक्दैन र सुतार कान्छालाई ठूली दिने निश्चय हुन्छ । गाउँमा सबैतिर यो कुरा फैलिन्छ । सालबोटेले पनि यो कुरा सुन्दा उसलाई चित्त बुझ्दैन । जग्गाको मुद्दा हारेको सालबोटेले पाखे काइँलासँग प्रतिशोध लिने विचार गर्छ । यता बिहेको धन्दा सुरु हुन्छ । पाखे काइँला र सुतार कान्छो बजार गएर सबै सामान किनेर ल्याउँछन् । धूमधामसँग विवाह सम्पन्न हुन्छ । बिहेको पाँचौँ दिन सालबोटेले प्रहरी

लिएर पाखे काइलालाई  पक्राउँछ । सुतार कान्छो त्यहाँबाट भाग्छ । पाखे काइलाको घर खानतलासी गरी प्रहरीले आगो लगाइदिन्छन् र पाखे काइलालाई लिएर जान्छन् । सबैतिर रुवाबासी हुन्छ ।

सुतार कान्छो दोर्खाबाट भागेर चेङमारी बगानमा पुगेर काम गर्न थाल्छ । त्यहाँ उसले भर्ती हुन जाँदा बाटामा हराएको साथी मुक्तान भेट्टाउँछ । दुवै बगानको काम गर्दै बस्छन् । सुतार कान्छाले बगानको कामसँगै अदुवा व्यापारसमेत गर्न थाल्छ । व्यापार र वगानको कामले केही पैसा कमाएपछि ऊ घर जाने विचार गर्छ । घर जाने अघिल्लो हप्ता अदुवा लिएर बानरहाट पुग्दा सुतार कान्छाको सालो हङ्सेसँग उसको भेट हुन्छ । हङ्सेले सबै खवर बताएपछि अर्को हप्ता ठूलीलाई लिएर यही ठाउँ आउनु म पनि आउँछु भनी दुवै विदा हुन्छन् । भत्केको घरवार पुनः जोडिने आशामा खुसी हुँदै सुतार कान्छो बेलुका कोठामा पुग्दा मोक्तानले उसले कमाएको रु. तीन हजार चोरेर भागेको हुन्छ । कोठामा पुग्नासाथ काका बाउले मोक्तान गएको खबर सुतार कान्छोलाई भनेपछि उसले बाकस हेर्छ । उसको पैसा हुँदैन । ऊ रुन्छ, कराउँछ । यसरी दुःखका दिन काट्दै आइतबार सुतार कान्छो बानरहाट पुग्छ । ठूली र हङ्सेसँग उसको भेट भएपछि खुसी हुँदै सबै बगान आउँछन् । एक दिन बसेर हङ्से घरतिर लाग्छ । सुतारले ठूलीलाई पनि बगानको काममा लगाउँछ । काम गर्दै दिनहरू काट्दै सुखदुःखसँग जीवनयापन गरिरहेका हुन्छन् । बगानमा काम गर्दा गोदामको मेसिनको फिताले सुतार कान्छोको हात मर्किन्छ । ओखतीमूलो गर्छ तर निको हुँदैन । उसले बगानको काम छाडिदिन्छ । व्यापार गर्दै उनीहरूले जीवन गुजारिरहेका  हुन्छन् । दुई वर्ष बितेपछि ठूलीले एउटा छोरो जन्माउँछे ।

सुतार कान्छो एक दिन व्यापार गर्न चाल्सा स्टेसनमा जाँदा उसको त्यहाँ बाबुसँग भेट हुन्छ । बाबुका साथमा उसकी छोरी पनि हुन्छे । बाबुले उसकी पहिलाकी श्रीमती पोइला गएकी, आमा मरेकी र म तीर्थाटन घुम्न हिडेको कुरा गर्छ । छोरी उसलाई जिम्मा लगाएर बाबु हिँड्छ । ऊ छोरी लिएर कोठामा आउँछ । यसरी दिनहरू

बित्दै जान्छन् । सुतार कान्छो केही मानसिक सन्तुलन गुमेको अवस्थामा पुग्छ र एक दिन राती निद्रामा कराउँछ । सबै भेला  हुन्छन् । यो देखेर आमाछोरी डराउँछन् । अर्को दिन मेरो ठुल्दाजै र मेरो कार्की भन्दै रुँदै सुतार कान्छो डायना खोलातिर लाग्छ र ऊ कहिल्यै फर्किँदैन ।

यसरी विभिन्न घटनाहरूको समुचित संयोजनबाट संरचित भएको प्रस्तुत उपन्यासको विकास क्रमिक विन्यासमा आबद्ध रहेको छ । कथानक सरल र सपाट छ । मूल घटनासँगै कथानक नदीको बेगजस्तै सलल बगेको छ । बीचबीचमा केही सानासाना घटनाहरूले मूल कथानकलाई अझ सशक्त बनाएका छन् ।

## (ग) सहभागी

सहभागीका दृष्टिले **मुगलान** उपन्यासलाई हेर्दा कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गरेर हेर्न सकिन्छ । यस क्रममा उपन्यासमा प्रमुख पात्र सुतार कान्छो र ठूली रहेका छन् भने सहायक पात्रका रूपमा ठूले, कार्की र पाखे काइला रहेका छन् । गौण पात्रका रूपमा रिक्सावाल, रनेदाई, जिम्दार, राई कान्छो, लाले सुब्बा, अन्य काम गर्ने कुल्ली, हङ्से, पाखे काइलाका बाबुआमा, सालबोटे, सुन्तला बेच्न जाने युवायुवती, बूढाबूढी मोक्तान, सुतार कान्छाको बाबु, छोरी, छोरो, काका बाउ आदि रहेका छन् । यी पात्रहरूमध्ये धेरै पात्रहरू मञ्च र थोरै पात्रहरू नेपथ्य रूपमा आएका छन् ।

## (घ) परिवेश

गोविन्दराज भट्टराईको **मुगलान** उपन्यासका घटनाहरू घटेका स्थान नेपालको च्याङ्थापु कालीडाँडा गाउँदेखि लिएर भारतका दार्जिलिङ, सिलिगुढी, टिष्टा, हा जोङ्ग, दोर्खा, साम्चीबजार, फुन्चेलिङ, च्याङ्मारी, बानरहाट आदि रहेका छन् । उपन्यासमा समय नतोकिएकाले यही समयको घटना हो भनेर उल्लेख गर्ने स्थिति छैन भने कान्छो सुतार हिडेको नौ वर्षमा ऊ डायना खोलातिर कराउँदै गएकाले नौ वर्ष भित्रका

घटनाहरू प्रस्तुत उपन्यासमा घटित भएका छन् । सुतार कान्छो र ठूले मुगलान हिडेका तर उनीहरू हा जोङ्मा रुख काट्ने र ढुङगा फोर्ने काम गर्न बाध्य भएका छन् । उपन्यासका घटनाहरू दुःखपूर्ण र कहालीलाग्दा छन् । पहाडको स्थान भएकाले हुस्सू, कुइरो र हिउँ आदिले ग्रस्त भुभागमा उनीहरूले आधापेट खाएर काम गर्नु परेको छ । मौसम अत्यन्त चिसो छ । जाडाले, हिउँले पुरेर र ढुङ्गाले किचेर कामदार मरेका धेरै घटनाहरू उक्त उपन्यासमा वर्णित भएका छन् ।

उपन्यासमा घटनाहरू प्रारम्भदेखि नै कारुणिक अवस्थामा देखापर्दछन् । विचरा गाउँका सोझासाझा नेपालीहरू मुगलानमा गएर भर्तीमा काम गरेर पैसा कमाइन्छ भन्ने कुरा सुनेर मुगलान जान भनी हिँड्छन् तर बीच बाटोमा अलपत्र परी दुःख पाएको घटनाबाट उपन्यास प्रारम्भ भएको छ । उनीहरू उपन्यासमा प्रबास क्षेत्रमा ठगेर जीवनयापन गर्ने नेपालीहरूको शोषणमा पर्न बाध्य भएका छन् । ठूला भनाउँदा नेपालीहरूले ती सोझासाझा नेपालीहरूलाई शोषण गरेका घटनाहरूले उपन्यास पढ्दै जाँदा शोषकहरूप्रति तीव्र रोष प्रकट हुन्छ । उक्त उपन्यासमा वर्णित परिस्थिति अत्यन्त कठिन रहेको छ । कुल्ली काम गर्नु पर्ने, चिसा भुँइमा पुसमाघको ठन्डीमा सुत्नुपर्ने, पूरा पेटभर खान नपाइने र त्यहाँबाट उम्किन पनि अत्यन्त कठिन रहेको हा जोङ् ठाउँ पहाडी भूभाग  हो । उपन्यासको कथानक सङ्घर्षह्रास हुँदै जाँदा घटना केही सुखद् वातावरणमा पुगेको देखिए तापनि सालबोटेको प्रतिशोधले पुनः दुःखद् वातावरणतिर घटनाले मोड लिन्छ । अन्त्यमा बगानमा काम गर्दै सुतार केही सुखका श्वास फेर्न थालेको अवस्थामा मोक्तानले गरेको कुकृत्यबाट कथानक दुःखमा परिणत हुन्छ र सुतार कान्छो बौलाउँछ अनि डायना खोलातिर लागेको ऊ पुनः फर्कँदैन । यस्तो दुःखद् परिस्थितिमा गएर उपन्यास समाप्त हुन्छ ।

यसरी प्रारम्भदेखि नै दुःखको वातावरणमा कथानकीय घटनाहरू घट्दै अन्त्य अवस्थामा पनि दुःखद् वातावरणमा पुगेर उपन्यासको समाप्त भएकाले उपन्यासको वातावरण अत्यन्त दुःखपूर्ण रहेको छ ।

### (ङ) दृष्टिविन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु रहेको छ । यस उपन्यासको सम्पूर्ण कथानकको कथयिता स्वयम् लेखक नै हुन् । उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका छन् । सबै पात्रका मनका भावनालाई थाहा पाए जस्तो गरी प्रस्तुत गरेका छन् भने सम्पूर्ण घटनालाई उनी आफैँ टिप्पणी तथा विश्लेषण गर्ने भएकाले तृतीय पुरुष (बाह्य)अन्तर्गतको सर्वज्ञ (सर्वदर्शी) दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । घटनाहरूको वर्णन गर्दा लेखकले पात्रहरूको पूर्वस्मृतिलाई जस्ताको तस्तै राखिदिनाले लेखक एउटा पात्रको भावनासँगै बग्दै गएको भान भए तापनि घटनाका अरु पाटाहरू तत्कालै उद्घाटन हुने हुँदा त्यसबाट कुनै नकारात्मक प्रभाव उपन्यास पढ्दै जाँदा पाठकलाई पर्दैन ।

प्रस्तुत उपन्यासको मूल विचार प्रबासमा गएर नेपालीहरूले कहिल्यै सुख पाउँदैनन् । उनीहरूले आफ्नो जीवनसार्थक बनाउन नेपालकै माटोमा पसिना बगाउनु श्रेयस्कर हुन्छ । नेपाली युवाहरूलाई देशप्रेमको भावना जगाउनु नै उक्त उपन्यासको मूल विचार रहेको छ ।

### (च) भाषाशैलीय विन्यास

भाषिक प्रयोगका दृष्टिले हेर्दा **मुगलान** उपन्यासको भाषा सरल, सहज र बोधगम्य रहेको छ । केही स्थानीय कथ्यभाषासमेत प्रयोग गरिएको प्रस्तुत उपन्यासमा चलनचल्तीमा रहेका तत्सम, तद्भव, आगन्तुक र कतिपय ठाउँमा स्टेसन, ट्रक, मार्केट, होटल, प्लेटफर्म, सिग्रेट, ट्रेन आदिजस्ता अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग गरेर प्रस्तुत उपन्यास भट्टराईले लेखेका छन् । उपन्यासका बीचबीचमा बम्बै वाले.., चिनियाँ बदाम, गरम चाय (पृ. ८) खुदा ने हमको क्या दिया जो दियाथा ले लिया, मेरे अल्ला ने ... (पृ. ९), काबुली चना, आँख के लिए बेजोड मलहम, बम्बैवाले (पृ. १०), साथ लेकर क्या जाना है, सबको दो दिन जिना है (पृ. ११), आदि हिन्दी भाषाका वाक्यहरू पनि प्रस्तुत उपन्यासमा प्रयोग भएका छन् । मलिन मुहार, बादल, आँसु, बज्र, वायुमण्डल,

रोदनको समुद्र, गगनचुम्बी पहरा आदि बिम्ब र प्रतीकका माध्यमबाट उपन्यासको भाषालाई विशिष्टता प्रदान गरिएको छ । पर्ख बैनी तिमीलाई देखेर, आउँदैछु म सुन्तला बोकेर (पृ. १०७), मनको कुरा कसरी कहनी, साम्सी बजार हिडेको मै पनि (पृ. १०७), घर कहाँ हो काँ जाने दाजु हो, किन मलाई नपर्खी जानु भो ? (पृ. १०७), घर त मेरो बैनी हो म्यानाटार साम्सी बजार हिँडेको सरासर (पृ. १०७), आउन बैनी सँगै जौ पर्खला, मरिगए गुन कैले बिर्सौला (पृ. १०७), गाउँघर चिनेको बैनीले, पछि बस्यौ नचिनी अहिले (पृ. १०८), दाजु तिम्रो मायाले पोलेर, गाएँ गीत हिर्दय खोलेर (पृ. १०८), खरीको छैन मादलको ताल मात्रै, साम्सी बजार पैसाको काल मात्रै (पृ. १०९), घरबार बितेको हेर, माया पीर्ति लाएर के छ र ? (पृ. ११०), आदि गीतमा पाइने सङ्गीतले उपन्यासको भाषा मिठास युक्त बनाएको छ । पढ्न थालेपछि छोड्न मन नलाग्ने प्रस्तुत उपन्यासमा घटनाहरू कुतूहल रूपमा चित्रण गरिएको छ । यस्तै विविध प्रयोग गरेर भट्टराईले उपन्यासको भाषालाई सरल, सहज, स्वाभाविक र यथार्थवादी तथा मौलिक बनाएका छन् । उपन्यासमा पात्रको स्तरअनुसारको मौखिक भाषाको प्रयोगले उपन्यासको भाषा सुबोधता र सौन्दर्ययुक्त देखिन्छ । उपन्यासको भाषाले कथनलाई रोचक बनाएको छ ।

### (छ) उद्देश्य

**मुगलान** उपन्यासमा भर्ती हुने रहरले केही रुपैयाँ बोकेर घरबाट भागी मुगलान पुगेर ठगिने, दुःख पाउने र साह्रै हन्डर खाने नेपालका आलाकाँचा युवाहरूको वास्तविक चित्र उतार्न उपन्यासकार सफल भएका छन् । यस उपन्यासबाट के उद्देश्य निकाल्न सकिन्छ भने जीवनलाई प्रवासको ढुङ्गामा रगट्याउनुभन्दा स्वदेशमै बसेर पाखुरी बजाउँदै भए पनि सुखसँग दुई छाक खान सकिन्छ । सुनेको सुख र भोगेको दुःखमा भोगेको दुःख नै राम्रो हो । सुनेको सुख यथार्थमा परिणत हुँदा दुःखबाहेक केही पनि हुँदैन । आज नेपालका कतिपय युवाहरू सुनेको सुखमा दौडिँदा ती नेपालीहरूको जीवन प्रवासमा दुःखकष्ट र पीडासाथ बितिराखेको छ । त्योभन्दा आफ्नै देशमा चाहे ढिँडो र

गुन्द्रुक खाएर जीवनयापन गर्नु नै राम्रो हुन्छ । प्रवासमा गएर बस्ने नेपालीहरूले कहिल्यै पनि सुखका दिन देख्न सकेका छैनन् । ठूला भनाउँदा नेपालीहरूले सोझासाझा नेपाली युवाहरूको परिश्रम शोषण गरिरहेका छन् भने कतिले अलिकति माथि उठेर जीवनयापन गरिरहेको अवस्थालाई देख्न नसकेर उसको घरव्यवहार बिचल्ली अवस्थामा पुऱ्याइएका घटनाहरू आज पनि प्रवासमा घटित भइरहेका छन् । त्यसैले स्वदेशको मायाममता विदेश वा प्रवासमा गएर जति सुख पाए पनि पाउन सकिँदैन भन्नु नै यस उपन्यासको एउटा उद्देश्य हो ।

प्रस्तुत उपन्यासका माध्यमबाट प्रवासिएका नेपालीहरूको कारुणिक जीवनलाई छर्लङ्ग्याउनु अर्को अभीष्ट पक्ष हो । सामाजिक यथार्थको छविलाई खिचेर प्रवासमा नेपालीहरू कसरी जीवन बिताइराखेका छन् । उनीहरूले केकस्तो दुःखकष्ट झेल्नु परेको छ भन्ने कुरालाई प्रवास क्षेत्रको यथार्थ परिस्थितिलाई दृश्यबिम्बका रूपमा खिचेर उपन्यासमा उपन्यासकारले स्थापन गरेका छन् । नेपालीहरूले नेपालीहरूकै शोषण गरिरहेको कारुणिक कथालाई यथार्थ रूपमा यस उपन्यासमा देख्न पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने कतिपय नेपाली युवाहरूले मुगलानको सुख मात्र सुनेका भए ती युवाहरूलाई यो उपन्यासबाट चेतनाको विकास हुन्छ र उनीहरूले प्रवासको दुःखलाई आफूले भोगेकै रूपमा पाएर स्वदेशप्रति प्रेम जाग्छ भन्ने उपन्यासको अर्को उद्देश्य हो ।

समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासका माध्यमबाट प्रवासमा नेपालीहरूले जति दुःखकष्ट गरे पनि सुखसँग जीवनयापन गर्न पाएका छैनन् र पाउँदैनन् पनि । तसर्थ स्वदेशमै बसेर आफ्नै गाउँठाउँमा जीवन चलाउनु नै सर्वश्रेष्ठ हुन्छ भन्ने मूल सन्देश बोकेको प्रस्तुत उपन्यासको सार स्वदेशप्रति प्रेम जगाउनु हो ।

## ५.६ ‘ सुकरातका पाइला ’ उपन्यासको सङ्क्षिप्त विश्लेषण

### क) लेखनगत सन्दर्भ/संरचना

सुकरातका पाइला मोडर्न बुक्स काठमाडौँबाट २०६३ सालमा प्रकाशित उपन्यास हो । प्रस्तुत उपन्यासको भूमिका ज्ञानु पाण्डेले ‘युद्ध साहित्यको एक उत्कृष्ट नमुना **सुकरातका पाइला**’ शीर्षकमा लेखेकी छिन् । भूमिका अगाडि प्रा. डा. दुर्गाप्रसाद भण्डारीको ‘शुभकामना’ शीर्षकको छोटो लेख रहेको छ । आकारप्रकारका दृष्टिले मध्यम खालको देखिने **सुकरातका पाइला** उपन्यासमा जम्मा १९५ पृष्ठ रहेका छन् । प्रस्तुत उपन्यासको आवरण पृष्ठमा आधाभाग माथिल्तिर ध्वाँसे घुर्मैलो रङमा अस्पष्ट चित्रहरू रहेका छन् । चित्रहरू एउटा दाह्री पलाएको, कपाल फुलेको बूढो मान्छेले केही पिउँदै गरेको हो कि ? जस्तो लाग्ने र अन्य केही व्यक्तिहरूले आँखा छोपेजस्तो लाग्ने मानिसका चित्रहरू रहेका छन् । बीचमा रातो रङमा सेता अक्षरले कृतिलेखकको नाम लेखिएको छ भने पृष्ठको अन्तिमतिर छड्के स्वरूपमा मान्छेका पाइतालाका चिह्नहरू रहेका छन् । प्रसङ्ग र सन्दर्भहरूलाई जोड्नका निम्ति प्रस्तुत उपन्यासभित्र बेग्लाबेग्लै शीर्षकहरू राखिएका छन् । यी शीर्षकहरू छ पृष्ठदेखि एघार पृष्ठसम्ममा विस्तारित रहेका देखिन्छन् । सम्पूर्ण शीर्षकहरूले त्यो भागको विषयवस्तुलाई छर्लङ्ग्याउन समर्थ देखिन्छन् भने कुनै शीर्षकहरू व्यङ्ग्यात्मक रूपमा राखिएका छन् । यसरी संरचित भएको प्रस्तुत उपन्यासको मूल्य रु. १५०।- रहेको छ ।

### ख) कथावस्तु

नर्फोक गाउँको पुछारमा घर भएको अनन्तले त्यसै गाउँको अँधेरी बहुमुखी कलेजबाट बी. ए. उत्तीर्ण गरेको छ । बी. ए. उत्तीर्ण गरेपछि गाउँमा केही काम नभएपछि ऊ काठमाडौँतिर मनमा अनेकौँ सोच लिएर भाग्य खोज्न हिँड्छ । काठमाडौँ पुगेर जुनतारा होटलमा बास बसेको अनन्त कीर्तिपुरमा अवस्थित त्रि. वि. मा पुग्छ ।

त्रि. वि. मा अध्ययन गर्न आएका आफ्ना गाउँले मित्रहरू निशा र गोपीलाई उसले भेट्छ । अनन्तले म पनि पढ्न आएको भनेर गोपीसँग आफ्नो मनसाय प्रकट गरेपछि गोपीले अनन्तको भर्ना गर्ने प्रयास गर्छ तर भर्नाको म्याद सकिएको कुरा विभागीय प्रमुखले बताएपछि अनन्तको भर्ना हुँदैन । गोपीले अनन्तलाई त्रि.वि. को परिसर घुमाउँदै आफ्नो डेरा लिएर जान्छ । अनन्तले म पनि यतै कीर्तिपुरतिरै बस्नु पर्‍यो भन्ने मनसाय प्रकट गरेपछि गोपीले आफ्नो डेरा नजिकै अनन्तलाई डेरा खोजेर राख्छ । अनन्त दिनभरि सहरको दृश्य हेर्न जान्छ । एक दिन घुम्दै जाँदा बानेश्वरमा अनन्तले आफ्नै क्षेत्रको हरुवा सांसद विक्रमलाई भेट्छ । उसले विक्रमसँग आफ्ना सबै विवशता बताएपछि विक्रमले उसलाई कतै जागिरमा लगाइदिने र राजनीतिको खेलबाट उसको कीर्तिपुरमा भर्ना गरिदिने प्रक्रिया बताउँछ । अनन्तले विक्रमको सल्लाहअनुसार भोलिपल्ट युनियनको कार्यकर्ता रणसङ्ग्रामलाई भेट्छ । रणसङ्ग्रामले धम्कीको भरमा विक्रमको भर्ना गराइदिन्छ । अनन्तको पढ्ने ढोका खुल्छ । परीक्षा आउन तीन महिना मात्र बाँकी हुन्छ र अनन्त क्याम्पस जान थाल्छ । उसले सुकरात गुरुलाई भेट्छ । सुकरातले अनन्तलाई काठमाडौँका साथै त्रि. वि. को परिस्थितिबारे जानकारी गराउँछ । भुँमरीमा परेको अनन्त सुकरात सरको आश्वासनले मनको दर्द केही हल्का भएको महसुस गर्दै कोठामा फर्किन्छ ।

देशमा अनेक प्रकारका युद्ध, आतङ्क र क्रान्तिहरू मच्चिँदै हुन्छन् । यसैबेला देशमा क्रान्तिको आगो बल्छ । प्रतिगमनकारी भएको यो क्रान्तिले भयावह रूप लिन्छ । त्यस क्रान्तिमा सबै विद्यार्थीहरू सामेल हुन्छन् । त्यसमा अनन्त पनि हुन्छ । केही दिनको भयावह क्रान्तिले देशको सत्ताले कोल्टे फेर्छ । क्रान्तिको सफलताका लगत्तै त्रि. वि. को परीक्षा आउँछ । अनन्त परीक्षा लेख्न जान्छ तर परीक्षामा अनन्तले क्रान्तिको भयावह घटनाबाहेक केही सम्झन सक्तैन । अन्तमा ऊ परीक्षामा अनुत्तीर्ण हुन्छ । यसरी अनुत्तीर्ण भएको अनन्तमा आन्तरिक द्वन्द्व तीव्र हुँदै जान्छ । अनन्त गोपीलाई लिएर सुकरात सरकोमा जान्छ र फेल भएको समाचार सुनाउँछ । सरले अनन्तलाई

शिक्षा अलावा अन्य धेरै बाटाहरू देखाउँछ । अनन्त र गोपी फर्केर आआफ्नो डेरातिर लाग्दछन् ।

कोठामा पुग्दा अनन्तले पूर्णिमाको चिठी पाउँछ । पूर्णिमाले चिठीमा आफ्नो परीक्षा र गाउँघरमा माओवादीको आतङ्क बढ्दै गएको कुरा लेखेकी हुन्छे । पत्र पढेर अनन्तले गाउँ सम्झेर एकपटक रुन्छ । अनन्त र गोपी सुकरातकोमा गएर गफ गरिरहेका बेला पूर्वीपहाडको एउटा सदरमुकाम माओवादीले हानेको समाचार अनन्तले पढ्छ र सबैलाई सुनाउँदछ । यहाँ केही पनि नहुने रहेछ अब विदेश जानु पर्‍यो भनेर अनन्तले सुकरातलाई भन्छ । सुकरातले विदेश जाने भए पैसा दिने कुरा गर्छ । दुवै कोठा फर्किन्छन् । कोठामा पुगेर गोपीले दोस्रो वर्षको परीक्षापश्चात् चितवन जाने कुरा गर्छ र त्यहाँ निशा पनि आएकी हुन्छे । तीनै जनाले केही बेर गफ गर्छन् र आआफ्ना कोठातिर लाग्छन् ।

एक दिन बिहान विक्रम अनन्तको डेरामा आउँछ । विक्रमले आफूले म्यानपावर खोलेको र त्यसै म्यानपावरमार्फत् तिमीलाई विदेश पठाइदिनुपर्‍यो भनेर आएको भन्ने कुरा अनन्तसँग गर्छ । गोपीसँग सल्लाह माग्दा गोपीले पनि अनन्तलाई विदेश जाने सल्लाह दिन्छ र अनन्तले सुकरातबाट पैसा मागेर विक्रमलाई दिन्छ ।

पूर्णिमाले अर्को पत्र पठाउँछे । पत्रमा गाउँको समाचार आफू उत्तीर्ण हुन नसकेको कुरा लेखेकी हुन्छे । अनन्त पत्र पढेर दुःखित बन्दै प्रत्युत्तरमा विक्रम काकाको कम्पनीमार्फत् सुकरातका पैसाबाट विदेश जान लागेको कुरा लेखेर पठाउँछ । अनन्तका गाउँले चित्राखर, भक्तमान र ऊ विदेश जाने तरखरमा हुन्छन् । त्यतिबेला नै इराक हत्याकाण्ड मच्चिन्छ । नेपालका सबै म्यानपावर खरानीमा परिणत हुन्छन् । उनीहरू सबैको पैसा डुब्छ । चित्राखर र भक्तमान आत्महत्या गर्छन् भने अनन्त निराशावादी भएर डुल्न थाल्छ ।

सुकरातले नीलासँग आत्मिक सम्बद्ध गाँस्छ । सम्बन्धपश्चात् सुकरातकोमा अनन्त त्यति जाँदैन । एक दिन अनन्तले 'विकट पहाडमा सैन्य गतिविधि नामक' लेख

पढ्छ त्यो लेखमा पूर्णिमाको मृत तस्वीर देख्छ । यो समाचार पढेपछि अनन्त बहुलाजस्तो हुन्छ । पूर्णिमालाई बारम्बार सम्झिन्छ । यही समयमा अनन्त बिरामी पनि पर्छ । बिरामीबाट उठेपछि शनिबार अनन्त सुकरात सरकोमा जान्छ । नीला नभएकीले उनीहरू त्रि. वि. को जङ्गलमा आएर गफ गर्छन् । अनन्तले सुकरातसँग आत्महत्या गर्ने विचार व्यक्त गर्दछ । सुकरातले अनन्तलाई सम्झाउँछ र दुवै आआफ्ना कोठातिर लाग्छन् । कोठामा आउँदा अनन्तको गोपीसँग भेट हुन्छ । निशा पनि गोपीका साथमा आएकी हुन्छे । गोपीले आफू चितवन जाने तरखरमा लागेको बताउँछ । गोपीले अनन्तलाई पनि सँगै जाऔँ भन्छ तर अनन्त मान्दैन । गोपी कोठातिर लाग्छ भने निशाले अनन्तलाई कोठा सरौँ भन्छे । अनन्तले एउटा डरलाग्दो कोठा सर्न लागेको कुरा गर्छ । बेलुका अनन्तले गोपीलाई कोठामा बोलाएर संसारमा आत्महत्या गरेर मर्ने व्यक्तिहरूको नाम सोध्छ तर गोपीले अनन्तलाई उल्टै सम्झाउँछ । निराशावादतिर प्रवृत्त भएको अनन्तले संसारका प्रसिद्ध आत्महत्या गर्ने व्यक्तिहरूको कहानी पढ्न थाल्छ । गोपी निशालाई अनन्तको रेखदेख गर्नु भन्दै चितवन जान्छ । पढ्दै जाँदा अनन्तले आत्महत्या नै ठीक रहेछ भन्दै एक दिन आत्महत्या गर्छ । उपन्यासकारले अनन्तको आत्महत्यालाई मञ्चमा नदेखाएर सुकरातमार्फत् सङ्केतका रूपमा मात्र प्रस्ट पार्दै उपन्यासको कथा समाप्त गरेका छन् ।

यसरी कथावस्तु संरचित भएको प्रस्तुत उपन्यास वृत्तचित्रीय वा समाचारचित्रीय ढाँचामा आबद्ध भएको छ । कथानक कुनै फिल्मजस्तै सरर अगाडि बढेको छ । जसरी फिल्ममा घटना र वस्तुसत्य अनि प्रसङ्ग र वास्तविक दृश्यसँगसँगै चल्दै र बग्दै जान्छ । त्यसरी नै उपन्यासमा द्वन्द्व, आतङ्क, बन्द, कुटाइ, अङ्गभङ्ग, म्यानपावरको ठगी, सुरक्षाकर्मी र आतङ्ककारीको मार आदि सन्दर्भहरू वृत्तचित्रमा रिल घुमेझैँ प्रस्तुत भएका छन् । अनन्त आशावादी भएर जीवनमार्ग खोज्नका लागि काठमाडौँ आउनु र काठमाडौँ आएर कतै पनि सफलता प्राप्त नभएपछि निराशावादी भई आत्महत्यातिर संलग्न रहनुजस्ता दुई स्वतन्त्र आख्यानात्मक घटनाबाट प्रस्तुत उपन्यास

संरचित भएको पाइन्छ । द्वन्द्व र क्रियाको उचित संयोजनले कथावस्तु सुसङ्गठित देखिन्छ भने कथानकीय आङ्गिक विकासका दृष्टिले आदि, मध्य र अन्त्यको क्रमिक ढाँचामा कथावस्तु आबद्ध भएको छ ।

## ग) सहभागी

विनिर्माणवादी पद्धति र उत्तरआधुनिकवादी पद्धति अपनाएर चरित्रहरूको निर्माण गरिएको प्रस्तुत **सुकरातका पाइला** उपन्यासलाई सहभागीका दृष्टिले कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गरेर हेर्न सकिन्छ । यस आधारमा उत्तरआधुनिकवादी चिन्तन अपनाएर प्रस्तुत उपन्यासको प्रमुख पात्र अनन्तको चरित्रचित्रण गरिएको छ । विनिर्माणवादी पद्धतिअनुसार अर्को पात्र सुकरातको चरित्र उपस्थापन गरिएको छ । यो पात्र पनि प्रस्तुत उपन्यासको अर्को प्रमुख पात्र हो । त्यस्तै उत्तरआधुनिक चिन्तनमै केन्द्रित अर्की उपन्यासकी स्त्री पात्र पूर्णिमा पनि यस उपन्यासकी प्रमुख नारी पात्र हो । गोपी र विक्रम उपन्यासमा सहायक पात्रका रूपमा देखिएका छन् भने चित्राखर, भक्तमान, सोफिया, तृष्णा, नीलिमा, प्रहरी, डेभिड, रणसङ्ग्राम, आन्दोलनकारी, म्यानपावरको हाकिम, म्यानपावरमा भएका अन्य पीडित व्यक्तिहरू, कीर्तिपुरका विद्यार्थी आदि पात्रहरू यस उपन्यासका गौण पात्रहरू हुन् ।

## घ) परिवेश

**सुकरातका पाइला** उपन्यासको स्थान नेपालको कुनै पहाडी भूभागको नर्फोक (कल्पित) गाउँदेखि लिएर काठमाडौँका विभिन्न ठाउँहरू रहेका छन् । उपन्यासमा नेपालको परिप्रेक्ष्यमा दसबर्षे जनयुद्धको समयमा घटेका घटनाहरूलाई समेटिएको छ । दसबर्से जनयुद्धमा भएका नेपालका आन्दोलन, युद्ध र क्रान्ति, त्यस क्रान्तिले राजनीतिमा आएको अस्थिरता, त्रि. वि. मा पलाएको विद्यार्थी राजनीति एवम् माओवादी पार्टीका आतङ्कका घटनाहरू यस उपन्यासमा समेटिएका छन् । उपन्यासमा प्रयुक्त भएका पात्रहरूको कार्यस्थल यिनै स्थान र घटनाहरूसँग सम्बन्धित रहेका छन् ।

अनन्तको कार्यस्थल नर्फोक गाउँदेखि लिएर काठमाडौँका विभिन्न ठाउँहरू रहेका छन् भने सुकरातको कार्यस्थल काठमाडौँको कीर्तिपुरस्थित त्रि. वि. रहेको छ । पूर्णिमाको कार्यस्थल नर्फोक गाउँ रहेको छ । गोपी, विक्रम आदिको कार्यस्थल काठमाडौँका विभिन्न स्थानहरू रहेका छन् । यसरी अधिकांश पात्रहरूको कार्यस्थल काठमाडौँ रहेको छ ।

प्रस्तुत उपन्यासको वातावरण चाहिँ भयावह देखिन्छ । जताततै आतङ्क, युद्ध र हिंसा आदिको चित्रण उपन्यासमा ज्वलन्त रूपमा प्रस्तुत गरिएको छ । अनन्त काठमाडौँ पस्ने बित्तिकै युद्धमा होमिएको छ र ऊ आन्दोलनकारी भएर सडकमा ढुङ्गा हान्न पुगेको छ । यो आन्दोलन रोकिएको लगत्तै इराक हत्याकाण्डले अर्को बबन्डर मच्चाइदिन्छ । गाउँमा माओवादी र सेनाको दोहोरो युद्ध चलिरहन्छ । त्रि. वि. मा विद्यार्थी आन्दोलन मच्चिन्छ, । युद्ध र आतङ्कमा रुमिलिएका नेपाली जनताले एक छाक सुखसँग खान पाएका छैनन् । एक निद्रा मीठोसँग सुत्न पाएका छैनन् । जताततै युद्ध र आतङ्कले सन्त्रासमय वातावरणमा नेपाली जनताले जीवनयापन गर्न बाध्य हुनुपरेको परिस्थितिको चित्रण प्रस्तुत उपन्यासमा रहेको छ । यसरी यस उपन्यासको वातावरण क्रान्तिमय बनेको छ ।

### ङ) उद्देश्य

उत्तरआधुनिक चिन्तन, विनिर्माणवादी शैली र स्वाभाविक औपन्यासिक पद्धतिलाई आत्मसात् गरी रचना गरिएको प्रस्तुत उपन्यासले दसबर्षे जनयुद्धको यथार्थलाई वृत्तचित्रीय रूपमा प्रस्तुत गरेको छ । राजनीतिक अस्थिरताले जन्माएको विसङ्गतिबोधको पराकाष्टालाई प्रस्तुत उपन्यासका माध्यमबाट उपन्यासकारले व्यक्त गरेका छन् । युद्ध, आतङ्क र आन्दोलनले नेपाली जनताको जीवन भोगाइ कष्टकर बन्दै गइरहेको छ । देशको राजनीतिक सत्ताखेलको होडबाजीले युवाजगत्मा पारेको प्रभाव र त्यस प्रभावबाट जन्मेको विसङ्गतिबोधलाई अनन्तका माध्यमबाट

उपन्यासकारले प्रस्तुत गरेका छन् । गाउँगाउँमा माओवादी जनयुद्धले जन्माएको पीडालाई खप्न नसकेर नेपाली जनताले मृत्युवरण गर्नु परेको तीतो यथार्थलाई उपन्यासमा चित्राखर र भक्तमानका माध्यमबाट प्रस्ट पारिएको छ । गाउँका सोझासाझा जनतालाई अनेक यातना दिई निसंश हत्या गरेका छन् माओवादीले । जीवन बचाउनाका निम्ति भए पनि ती सोझा जनताले काँधमा बन्दुक लिएर हिँड्नु परेको बाध्यात्मक यथार्थ परिस्थितिलाई पूर्णिमाका माध्यमबाट उपन्यासकारले प्रष्ट पारेका छन् ।

वर्तमान नेपालको प्ररिप्रेक्ष्यमा शिक्षामा हुन थालेको विद्यार्थी राजनीतिलाई पनि उपन्यासमा ययार्थ रूपमा प्रस्तुत गरिएको छ । विश्वविद्यालयको नियमको उल्लङ्घन गर्दै विद्यार्थीहरूले विश्वविद्यालयलाई राजनीति गर्ने थलोका रूपमा विकास गरिरहेको यथार्थलाई पनि उपन्यासले छर्लङ्ग पार्दछ । गुरु भनेका विद्यार्थीहरूलाई सही मार्गमा प्रवृत्त गराउने मार्गदर्शक हुन् । ती गुरुहरूलाई आजका विद्यार्थीले गुरु नमानेर एउटा शोषकका रूपमा हेर्न थालिसकेका छन् भन्ने कुरालाई पनि उपन्यासले स्पष्ट्याएको छ । त्रि. वि. मा सेवारत प्राध्यापकहरूको विवशता र बाध्यता अनि उनीहरूले जीवनभरमा पनि आफ्नो भविष्य सुनिश्चित गर्न नसकेको अवस्थालाई उपन्यासकारले सुकरातको चरित्रबाट स्पष्ट पारेका छन् । काठमाडौँमा विदेश लानका लागि खोलिएका म्यानपावरहरूको छवि अनि त्यस म्यानपावरमा काम गर्ने कर्मचारीहरूको व्यवहारलाई पनि प्रस्तुत उपन्यासले यथार्थ रूपमा प्रस्तुत गर्न सफल भएको छ ।

समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासको उद्देश्य वर्तमान समयमा नेपाली जनताले भोग्नु परेको पीडा, दुःख, कष्ट तथा ती पीडाले जन्माएका समस्या, विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्नु हो । देशमा राजनीतिको अस्थिरता, यस अस्थिरताले जन्माएको बेरोजगारी समस्या, त्रि. वि. को विद्यार्थी राजनीति, त्रि. वि. कर्मचारी तथा प्राध्यापकहरूको विवशता, माओवादी जनयुद्धले जन्माएको त्रास, बेरोजगारी समस्याले युवाजगत्मा उब्जेको विसङ्गति, वर्तमान समयको शिक्षाप्रणाली,

जनयुद्धका त्रासका कारण नेपाली जनताले आत्महत्या रोज्न बाध्य हुनुको पीडा आदि पक्षहरूलाई यथार्थिक रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ । यी समस्याहरूले वर्तमान नेपालको परिस्थिति दुःखद् अवस्थामा गुज्रिरहेको छ । यी समस्याहरूको निराकरण नखोजिए भोलिको नेपालको भविष्य अन्धकारतिर धकेलिँदै गइरहेको छ । सम्पूर्ण नेपाली जनताले मृत्युवरण रोज्ने बाध्यात्मक परिस्थितिको सिर्जना हुनेछ । त्यसैले यस्ता राष्ट्रिय विकृति तथा विसङ्गतिहरूलाई सच्याएर भोलिको नेपालको भविष्य एउटा स्वच्छ फूलबारीमा देख्न पाइयोस् भन्ने प्रस्तुत उपन्यासको मूल सन्देश हो ।

## च) दृष्टिबिन्दु

यस उपन्यासका सम्पूर्ण कथानकको कथयिता स्वयम् लेखक हुन् र उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका देखिन्छन् । सबै पात्रका मनका भावना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई आफैँ टिप्पणी तथा विश्लेषण गर्ने भएकाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वज्ञ (सर्वदर्शी) दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासका माध्यमबाट नेपालको दसबर्षे जनयुद्धले जन्माएको देशको आर्थिक, समाजिक, सांस्कृतिक राजनैतिक, शैक्षिक, प्रशासनिक अवस्थालाई यथार्थ रूपमा देखाउनु र यी क्षेत्रमा आएको विकृतिले नेपाली समाजको दुर्दशाको चित्रण गर्नु नै यस उपन्यासको मूल कथ्य हो ।

## छ) भाषाशैलीय विन्यास

सुकरातका पाइला उपन्यासको भाषाशैलीय विन्यासलाई केलाउँदा उपन्यासको भाषा ज्यादै सरल र सपाट छ । जस्तो खबरको सरल र सपाट भाषा हुन्छ ठीक त्यस्तै भाषाको प्रयोग यस कृतिमा भएको छ । सरल र सपाट भएर पनि प्रभावकारिता हुनु

भाषाप्रयोगको एउटा ठूलो विशेषता हो र यो विशेषता यस उपन्यासको भाषाप्रयोगमा पाइन्छ । प्रस्तुत उपन्यासमा चलनचल्तीमा रहेका तत्सम, तद्भव, आगन्तुक भाषाका शब्दहरूको प्रयोग गरिएको छ भने कतैकतै क्रियाविहीन वाक्यहरूको प्रयोग पनि गरिएको छ । मुस्ला, सद्दे, छ्याङ्गै, कुद्यै, पुर्लुक्क, ग्वाली, झुप्पो आदिजस्ता नेपाली झर्रा शब्दहरूको प्रयोगका साथै क्यासेट, स्टर्लिङ्ग, पाउन्ड, ब्याज, गो, डेस्टिनी, एन्ड, होस्टेल, डायरी, नोट, इनोमिक, अदर, स्टोरिज् आदिजस्ता अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरूको प्रयोग उपन्यासमा जतातत्तै देखिन्छ । भट्टराईले यो उपन्यासलाई डरलाग्दो जीवन्तता, देशलाई हेर्ने आँखा टिप्नु, प्लेटोको उडान, अव्यवस्थाको लस्कर, सिद्धान्तको काँचो भारी बोकेर हिँड्नेहरू, कृष्णविवर, ब्ल्याकहोल, खाडल, वायुमण्डल, लालुपाते आदिजस्ता प्रतीकको प्रयोगका माध्यमबाट भाषालाई विशिष्टता प्रदान गरेका छन् । प्रस्तुत उपन्यासमा दिइएका शीर्षकहरू अर्थसम्प्रेषणका दृष्टिले दूरगामी र बहुस्तरीय रहेका छन् । अत्यन्त जटिल विषय र कठिन राष्ट्रिय अनुभूतिहरूलाई औंधी सरल भाषामा अभिव्यक्ति दिन सक्नु यस उपन्यासको उल्लेखनीय विशेषता हो । उपन्यासमा पत्रात्मक शैली र समाचारीय शैली अपनाइकाले पत्र र समाचारको ढाँचालाई पनि प्रस्तुत उपन्यासको भाषाले आत्मसात् गरेको छ । उपन्यास पढ्दै जाँदा पाठक उपन्यासका घटनाहरूमा एकाकार भएर आफू पनि घटनामै समाहित भएको छु कि भन्ने भान पर्छ । सरल भाषामा घटनाका दृश्यहरूलाई जस्ताको तस्तै बिम्बका रूपमा उपस्थापित गरेर भट्टराईले यस उपन्यासमा स्थापना गरेका छन् । युद्ध, आतङ्कको भयावह चित्रण गर्दा त्यहाँ प्रयोग हुने बन्दुक, डन्ठा, लाठी, मुङ्ग्री आदि शब्दहरूको प्रयोगले उपन्यास जीवन्त बनेको छ । सुकरातको दर्शनमा दार्शनिक भाषाको प्रयोगले पात्रको स्तरअनुसारको भाषाप्रयोग पनि प्रस्तुत उपन्यासमा भट्टराईले गरेका छन् । यिनै विशेषताले गर्दा प्रस्तुत उपन्यासको भाषाशैलीय विन्यास उत्कृष्ट रहेको छ ।

# छैटौँ परिच्छेद

## उपसंहार

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईको जीवनी पक्षबारे चर्चा गरिएको छ । गोविन्दराज भट्टराईको जन्म वि. सं. २०१० साउन १० गते पाँचथर जिल्लाअन्तर्गत फलैँचा गा. वि. स. मा भएको हो । बाबु टेकनाथ र आमा मन्दोदरा भट्टराईका सातभाइ छोरामध्ये यिनी साहिँला छोरा हुन् । यिनको बाल्यकाल जन्मस्थान पाँचथरको फलैचा, च्याङ्थापु र फेवाखोलाका विभिन्न स्थानहरूको वातावरणसँग खेल्दै बितेको देखिन्छ । पौडी खेल्नु, ऐँसेलु खानु, उफ्री खेल्नुजस्ता रमाइला खेल खेल्दै र घरपरिवारका काम गर्दै उनले बाल्यकाल बिताएका थिए । गोविन्दराज भट्टराईले अक्षराम्भदेखि सामान्य लेखपढ आफ्ना हजुरबा शिवनिधि भट्टराईबाट गरेका थिए । हजुरबाबाट बाह्रखरी सिकेपछि घरनजिकैको गढीस्थित हरिमिडिल स्कुलबाट सातसम्मको अध्ययन गरेका भट्टराईले माध्यमिक तहको शिक्षा झापा घैलाडुब्बास्थित श्री आदर्श मा. वि. बाट गरेका थिए । २०२६ सालमा भट्टराईले द्वितीय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेका थिए । २०२८ मा बनारसबाट द्वितीय श्रेणीमा आई. ए. उत्तीर्ण गरे । भट्टराईले त्रिभुवन विश्वविद्यालयबाट २०३१ सालमा द्वितीय श्रेणीमा बी. एड्. र २०३४ सालमा व्यक्तिगत रूपमा द्वितीय श्रेणीमा बी. ए. पनि उत्तीर्ण गरे । उनले २०३७ सालमा त्रिभुवन विश्वविद्यालयबाटै स्नातकोत्तर तह (एम्. एड्. र एम्. ए.) द्वितीय श्रेणीमा उत्तीर्ण गरे । भट्टराईले २०५४ सालमा हैदरावाद विश्वविद्यालयबाट अनुवाद विज्ञानमा विद्यावारिधिको उपाधि हासिल गरे ।

अत्यन्त सरल र मिजासिलो स्वभावका गोविन्दराज भट्टराई त्यत्तिकै इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्दछन् । २०३२ सालमा हिमालय माध्यमिक विद्यालयमा अध्यापन गराएका भट्टराईले केही समय धर्मस्थली माध्यमिक विद्यालय, काठमाडौंमा समेत अध्यापन गराएको देखिन्छ । यसरी अध्यापन गराउँदै आएका भट्टराई २०३८ सालमा त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र अङ्ग्रेजी विभागको उपप्राध्यापक पदमा नियुक्त भए । धनकुटा क्याम्पसमा नियुक्ति पाएका भट्टराईले काजमा दमक क्याम्पसमा एक वर्ष प्राध्यापन गरे भने पुनः धनकुटा क्याम्पसमा २०४७ सालसम्म प्राध्यापन गरेका थिए । त्यसपछि कीर्तिपुरस्थिति त्रिभुवन विश्वविद्यालयमा सरुवा भएका भट्टराई शिक्षाशास्त्र अङ्ग्रेजी विभागको प्राध्यापक भएर कार्य गर्दै आएका छन् । २०२६ सालदेखि शिक्षण पेसामा लागेका भट्टराईले २०५५ सालमा शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागको प्रशासनिक सेवा पनि समालेका थिए । त्यसैगरी २०५७ सालमा शिक्षाशास्त्रको विभाग भएर पनि कार्य गरे भने भट्टराई वर्तमान समयमा २०६० सालदेखि शिक्षाशास्त्र सङ्कायअन्तर्गतको सहायक डीनको उच्च पदमा रही कार्य गरी सकेका छन् ।

यसै परिच्छेदअन्तर्गत गोविन्दराज भट्टराईको व्यक्तित्वको चर्चा गरिएको छ । भट्टराईका व्यक्तित्वका पाटाहरूको अध्ययन यस शीर्षकमा गरिएको छ । भट्टराईको स्रष्टा व्यक्तित्व कवि, आख्यानकार र निबन्धकारका रूपमा फैलिएको छ भने द्रष्टा व्यक्तित्व समालोचक, अनुवादक, भूमिकालेखक र सम्पादकका रूपमा रहेको छ । साहित्येतर व्यक्तित्वअन्तर्गत शिक्षक-प्राध्यापक, प्रशासक, शोधनिर्देशक र समाजसेवक आदिको रूपमा चर्चित रहेको छ ।

**तेस्रो परिच्छेद**अन्तर्गत उपन्यासको सैद्धान्तिक पक्षलाई राखिएको छ । १८२७ मा **महाभारत विराटपर्व**बाट थालिएको उपन्यासको विकासक्रम हालसम्म तीन चरण पार गरिसकेको छ । वि. सं. १८२७ देखि १९४५ सम्म प्राथमिक काल, वि. सं. १९४६ देखि

१९९० सम्म माध्यमिक काल र वि. सं. १९९१ देखि हालसम्म आधुनिक काल गरी उपन्यासकारहरूले विभाजन गरेका छन् । आधुनिक कालअन्तर्गत आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोविश्लेषणात्मक, विसङ्गतिवादी, अस्तित्ववादी, समाजवादी यथार्थवादी, नवचेतनामूलक/उत्तरआधुनिक जस्ता विभिन्न धाराहरू रहेका छन् । यी धाराहरूका प्रवृत्तिहरूलाई पनि सङ्क्षिप्त रूपमा यस परिच्छेदमा राखिएको छ ।

**चौथो परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईको उपन्यास यात्राको निरुपण गरिएको छ । सर्वप्रथम २०३१ सालमा **गोरखापत्र** पत्रिकाबाट 'नदीका दुई किनारा' शीर्षकको कथामार्फत् लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईको उपन्यास यात्रालाई उपन्यासमा प्रयुक्त विषयवस्तु, प्रवृत्तिका आधारमा २०३१-२०३४ सम्म पहिलो चरण २०३४ देखि २०६३ सम्म दोस्रो चरण गरी दुई चरणमा अध्ययन गरिएको छ । पहिलो चरणमा उनले सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित भई **मुगलान** (२०३१), **मणिपुरको चिट्ठी** (२०३४) उपन्यासहरूको रचना गरेको देखिन्छ भने उत्तर आधुनिक शैलीमा दोस्रो चरणमा एउटा मात्र **सुकरातका पाइला** (२०६३) उपन्यास रचना गरेको देखिन्छ ।

**पाँचौं परिच्छेद**मा उनको **मणिपुरको चिट्ठी** उपन्यासको विस्तृत विवेचना र अन्य उपन्यासको परिचय दिइएको छ । प्रस्तुत उपन्यासमा वर्तमान समयमा नेपाली जनताले भोग्नु परेको पीडा, दु:ख, कष्ट तथा ती पीडाले समाजमा जन्माएका समस्या, विकृति र विसङ्गति तथा जातीय विभेदलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी नेपाली समाजमा पुरुषले नारीमाथि गर्ने शोषणलाई उतारिएको छ ।

गोविन्दराज भट्टराईको पहिलो **मुगलान** उपन्यास सामाजिक यथार्थवादमा आधारित भई लेखिएको छ । नेपालको पहाडी मुलुकदेखि भारतका विभिन्न क्षेत्रहरूको वातावरणमा यो उपन्यास लेखिएको छ । खासगरी २०३१ सालतिरको परिवेश र तत्कालीन समयमा युवाहरूले प्रवास क्षेत्रमा भोग्नुपरेका पीडालाई यसमा प्रस्तुत

गरिएको छ । उनको दोस्रो उपन्यासका रूपमा प्रस्तुत **मणिपुरको चिट्ठी**मा नेपाली समाजमा पुरुषले नारीमाथि गर्ने शोषणलाई उतारिएको छ ।

**छैटौँ परिच्छेद**मा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा उनका यी उपन्यासहरूले नेपाली साहित्यमा सामाजिक यथार्थवादी एवम् नवचेतनामूलक सौन्दर्यचेतनालाई उदाहरणीय रूपमा प्रस्तुत गरेका छन् । भट्टराईले आख्यानका माध्यमबाट नेपालका शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई छर्लङ्ग्याउन सफल भएका छन् । सिर्जनाप्रतिभा भएका भट्टराईले नेपाली आख्यानसाहित्यमा आफूलाई सामाजिक यथार्थवादी एवम् नवचेतनावादी लेखकका रूपमा स्थापित गराउँदै आफ्नो आख्यानकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् । उनको आख्यानको भाषा सरल, सहज र सुबोध रहेको छ ।

# सन्दर्भग्रन्थसूची

## (क) पुस्तक तथा शोधग्रन्थसूची


अवस्थी, महादेव (सम्पा.), **नेपाली कथा भाग २**, संशोधित खण्ड, ललितपुर : साझा प्रकाशन, २०६५

उपाध्याय, केशवप्रसाद, "मोतीरामको व्यक्तित्व र योगदान", **मोतीस्मृति ग्रन्थ,** काठमाडौँ : नेपाली शिक्षापरिषद्, २०३९ ।

........................., **साहित्यप्रकाश**, पाँचौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०४९ ।

कोइराला, विश्वेश्वरप्रसाद, **आफ्नो कथा**, काठमाडौँ : चेतना साहित्य प्रकाशन, २०४० ।

गेरौला, वाचस्पति, **संस्कृत साहित्यको इतिहास**, चौ. सं., वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९१ ।

चापागाईँ, निनु, **यथार्थवादी रचना : दृष्टि र विवेचना**, दिल वरदान-महिम चापागाइँ : २०५१, पृ. ७३ ।

जोशी, डा. कुमारबहादुर, **पाश्चात्य साहित्यका प्रमुख केही वाद**, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., २०३८, पृ. १९ ।

दाहाल, सागरमणि, **गोविन्दराज भट्टराईको उपन्यासकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६७ ।

दुबे चन्द्रशेखर, **नेपाली साहित्य : एक सर्वेक्षण,** मणिपुर : ज्योति प्रकाशन, २०३८ ।

लुइटेल, ईश्वर, **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, इलाम, २०६७ ।

नेपाल, वीरेन्द्र, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६४ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०४९ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, ते. सं., काठमाडौं : साझा प्रकाशन, २०५२ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन, २०४० ।

फिसर, अर्न्स्ट, **कलाकी जरुरत**, नई दिल्ली : राजकमल प्रकाशन, ई. १९९० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, काठमाडौं : साझा प्रकाशन, २०५६ ।

बराल, ईश्वर (सम्पा.), **झ्यालबाट**, (पाँ. सं.,), ललितपुर : साझा प्रकाशन, २०४८ ।

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद, (सम्पा.), **नेपाली कथा भाग ३**, ललितपुर : साझा प्रकाशन, २०६५ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

बेन्टन बिलियम र हेलेन हेभिङ्वे बेन्टन, संम्पा., **द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**, भाग १३, शिकागो : द युनिभर्सिटि अफ शिकागो, कपीराइट, ई. १९८१ ।

बोगटी, रामबहादुर, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६२ ।

भट्टराई, गोविन्दराज, **मणिपुरको चिट्ठी**, काठमाडौं : साझा प्रकाशन, २०३४ ।

.................. , **मुगलान,** चौ सं., काठमाडौं : रत्न पुस्तक भण्डार, २०६० ।

..................... , **सुकरातका पाइला**, काडमाडौं : रत्न पुस्तक भण्डार, २०६३ ।

रांग्रा, रणवीर, **हिन्दी साहित्यको चरित्रचित्रणका विकास**, दिल्ली : भारती साहित्य मन्दिर, ई. १९६१ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

.................... , **आधुनिक नेपाली समालोचना**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५७) ।

वर्मा, धीरेन्द्र (सम्पा.), **हिन्दी साहित्यकोश भाग १,** वाराणसी : ज्ञानमण्डल लिमिटेड, ई. १९८५ ।

वाइज बाटर, विलियम र एलिजाबेथ जे. सटउड (सं) **कोलम्बिया इन्साइक्लोपिडिया**, न्युयोर्क : कोलम्बिया युनिभर्सिटि प्रेस, ई १९५६ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, चौ. सं., काठमाडौँ : अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान**, (काठमाडौँ : ने. रा. प्र. प्र., २०४८ ।

................ , **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने. रा. प्र. प्र. २०५५ ।

.................. , **कथाको विकासप्रक्रिया**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल, शोधविधि, ते. सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र, **नेपाली कविता र आख्यान**, काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

श्रेष्ठ, दयाराम, **नेपाली साहित्यकोश**, काठमाडौँ : ने. रा. प्र. प्र., २०५५ ।

.................., (सम्पा.), **नेपाली कथा भाग ४**, ललितपुर : साझा प्रकाशन, २०५७ ।

..................., **पच्चीस वर्षका नेपाली कथा**, काठमाडौँ : ने. रा. प्र. प्र., २०३९ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३४ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन, २०५१), पृ. १ ।

..................., **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो. सं., काठमाडौँ : साझा प्रकाशन, २०६४ ।

हाडा, सीता, **हिन्दी आख्यायिका विकास**, दिल्ली : आत्माराम एन्ड सन्स, ई. १९७८ ।

## (ख) पत्रिकासूची

कोइराला, कुमारप्रसाद, 'गरिमा साक्षात्कार', **गरिमा**, (वर्ष-२४, अङ्क-९, २०६३) ।

**गोरखापत्र**, (साउन- ३, २०३२) ।

देवकोटा, लक्ष्मीप्रसाद, 'छोटो किस्सा', **शारदा**, (नववर्षाङ्क, वैशाख, १९९९), पृ. १२० ।

**युगभाषा**, (स्याङ्जा : पूर्णाङ्क-९, २०३२ ।

शर्मा, मोहनराज 'नौलो औपन्यासिक पाइलो : सुकरातका पाइला', **गरिमा**, (वर्ष-२५, अङ्क-४, पूर्णाङ्क-२९२, २०६३) ।

**समीक्षा**, (वर्ष-१६, पूर्णाङ्क-३०, २०३२) ।

**साहित्य सागर,** (वर्ष-७, अङ्क-१, २०६१) ।